# आवधिक गाउँ विकास योजना

(आ.व (२०७५/०७६- २०७९/२०८०)

# ईस्मा गाउँपालिका

## ईस्मा गाउँ कार्यपालिकाको कार्यालय

## ईस्मा, गुल्मी

## २०७५

**प्रकाशक**
ईस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, ईस्मा, गुल्मी

**ईमेलः** ismaruralmunicipality@gmail.com

**वेवसाइटः** www.ishmamun.gov.np

**प्रकाशन वर्षः** २०७५, श्रावण

**सर्वाधिकारः** ईस्मा गाउँपालिकाको कार्यालय

**लेखन तथा सम्पादनः** दामोदर भण्डारी - सुशासन विज्ञ र
जगन्नाथ अधिकारी - योजना विज्ञ

**सहयोगी संस्थाः** डेभलपमेण्ट इनिसिएसन नेपाल प्रा.लि., नयाँ बानेश्वर, काठमाडौं

**मुद्रणः** स्काई प्रेस प्रा.लि., बिजुलीबजार, काठमाडौं

गोकर्ण विष्ट
मन्त्री
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

नेपाल सरकार
नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय निजि सचिवालय सिंहदरबार

पत्र संख्या :-

च.नं.:-

निजी सचिवालय
सिंहदरवार, काठमाडौं

फोन नं. : ९७७-१-४२११७९४/४२११९५९
फ्याक्स : ९७७-१-४२११८७७
Website : www.mole.gov.np

मिति:२०७५।०४।१५

## शुभकामना

इस्मा गाउँपालिकाले पाँच वर्षे आवधिक योजना निर्माण गर्न लागेको जानकारी पाउदा खुशी लागेको छ । स्थानीय तहले सहभागितामुलक योजना तर्जुमा पद्दतीलाई अवलम्बन गर्दै स्थानीय जनताका चाहाना र आवश्यकता तथा उपलब्ध साधन र स्रोत बीच तादाम्यता कायम हुने गरी विकासका लाभहरुको समानुपातिक र समन्यायीक वितरणको व्यवस्था मिलाउनु पर्छ । योजनाको तर्जुमा, कार्यन्वयन, अनुगमन र मूल्यांकन गर्दा विकासको नतिजा र यसको प्रभावलाई आम नागरिकले महशुस गर्न सक्ने किसिमको वनाउनुपर्छ ।

आवधिक योजना विकासको खाका र मार्गदर्शन तय गर्ने दस्तावेज हो । यसको प्रभावकारी कार्यन्वयन गर्न स्थानीय सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र र सवै सरोकारवालाको महत्वपूर्ण भूमिका रहन्छ । दीर्घकालिन एवं रणनीतिक महत्वका पूर्वाधार विकास, सामाजिक विकास र समष्टिगत आर्थिक स्थायित्वका लागि नीति निर्माण गर्ने र कार्यान्वयन वातावरणको व्यवस्था गर्ने जिम्मेवारी स्थानीय सरकारले लिनु पर्दछ । उद्योग, व्यापार, व्यवसायिक उद्यमशिलता र आर्थिक विकासमा निजी क्षेत्र क्रियाशिल रहनु पर्दछ । स्थानीय साधन, स्रोत, सीप र पुजिको परिचालन तथा उपयोगमा सहकारी क्षेत्रले भूमिका निर्वाह गर्नुपर्दछ । यसरी विकासका सवै साझेदारहरुको सामुहिक सहभागिता र स्वामित्वभावले मात्र विकासको उपलव्धि हासिल हुने कुरामा विश्वस्त हुन सकिन्छ ।

अन्तमा, प्रस्तुत आवधिक योजनाले इस्मा गाउँपालिकालाई नमूना गाउँपालिकाको रुपमा परिणत गर्नेतर्फ अभिप्रेरित गर्न सकोस भनि सफलताको शूभकामना व्यक्त गर्दछु ।

गोकर्ण विष्ट
मन्त्री
श्रम,रोजगार तथा सामाजिक सुरक्षा

मो.नं.: ९८५११३१४७१, Email: gokarnabista471@gmail.com

# जिल्ला समन्वय समिति,गुल्मी

तम्घास

५ नं. प्रदेश, नेपाल

मिति : २०७५/०४/१५

## शुभकामना

नेपाली जनताको लामो समयको वलिदानी संघर्ष र चाहना बमोजिम हामीले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गर्न सफल भएका छौ । हामी सवैको लागि यो अन्यन्त खुसीको कुरा हो । लामो समयको संक्रमणकाल र राजनितिक उतारचढावले हामीलाई आफ्ना सामाजिक आर्थिक परिवर्तनको दिसामा अघि बढ्न दिएको थिएन । जनताले निर्वाचित जनप्रतिनिधिको रिक्तताको अभावलाई लामो अन्तरालपछि भएको स्थानीय, प्रदेश र संघीय सरकारको निर्वाचनवाट पुर्ति भएको महसुस गरेका छन् । जनताको उर्लदो चाहनाको सम्वोधन सिमिति साधन र श्रोतवाट सम्भव हुन अनेकौं कठिनाइहरु पार गर्नु पर्दछ । हामी एकातिर अधिकारको कुरा गरिरहदा आफुले निर्भाह गर्नु पर्ने कर्तव्य प्रति अनभिज्ञ जस्तो सम्झने गर्दछौ । वास्तवमा अधिकार र कर्तव्य एक अर्काका परिपुरक हुन् । अधिकार सम्पन्न स्थानीय सरकार अहिले हाम्रो घर दैलोमा आइपुगेको छ । यस्तो अधिकार सम्पन्न सरकार भएको समयमा हामीले सिमित साधन स्रोतको अधिकतम परिचाल गरि दिगो र ठोस देखिने खालको गुणस्तरीय काम गरेर देखाउन सकेनौ भनि तथा पारदर्शि काम गर्न सकेनौ भनि हामीले प्राप्त गरेको सवै अधिकार गुम्न सक्छ । त्यसैको लागि अधिकारको रक्षा गर्दै कर्तव्य पालनाका साथ हामी अघि वढ्नु पर्दछ भन्ने हामी सवैले विर्सनु हुदैन ।

गुल्मी जिल्ला एउटा पहाडी जिल्ला हो । यसमा दुइ नगरपालिका र दश गाउँपालिका रहेका छन् । सवैमा आवाधिक योजना बनेका छैनन् । इस्मा गाउँपालिकाले यसको शुरुवात गरेकोमा मलाई खुशी लागेको छ । योजनाहरु वनाएर मात्र हुदैन त्यसको कार्यन्वयन निरन्तर अनुगमन जरुरी हुन्छ । त्यसतर्फ सवैको ध्यान जानिनै छ भन्ने मैले विश्वास लिएको छु । अन्त्यमा यो आवाधिक योजनाले इस्मा गाउँपालिकालाई नमुनाको रुपमा विकास गर्न सफलता प्राप्त गर्न सकोस हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

(लक्ष्मण पराजुली)

प्रमुख

जिल्ला समन्वय समिति, गुल्मी

# इस्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
इस्मा रजस्थल,गुल्मी
५ नं. प्रदेश, नेपाल


प.सं.०७५।७६
च.न.:

मितिः २०७५/०४/१५

### अध्यक्षको भनाई

नेपालको संबिधान, २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४ र नेपाल सरकारको स्वीकृत नीति बमोजिम इस्मा गाउँपालिकाको पाँच बर्षे योजना निर्माण गर्ने ऐतिहासिक जिम्मेवारी पुरा गर्ने अवसर पाएकोमा आफुलाई गौरवान्वित महशूस गरेको छु। ५ नं. प्रदेश अन्तर्गत गुल्मी जिल्लाका १२ वटा स्थानीय तहमध्ये इस्मा गाउँपालिका एक हो। २०४६ साल र २०६२/०६३ को जन आन्दोलनबाट भएको ऐतिहासिक परिबर्तनपछि जारि भएको नेपालको संबिधान तथा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानिय सरकार संचालन ऐन, २०७४ का माधयबाट सहभागितामुलक योजना तर्जुमा पद्धतिलाई अंगिकार गर्दै हामि अघि बढेका छौं । लामो समयको संक्रमणकाल र बिकास प्रकृयामा देखिएका अबरोधलाई हटाउदै आर्थिक सम्वृद्धिको बाटोमा हामीलाई अघि बढनुपर्ने अहिलेको आवश्यकता हो । निर्वाचित जन प्रतिनिधिको रिक्तता पूर्ति भै स्थानीय तह, प्रदेश र संघीय सरकारको संरचना निर्माण र स्वायत्त सरकारको स्थापना भैसकेको छ। हालको चुनौती र अवसर भनेको गाउँपालिकाको समग्र सन्तुलित बिकास र दिगो बिकासको लक्ष्यलाई पुरा गर्न ठोस कार्ययोजनाकासाथ अघि बढ्नु नै हो । यो योजना दस्ताबेज तयार गरेर मात्र पुग्दैन यसको कार्यान्वयन र अनुगमन पनि त्यतिकै जरुरी छ। हामी स्थानीय तहको नौलो अभ्यासमा छौ। स्थानीय तहको क्षमता बिकास गरी प्राप्त साधन र श्रोतको अधिक्तम उपयोग र भएका कमी कमजोरीलाई सुधार गर्दै हाम्रा बिकास प्रयासलाई सार्थक बनाउनको लागी सबै तह, तप्का र जिम्मेवार पदाधिकारीबाट आवश्यक साथ सहयोगको अपेक्षा सहित योजना तर्जुमाको क्रममा शुरु चरणदेखी लेखन, सम्पादन लगायत योजनाको अन्तिम मस्यौदा तयार गर्ने शुसासन विज्ञ श्री दामोदर भण्डारी र योजना विज्ञ श्री जगन्नाथ अधिकारी लाई बिशेष धन्यवाद ज्ञापन गर्दछु साथै योजना तर्जुमामा सहयोग गर्नु हुने सबैप्रति हार्दिक आभार प्रकट गर्दछु। इस्मा गाउँपालिकालाई नमुनाको रुपमा बिकास गर्दै आवधिक योजनाले निर्धारण गरेका दीर्घकालीन सोच, उद्देश्य, लक्ष्य र नीतिलाई इमान्दारीपूर्बक कार्यान्वयनमा लैजाने प्रतिबद्धता ब्यक्त गर्दछु। धन्यबाद ।

लक्ष्मण बहादुर बिष्ट
अध्यक्ष
इस्मा गाउँपालिका , गुल्मी

## प्रकाशकीय

नेपालको संविधानको धारा ५७ ले राज्यशक्तिको बांडफांड संघ, प्रदेश र स्थानीय तह समेत तीन तहमा गरेको छ । तीनै तहका सरकारहरुको निर्वाचन सम्पन्न भै लामो समयदेखिको रिक्तता पूर्ति भएको छ । नेपालको संविधान,२०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनमा भएका प्राबधानले स्थानीय तह अधिकार सम्पन्न सरकारको रुपमा परिणत भएको छ। नेपाल सरकार,प्रदेश तथा स्थानीय तहको राजस्वको अधिकार,राजस्वको बांडफांड, अनुदान, बजेट ब्यबस्थापन सार्बजनिक खर्च तथा वित्तीय सुशासन सम्बन्धि आवस्यक ब्यबस्थापनका लागि अन्तरसरकारी वित्त ब्यबस्थापन ऐन ,२०७४ जारि भै कार्यान्वयनमा आएको छ। साथै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक ढाँचामा राज्यको पुनःसंरचना मार्फत जनप्रतिनिधिमूलक स्थानीय तहलाई अधिकार सम्पन्न स्थानीय तह (सरकार ) को मान्यता प्रदान गरेको छ। स्थानीय स्वायत्त शासनको मूल मर्मलाई आत्मसात गर्दै आफ्नो अधिकार क्षेत्रभित्रको बिषयमा आबस्यक पर्ने कानून निर्माण,योजना तथा बजेट तर्जुमा र कार्यान्वयन,बित्तिय ब्यबस्थापन ,न्यायीक अधिकार क्षेत्रको प्रयोग तथा आधारभूत भौतिक पूर्वाधारको निर्माण,संस्थागत सुधार र सुशासनको क्षेत्रमा स्थानीय तहले कुशलतापूर्बक कार्य सम्पादन गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त गर्ने अवसर प्राप्त भएको छ।

स्थानीय तहको कामकारबाहीलाई ब्यबस्थित गरि गुणस्तरिय सेवा प्रदान गर्नुका साथै इस्मा गाउँपालिकालाई नमुना गाउँपालिकाको रुपमा बिकास गर्ने उद्देश्य पुरा गर्नको लागि जनसहभागितामूलक योजना तर्जुमा पद्दतिको माध्यमबाट वडा बस्ति तहबाट छनौट भै आएका र इस्मा गाउँपालिकाको सामाजिक, आर्थिक रुपान्तरण मार्फत आर्थिक बृद्दि हासिल गर्न ,सन्तुलित र समानुपातिक बिकासको लागि कोशेढुंगा हुने विश्वासकासाथ यो आवधिक योजना निर्माण गरिएको हो। आवधिक योजना एक निश्चित मापदण्डको आधारमा अघि बढ्ने मार्गचित्र हो। यसमा परम्परागत कृषि र पशु व्यवसायलाई आधुनिकीकरण ,ब्यबसायिकरण गरी प्रविधियुक्त बनाइ स्थानीय तहमा रोजगारी सृजना गर्ने , आवस्यक पूर्वाधारको विकासका माध्यमबाट समतामूलक सम्बृद इस्माको परिकल्पना गरिएको छ। यसमा इस्मा गाउँपालिकाको दीर्घकालीन सोंच,निर्देशक सिद्धान्त ,लक्ष्य ,उद्देश्य ,प्राथमिकताहरु,रणनीतिहरु,कार्यनीतिहरु, तर्कबद्ध खाका सहित आर्थिक विकास,पूर्वाधार बिकास , सामाजिक बिकास ,बन,वातारण तथा विपद ब्यबस्थापन र संस्थागत बिकास ,सेवा प्रवाह र सुशासनका क्षेत्रका सवल पक्ष,दुर्वल पक्ष ,अवसर र चुनौतिहरु ,लक्ष्य ,उद्देश्य ,रणनीति र कार्यनीतिहरु,तथा प्रमुख कार्यक्रमहरु समाबेस गरिएका छन्। चालु आर्थिक वर्ष ०७५/०७६ यो आवधिक योजनाको आधार बर्ष भएकोले कार्यान्वयनका लागि आवश्यक पूर्वाधार निर्माण गर्दै योजनाले परिलक्षित गरेका महत्वपूर्ण कार्यक्रमहरुलाई क्रमशः कार्यान्वयन गर्न बार्षिक योजनाबाट सम्बोधन गरिनेछ। चालु बर्षमा गाउँ कार्यपालिकाबाट पारित बार्षिक योजना तथा कार्यक्रम,पाँच बर्षमा सम्पन्न गरिने कार्यक्रमहरु,संघ र प्रदेश स्तरबाट यस गाउँपालिकालाई लाभ पुग्ने महत्वपूर्ण सडक,खानेपानी ,सिंचाई,कृषिसंग सम्बन्धित गाउँपालिकाबाट प्राथमिकतामा राखिएका योजना बैंकमा रहने योजनाहरुलाई अनुसूचिमा समाबेश गरिएको छ।

आवधिक योजना निर्माण गरेर मात्र हुँदैन यसको कार्यान्वयन र अनुगमन पनि जरुरि छ। यसलाई कार्यान्वयनयोग्य बनाउनको लागि अनुगमन र प्रतिवेदन सूचक समेत समाबेस गरिएको छ। यो योजना एक गतिशील दस्ताबेज भएकोले समय, सन्दर्भ र सरोकारवालाहरुबाट प्राप्त पृष्ठपोषणका आधारमा थप परिमार्जन र प्रभावकारी बनाउदै लगिनेछ। यो आवधिक योजना निर्माणको क्रममा परामर्श प्रदान गर्नु हुने नेपाल सरकारका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रि माननीय गोकर्णराज बिस्ट, प्रदेश सांसद् खड्ग के.सी., संयुक्त राष्ट्र संघका पूर्व सहायक महा सचिब कुलचन्द्र गौतम, जिल्ला समन्वय समिति गुल्मीका अध्यक्ष लक्ष्मण पराजुली, उपाध्यक्ष राम ठकुरी,बिषयगत कार्यालयका प्रमुखहरु, वडा अध्यक्षहरु,वडा सदस्यहरु, इस्मालि समाज, अमरपुर समाज, हस्तिपुर समाज काठमाडौंका अध्यक्ष तथा प्रतिनिधीहरु, आवधिक योजना तर्जुमाको क्रममा शुरु चरणदेखी लेखन, सम्पादन लगायत योजनाको अन्तिम मस्यौदा तयार गर्ने शुसासन विज्ञ **श्री दामोदर भण्डारी** र योजना विज्ञ **श्री जगन्नाथ अधिकारी**लाई बिशेष धन्यवाद ज्ञापन गर्दछु साथै प्रमुख प्रशासकीय अधिकृत लगायत गाउँपालिकाका सबै कर्मचारीहरु र डेवलपमेन्ट इनिसियसन नेपाल प्रा.लि. काठमाडौंका प्रबन्ध निर्देशक सूर्य नेउपाने प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने पत्रकार मित्रहरु लगागत सबैप्रति आभार प्रकट गर्दै योजना कार्यान्वयनको प्रतिबद्दता सहित रचनात्मक सल्लाह र सुझाबको अपेक्षा गर्दछौ।

इस्मा गाउँपालिका, गुल्मी

| इस्मा गाउँपालिकाका निर्वाचित प्रतिनिधीहरुको विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | पद | नाम, थर | ठेगाना | सम्पर्क नम्बर | कैफियत |
| १ | अध्यक्ष | लक्ष्मण बहादुर बिष्ट | इस्मा ४ | ९८५७०६७६५० | |
| २ | उपाध्यक्ष | बिमला खत्री | इस्मा-१ | ९८५७०६७४९५ | |
| ३ | वडा अध्यक्ष | चुरा बहादुर खत्री | इस्मा-१ | ९८५७०६७८८४ | |
| ४ | वडा अध्यक्ष | टिकाबहादुर रेश्मी | इस्मा-२ | ९८५७०६१६७४ | |
| ५ | वडा अध्यक्ष | तोयनाथ शर्मा | इस्मा-३ | ९८५७०६१७९६ | |
| ६ | वडा अध्यक्ष | गनु प्रसाद अधिकारी | इस्मा-४ | ९८६७१३५९२४ | |
| ७ | वडा अध्यक्ष | कलानिधि भण्डारी | इस्मा-५ | ९७४७०२४७०५ | |
| ८ | वडा अध्यक्ष | हिराबहादुर जी.सी. | इस्मा-६ | ९७५७०००६३२ | |
| ९ | महिला सदस्य | कमला पराजुली | इस्मा-६ | ९८६०६९९२८१ | |
| १० | महिला सदस्य | कल्पना भुसाल | इस्मा-३ | ९८६६८६०७२४ | |
| ११ | महिला सदस्य | गंगा बुढाथोकी | इस्मा-२ | ९८४७३९०७०७ | |
| १२ | महिला सदस्य | मिना घर्ति | इस्मा-४ | ९८१६४७२५०४ | |
| १३ | महिला सदस्य | मिना बिस्ट | इस्मा-५ | ९७४७०२४४८६ | |
| १४ | महिला सदस्य | विष्णु खत्री | इस्मा-१ | ९८६७८४६५५५ | |
| १५ | दलित महिला सदस्य | अन्जु सार्की | इस्मा-२ | ९७४७०४३०३८ | |
| १६ | दलित महिला सदस्य | कमला वि.क. | इस्मा-४ | ९८४७१३५७९६ | |
| १७ | दलित महिला सदस्य | पार्वती कामी | इस्मा-५ | ९८४७२३४५१३ | |
| १८ | दलित महिला सदस्य | फुलमती सार्की | इस्मा-३ | ९८११४९५५३९ | |
| १९ | दलित महिला सदस्य | माया सुनार | इस्मा-१ | ९८४७५३०५८४ | |
| २० | दलित महिला सदस्य | हुमकला दर्जी | इस्मा-६ | ९८६९१३९२३१ | |
| २१ | सदस्य | यम बहादुर कुवर | इस्मा-१ | ९८४७४३३६४५ | |
| २२ | सदस्य | जंग बहादुर के.सी. | इस्मा-१ | ९८४७५१७८३३ | |
| २३ | सदस्य | बेल बहादुर कुवर | इस्मा-२ | ९८४६८९५२७९ | |
| २४ | सदस्य | युबराजखरेल | इस्मा-३ | ९८४७१४९५६१ | |
| २५ | सदस्य | शीर बहादुर कुवर | इस्मा-३ | ९८४७४०९३१५ | |
| २६ | सदस्य | जित बहादुर थापा | इस्मा-५ | ९८४७१८७७९८ | |
| २७ | सदस्य | भीमकान्त खनाल | इस्मा-४ | ९८६७१९५९५८ | |
| २८ | सदस्य | भोला सिंह थापा | इस्मा-४ | ९८१६४७२५०४ | |
| २९ | सदस्य | नारायण पैयानी | इस्मा-५ | ९८५७०६७५१४ | |
| ३० | सदस्य | बोमे कुमाल | इस्मा-५ | ९८६०२५१५७८ | |
| ३१ | सदस्य | केशबराज कूवर क्षेत्री | इस्मा-६ | ९७४७००६६०१ | |

# कार्यकारी सारांश

नेपालको संबिधान, २०७२, स्थानीय सरकार संचालन ऐन,२०७४, राष्ट्रिय योजना आयोगबाट प्रकाशित स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५, चौधौं योजना, सहस्राब्दी बिकास लक्ष्य,गाउँपालिकाको बस्तुगत बिबरण,२०७५ ,केन्द्र, प्रदेश र जिल्लास्तरमा प्राप्त सुचना तथ्यांक समेतलाई आधार बनाई सहभागितात्मक योजना तर्जुमा पध्दतिको माध्यमबाट छनौट भएका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकीकरण गरी ब्यबस्थित र क्रमबध्द ढंगले निश्चित समयसीमामा पूरा गर्ने अठोटका साथ इस्मा गाउँपालिकाले यो आवधिक योजना तयार गरेको छ। यस आवधिक योजनालाई प्रत्येक बर्षको बार्षिक नीति, कार्यक्रम तथा बजेटबाट गन्तव्यमा पुराउने अठोट गाउँपालिकाले लिएको छ।

यस आवधिक योजना पुस्तिकामा पाँचवटा परिच्छेद रहेका छन। प्रथम परिच्छेदमा इस्माको ऐतिहासिक र गाउँपालिकाको परिचय सहित पूर्वाधारको बिकास, सामाजिक, आर्थिक बिकास, बन तथा वातावरण र संस्थागत बिकास, सेवा प्रवाह र सुशासन जस्ता क्षेत्रमा संघ, प्रदेश र निजी क्षेत्रसंगको समन्वय र सहकार्यमा उपलब्ध श्रोत र साधनको अधिकतम परिचालन गरी जनचाहनालाई पूरा गर्नको लागि शिघ्र सेवा", तीब्र बिकास", "घरदैलोको सरकार, बिकासको संचार "जस्ता कुराहरुलाई आवधिक योजना तर्जुमाको सान्दर्भिकतासंग जोडदै बिकासका समस्यालाई बिषय क्षेत्रगत ढंगले बिश्लेषण गरी आवधिक योजनाका परिमाणात्मक सूचकहरु समेत निर्धारित गरिएका छन।

परिच्छेद २ मा जन सहभागितात्मक तवरबाट इस्मा गाउँपालिकाको दीर्घकालिन सोंच " कृषि, रोजगार, पर्यटन र पूर्बाधार समतामूलक इस्मा, सम्बृध्दिको आधारलाई तय गरिएको छ।त्यसलाई केन्द्रबिन्दुमा राखेर इस्मा " गाउँपालिकाको समष्टिगत बिकासको लागि जनकेन्द्रित बिकास, सुशासन, सामाजिक समाबेशीकरण, बालमैत्री स्थानीय शासनको निरन्तरता र प्रवर्धन, भू उपयोग योजनाको तयारी र कार्यान्वयन, बातावरणमैत्री बिकास, सन्तुलित बिकास, स्थानीय श्रोत, साधन, सम्पदाको उपयोग, सार्वजनिक, निजी, साझेदारी, गैसस तथा सहकारी क्षेत्रसंगको साझेदारी, बिपद जोखिम न्यूनीकरण जस्ता निर्देशक सिध्दान्तहरु निर्धारित गरिएका छन ।

यस योजनाले निरपेक्ष गरीबीको उन्मूलन गर्ने लक्ष्य लिएको छ। यसको लागि विशेष कार्यक्रम पनि समावेश गरिएको छ। इस्मा गाउँपालिकाको कूल जनसंख्याको २० प्रतिशत जनसंख्या निरपेक्ष गरीबीको रेखामुनी रहेको अवस्था देखिन्छ। यी मध्ये ३० प्रतिशत परिवारबाट प्रति परिवार १ जना छनौट गरी निश्चित मापदण्डका आधारमा शीपमूलक तालीम प्रदान गरेर बैदेशिक रोजगारीमा जान बिना धितो ऋण उपलब्ध गराउने तथा 'बाहिर कमाउने इस्मा गाउँपालिकामा लगाउने" भन्ने मूल नाराकासाथ आर्थिक, सामाजिक, बाताबरण तथा बिपद ब्यबस्थापन र संस्थागत बिकास सेवा प्रवाह र सुशासनको क्षेत्रमा सिर्जना हुने रोजगारीका अवसरमा लक्ष्यीत समुदायलाई प्राथमिकता दिने गरी कार्यक्रम संचालन गर्ने प्रस्ताव गरिएको छ।

योजना प्राथमिकीकरणतर्फ बिचार गर्दा पहिलो रोजाइमा पूर्बाधार बिकास परेको छ। त्यसमा सडक, बिध्युत, सिंचाई र बस्ती बिकास जस्ता बिषयहरु रहेका छन। सामाजिक बिकासतर्फ खानेपानी तथा सरसफाइ, स्वास्थ्य, शिक्षाजस्ता बिषयले क्रमशः प्राथमिकता पाएका छन।सरकारी लगानीका दृष्टिले तेश्रो प्राथमिकतामा आर्थिक बिकास रहेको छ। कृषि तथा पशु बिकास, पर्यटन र उध्योग बाणिज्य क्षेत्रले क्रमशः प्राथमिकता पाएका छन। त्यसपछि बन तथा बाताबरण र संस्थागत बिकास, सेवा प्रवाह र सुशासन जस्ता बिषयहरु प्राथमिकतामा रहेका छन। यस पछि गाउँ बिकासका समस्टिगत रणनीतिहरु, कार्यनीतिहरु र गाउँ बिकासको समष्टिगत तर्कबध्द खाका प्रस्तुत गरिएको छ।

परिच्छेद ३ मा इस्मा गाउँपालिकाको क्षेत्रगत योजनालाई समाबेश गरिएको छ। मुख्य पेशा कृषि भएको यस गाउँपालिकाका ९५ प्रतिशत जनता कृषि पेशामा आश्रित छन्। कृषि क्षेत्रका अवसर, चुनौती, सबल पक्ष र कमजोर पक्षको बिश्लेषणका साथ अपनाउनु पर्ने लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र प्रमुख कार्यक्रमलाई समाबेश गरी कृषिको आधुनिकीकरण र ब्यबसायीकरणबाट सम्बृध्दि प्राप्त गर्ने कुरालाई बिशेष प्राथमिकतामा राखिएको छ ।**"अर्गानिक तरकारी इस्माको चिनारी"** भन्ने मूलभुत मान्यता स्थापित गर्न कृषि र कृषकलाई केन्द्रमा राखेर गाउँपालिकाले कृषि उपलब्ध गराइ कृषियोग्य भूभागलाई बढाउने बिमा लगायत सिंचाई सुविधा नपुगेका स्थानमा सिंचाई सुविधा, नगदे बालीलाई प्रोत्साहन गरी कागती, अम्बा, कफीको नर्सरी स्थापना गरी निर्बाहमुखी कृषि प्रणालीलाई ब्यबसायीकतातर्फ उन्मुख गराउनेतर्फ कार्यक्रम केन्द्रित गरिएको छ।

पशुपंक्षी बिकासतर्फ पशु बिमा, उन्नत जातका पशुबस्तुको संख्या बृध्दि गर्दै दुग्ध उत्पादन, संकलन, प्रशोधन केन्द्रको स्थापना तथा दूध, मासु र अण्डामा आत्मनिर्भरता उन्मुख नीति र कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ । इस्माकोट लगायतका ऐतिहासिक महत्वका पर्यटन स्थलहरुमा आबश्यक पूर्बाधारको निर्माण, प्रचार प्रसार, होमस्टे सञ्चालन र निर्माणाधीन अन्तरराष्ट्रीय रंगशाला सम्पन्न गर्ने र **धार्मिक क्षेत्रको तिर्थाटन ईस्मा गाउँपालिकाको पर्यटन** भन्ने नारालाई साकार पार्ने कुरामा जोड दिइएको छ । गेरुमाटो, सेरामिक्स र अन्य सम्भाब्य उद्योगको पहिचान गरी उद्योग स्थापना गर्ने कुरा प्राथमिकतामा परेको छ।

पूर्बाधार बिकासतर्फ सडक यातायातलाई बिशेष प्राथमिकतामा राखी त्यसका अवसर, चुनौती, सबल र कमजोर पक्ष तथा लक्ष्य उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रमलाई समाबेश गरिएको छ। गाउँपालिकाको कुनै पनि स्थानबाट आधा घण्टा पैदल हिंडेपछि मोटरबाटोमा पुग्न सक्ने गरी सडक योजना निर्माण गर्ने, गौरवको योजनामा इस्मा गाउँपालिकामा चक्रपथ निर्माण, गाउँपालिकाको केन्द्रलाई वडा केन्द्रसम्म जोडने सडकहरु स्तरोन्नति गरी बाह्रैं महिना संचालन गर्ने र क्रमशः कालोपत्रे गर्ने कार्यक्रम रहेको छ। केन्द्रीय र प्रदेश तहबाट सञ्चालन हुने र प्रत्येक वडाका थप सडक योजनाहरुलाई योजना बैंकमा रहने गरी अनुसूचीमा समाबेश गरिएको छ।

सिंचाईतर्फ गाउँपालिकाका सबै वडालाई समेटने गरी योजनाहरुलाई समाबेश गरिएको छ।केन्द्रीय र प्रदेश तहबाट संचालन हुने र वडागत रुपमा रहेका अन्य थप योजना र सिंचाइको लागि श्रोत समेत खुलाइ योजना बैंकको रुपमा रहने र श्रोत साधन उपलब्धताको आधारमा क्रमशः कार्यान्वयन हुने गरी अनुसूचीमा राखिएको छ।

जल बिध्युत तथा बैकल्पिक उर्जातर्फ ८४ प्रतिशत घरधुरीमा हाल उपलब्ध बिध्युत सेवालाई केन्द्रीय बिध्युत प्रणाली, सामुदायिक बिध्युत, लघु जल बिध्युत र अन्य बैकल्पिक उर्जासंग आबध्द गरी पाँच बर्षभित्रमा शत प्रतिशत घरधुरीमा पुराइ नियमित र भरपर्दो रुपमा बिध्युत आपूर्ति गर्ने र काठका पोलहरु सबै बिस्थापन गरी सो को सट्टामा स्टिल पोलहरु राख्ने कार्यक्रम समाबेश गरिएको छ।

भवन तथा बस्ती बिकासतर्फ भवन सम्बन्धी मापदंड निर्माण गरी सबैलाई जानकारी गराउने, गाउँपालिका र भवन निर्माण हुन बाकी वडा कार्यालय र स्वास्थ्य चौकीको भवन निर्माण सम्पन्न गर्ने, नमूना बस्ती बिकास र सुबिधा बिस्तार गर्ने गरी बस्ती बिकास योजना निर्माण र कार्यान्वयन गर्ने कार्यक्रम रहेको छ।

सामाजिक बिकासतर्फ स्वास्थ्य सम्बन्धी जनचेतना फैलाउने,मातृ/ शिशुको मृत्यु दरलाई शून्यमा स्थिर राख्ने, गाउँघर क्लिनिक ब्यबस्थित गरी आधारभूत सुविधा उपलब्ध गराउने, समय समयमा जेष्ठ नागरिक, अशक्त, अपांग, असहाय बिरामीलाई घरदैलो सेवा प्रदान गर्ने, स्वास्थ्य शिविर संचालन गर्ने, स्वास्थ्य चौकीको स्तरोन्नति गरी ल्याव संचालन गर्ने , जनशक्ति र आधारभूत औषधिको नियमित ब्यबस्था मिलाउने र रक्तसंचार सेवा सञ्चालनको लागि पहलकदमी गर्ने लगायतका कार्यक्रम रहेका छन।

शिक्षातर्फ हालको ९८ प्रतिशत साक्षरतालाई शत प्रतिशत पुराइ स्थिर राखिने, बालमैत्री आधारभूत शिक्षालाई अनिवार्य र निशुल्क गर्ने, शैक्षिक गुणस्तर सुधार गर्ने , भौतिक पूर्बाधारको निर्माण गरी शिक्षक, बिध्यार्थी, कक्षा कोठा अनुपात मिलाइ दरबन्दी भन्दा बाहिर रहेका शिक्षकलाई नियमित दरबन्दीमा ल्याउन पहल गर्ने, निरपेक्ष गरीबीको रेखामुनी रहेका छात्रा, अपांग र सीमान्तकृत बालबालिकालाई बिध्यालयमा ल्याउन र टिकाउन बिशेष प्रोत्साहन कार्यक्रम संचालन गर्ने, शिक्षकहरुको क्षमता बिकास, अनुगमन र मूल्यांकन गर्ने, बिध्यालयमा सिकाइको गुणस्तर बृध्दि गर्दै बिध्यार्थीको उत्तीर्ण प्रतिशतलाई शत प्रतिशतमा पुराइ अन्य बिध्यालयको दाँजोमा पुराउने, खेल मैदान र खेल शिक्षकको ब्यबस्था मिलाउने र छात्र छात्राको लागि अलग अलग पानी सहितको शौचालयको ब्यबस्था गर्ने कार्यक्रम रहेको छ।

खानेपानी तथा सरसफाइतर्फ सबै वडालाई समेटेर छनोट गरिएका योजनाहरु समयबध्द र दीगो रुपमा सम्पन्न गरी आधारभूत खानेपानी तथा सरसफाइ सुबिधा उपलब्ध गराउन हालको ८८ प्रतिशतलाई शत प्रतिशत पुराउने, बढी आवागमन हुने बजार केन्द्रमा पानी सहितको महिला पुरुषको लागि सार्वजनिक शौचालयको ब्यबस्था गर्ने, नयाँ सन्चालन गरिने खानेपानी योजनामा एक घर एक धाराको नीति अबलम्बन गर्ने र हरेक बस्तीमा खानेपानी तथा सरसफाइ सुबिधा उपलब्ध गराउने, पानीको मुहान संरक्षणको लागि कार्यक्रम संचालन गरी पूर्ण सरसफाइ कार्यक्रम लागू गर्ने कार्यक्रम रहेको छ।

महिला तथा बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित तथा पिछडा बर्गको बिकास तथा सामाजिक सुरक्षातर्फ बिशेष कार्यक्रमहरु समाबेश गरिएको छ। उल्लेखीत लक्ष्यीत बर्ग र समुदायका लागि आय आर्जन, क्षमता बिकास र सशक्तीकरण कार्यक्रम, सबै बिकास प्रकृयामा सहभागिताको सुनिश्चितता र समानुपातिक पहुंच, छुवाछुत, बोक्सीप्रथा, दाइजो र बालबिबाह लगायतका सामाजिक कुरीतिको अन्त्यका लागि जनचेतनामूलक कार्यक्रम समाबेश गरिएको छ।

श्रम तथा रोजगारीतर्फ निरपेक्ष गरीबीको रेखामुनी रहेका बेरोजगारहरूको लगत संकलन, तथ्यांक अध्याबधिक गरी एक घर एक रोजगार हुने गरी रोजगारीमा प्राथमिकता दिने, बैदेशिक रोजगारीमा तालीम दिइ गन्तव्यको खोजीमा सहयोग गर्ने लगायतका कार्यक्रम रहेका छन।

युवा तथा खेलकूदतर्फ कृषि, पशु, उद्योग लगायतका क्षेत्रमा शीप, क्षमता र नेतृत्व बिकास तालीम, ग्रामीण युवा उद्यम - फलफूल- तरकारी, युवा बिप्रेषण लगानी कार्यक्रम, प्रकोप ब्यबस्थापन, बाताबरण संरक्षण, खेलकूद, योग आदि स्वयंसेवी कार्यमा परिचालन गर्ने , ब्यबसायीक खेल प्रशिक्षण र खेल प्रतिस्पर्धा आदान प्रदान जस्ता कार्यक्रम रहेका छन।

बन, बाताबरण तथा बिपद ब्यबस्थापनतर्फ समुदायमा आधारित बृक्षारोपण, सार्वजनिक नीजि खाली जग्गा र भिरपाखामा माटो सुहाँउदो स्थानमा कागती, अम्बा, फलफूल, जडिबुटी, कफि र अलैचीको व्यवसायिक रुपमा खेती गर्ने, बिरुवा अनुदानमा उपलब्ध गराउने गरि नर्सरीको स्थापना गर्ने, अग्निरेखा निर्माण, बन संरक्षणमा सामुदायिक बन कार्यक्रम,समुदायद्वारा ब्यबस्थित फोहर ब्यबस्थापन कार्यक्रम र धुंवारहित चुल्होको प्रचार प्रसार र गरीबीको रेखामुनि रहेकालाई अनुदानको ब्यबस्था जस्ता कार्यक्रम रहेका छन ।

संस्थागत बिकास, सेवा प्रवाह र सुशासनतर्फ कर्मचारीहरुको कार्य बिबरण र कार्य सम्पादन सूचकको निर्माण, नागरिक बडापत्र निर्माण र प्रकाशन, आबश्यक ऐन, नियम, निर्देशिका, मापदण्ड र सूचकहरुको निर्माण, सूचना अधिकारीको ब्यबस्था, हेल्पडेस्क, वेव साइट निर्माण, अनुगमन, सामाजिक परीक्षण, सार्वजनिक लेखा परीक्षण, सार्वजनिक सुनुवाई, राजपत्र प्रकाशन, आन्तरिक श्रोतको पहिचान र ब्यबस्थापन, उपभोक्ता समिति गठन, मेलमिलाप केन्द्र, घुम्ती न्याय सेवा, आन्तरिक तथा अन्तिम लेखा परीक्षण लगायतका कार्यक्रमहरु समाबेश गरिएको छ।

परिच्छेद ४ मा श्रोतको ब्यबस्थापनमा ब्यय र आयको अनुमान प्रस्तुत गरिएको छ। जसमा गाउँपालिकाको नेपाल सरकार र प्रदेश सरकारबाट बिभिन्न शीर्षकमा प्राप्त अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त रकम, गाउँपालिकाको आन्तरिक आय, गैसस र निजी क्षेत्रको लगानी समेतलाई एकमुष्ठ रुपमा जोडी बिषय क्षेत्रगत ढंगले पाँच बर्षमा भौतिक पूर्वाधार बिकासमा ६० करोड़ (३० प्रतिशत), सामाजिक बिकासमा ४५ करोड (२२.५ प्रतिशत), आर्थिक बिकासमा २१ करोड़ (१०.५ प्रतिशत), बन बाताबरण तथा बिपद ब्यबस्थापनतर्फ १९ करोड़ (९.५ प्रतिशत) संस्थागत बिकास, सेवा प्रवाह तथा सुशासनमा १५ करोड़ (७.५ प्रतिशत) चालू खर्चतर्फ ४० करोड़ (२० प्रतिशत) बाँडफाँड गरिएको छ ।नपुग हुन आउने ४० लाख ५५ हजार कर प्रशासनमा सुधार र चालू खर्च कटौतीबाट पूर्ति गर्ने गरी व्यय अनुमान प्रस्तुत गरिएको छ। यसै गरी यस आवधिक योजनाको अवधिमा आन्तरिक राजस्वबाट ४१ करोड़ २ लाख १५ हजार, अन्तर सरकारी बित्तीय हस्तांतरणबाट १ अरब ५१ करोड़, ५८ लाख ८८ हजार, राजस्व बाँडफाँडबाट ४३ करोड़ १३ लाख ४३ हजार , अन्य स्थानीय तह वा अन्य कतैबाट प्राप्त अनुदानबाट ३५ लाख र अन्य आयबाट ४० लाख समेत जम्मा १,९९,५९,४६,००० रुपैया बराबरको श्रोत जुटने र यसमध्ये करिब ७५ करोड़ सशर्त अनुदान हुने अपेक्षा राखिएको छ।

परिच्छेद पाँचमा आवधिक योजना कार्यान्वयन तथा मूल्यांकनलाई राखिएको छ। गाउँपालिकाले आबधिक योजना कार्यान्वयनको लागि कार्ययोजना बनाई बार्षिक बजेट तथा कार्यक्रम मार्फत कार्यान्वयन गर्ने , अन्य सरकारी तथा सार्वजनिक निकाय, साझेदार निकाय, अन्तरराष्ट्रीय गैसस र गैसस निजी क्षेत्र समेतबाट गरिने कार्यक्रमको सूची बनाइ सरकारको भूमिका नभइ नहुनेमा गाउँपालिकाले र अन्य बिषयहरुमा सम्बन्धीत सरोकारवाला निकायलाई जिम्मेवार बनाइ कार्यान्वयन गर्नेछ। गाउँपालिकाले सहजिकरण, समन्वय, अनुगमन र नियमन गर्नेछ ।गाउँपालिकाले आबश्यक ऐन, नियम, निर्देशिका, मापदण्ड, कार्यबिधि र सूचकहरुको निर्माण गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र प्रचलित कानूनको बिधि पुराइ बार्षिक खरिद योजना बनाइ कार्यान्वयन गर्नेछ भने नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त योजना तथा कार्यक्रमहरु सम्बन्धीत बिषयगत निकाय मार्फत

कार्यान्वयन हुनेछ। यो आबधिक योजनाको कार्यान्वयनको प्रमुख जिम्मेवारी गाउँपालिकाको हुनेछ। गाउँपालिकाले आफ्नो श्रोतबाट संचालन हुने कार्यक्रममा आफैले र सम्बन्धीत वडा कार्यालय,साझेदार निकाय, निजी क्षेत्र, बिभिन्न पेशागत संघ संगठनहरु समेतलाई जिम्मेवार बनाइ सम्बन्धीतसंग गरिएका सम्झौताका आधारमा कार्यान्वयन गर्ने व्यबस्था हुनेछ। यसै गरी अनुगमन र मूल्यांकनलाई व्यबस्थित, पारदर्शी र नतिजामा आधारित बनाइ निर्धारित समयसीमामा गुणस्तरीय ढंगबाट कार्य सम्पादन गर्ने गरी अनुगमनको बिधि र प्रकृया अपनाउनु पर्ने तथा गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा गठित अनुगमन तथा सुपरिबेक्षण समितिले गाउँ कार्यपालिकाबाट स्वीकृत एकीकृत कार्यान्वयन कार्य योजना बमोजिम बार्षिक कार्य योजना बनाई अनुगमन गर्ने, प्रतिबेदन दिने र हरेक दुई महिनामा गाउँ कार्यपालिकाको बैठकमा छलफल हुने प्राबधान रहेको छ ।वडा स्तरीय योजनामा सम्बन्धीत वडा अध्यक्षको संयोजकत्वमा वडा सदस्यहरु सदस्य र वडा सचिव सदस्य सचिव रहने गरी अनुगमन तथा सुपरिबेक्षण गर्ने व्यबस्था रहेको छ ।योजनाको मूल्यांकनलाई बिभिन्न प्रकारले बर्गीकरण गरी तेश्रो पक्षबाट पनि मूल्यांकन हुने तथा प्रभाब मूल्यांकन पनि गरिने व्यबस्था गरिएको छ ।

अन्त्यमा ७ वटा अनुसूचीहरुमा आ.व. २०७५/०७६ को बजेट विवरण, ईस्मा गाउँपालिकासँग सम्बन्धित केन्द्र र प्रदेशका योजना विवरणहरु, योजना बैंकमा रहने योजना विवरणहरु, ईस्मा गाउँपालिकासँग सम्बन्धित नक्साहरु, स्थानीय तहको अधिकारका सूचिहरु, ईस्मा तथा काठमाडौंमा उपस्थित सहभागीहरुको नामावली तथा फोटोहरु र सन्दर्भ सामाग्रीहरु समावेश गरिएको छ ।

बिषय सूची


**परिच्छेद १ - परिचय** १

१.१ भूमिका १

१.२ ईस्माको ऐतिहासिक सन्दर्भ १

१.३ ईस्मा गाउँपालिकाको परिचय २

१.४ आबधिक योजना तर्जुमाको सान्दर्भिकता २

१.५ योजना तर्जुमाको विधि एवं तौरतरिका ४

१.६. सीमाहरु ४

  १.६.१ विगतका योजनाको समिक्षा ५

१.७. विद्यमान अवस्थाको विश्लेषण ५

१.८. संघीय तथा प्रादेशिक योजना संग अन्तर सम्बन्ध १०

**परिच्छेद २- ईस्मा गाउँपालिकाको विकासको अबधारणा** ११

२.१. पृष्ठभूमि ११

२.२. दीर्घकालीन सोंच ११

२.३. गाउँ बिकासका निर्देशक सिद्धान्तहरु ११

२.४. आबधिक योजनाको लक्ष्य १४

२.५. आबधिक योजनाका उद्धेश्यहरु १४

२.६. आबधिक योजनाका परिमाणात्मक सूचकहरु १४

२.७. प्राथमिकताका क्षेत्रहरु १८

२.८. गाउं बिकासका समष्टिगत रणनीतिहरु १९

२.९. गाउँ बिकास योजनाको तर्कबद्ध खाका २१

२.१०. निरपेक्ष गरिबी निवारणको लक्ष प्राप्तिको लागि बिशेष कार्यक्रम २२

**परिच्छेद ३- ईस्मा गाउँपालिकाको क्षेत्रगत योजना** २४

३.१. आर्थिक विकास २४

  ३.१.१. कृषि २४

  ३.१.२. पशु पंक्षी विकास २८

  ३.१.३. पर्यटन विकास ३१

  ३.१.४. उद्योग ३३

  ३.१.५. सहकारी ३५

३.२. पूर्वाधार विकास ३७
३.२.१. सडक यातायात ३७
३.२.२. सिंचाई ४०
३.२.३. जलबिद्युत तथा बैकल्पिक उर्जा ४२
३.२.४. भवन तथा बस्ति बिकास ४४
३.३. सामाजिक बिकास ४६
३.३.१. स्वास्थ्य ४७
३.३.२. शिक्षा ४९
३.३.३. खानेपानी तथा सरसफाइ ५२
३.३.४. महिला तथा बालबालिका, जेष्ट नागरिक..... ५४
३.३.५. श्रम तथा रोजगारी ५८
३.३.६. यूवा तथा खेलकुद ६०
३.४. बन, वातावरण तथा विपद ब्यबस्थापन ६३
३.५. संस्थागत विकास थथा सेवा प्रवाह ६७

**परिच्छेद ४. श्रोत ब्यबस्थापन ७४**
४.१. ब्यय अनुमान ७४
४.२. आय अनुमान ७५

**परिच्छेद ५. आबधिक योजना कार्यान्वयन तथा अनुगमन मूल्यांकन ७६**
५.१. योजना कार्यान्वयन बिधि ७६
५.२. कार्यान्वयन जिम्मेवारी ७६
५.३. अनुगमन तथा मूल्यांकन ७७

**अनुसूचीहरु ८०**
१. आ.व. २०७५/०७६ को बजेट विवरण ८०
२. ईस्मा गाउँपालिकासँग सम्बन्धित केन्द्र र प्रदेशका योजना विवरणहरु ११४
३. योजना बैंकमा रहने योजना विवरणहरु ११६
४. ईस्मा गाउँपालिकासँग सम्बन्धित नक्साहरु १२१
५. स्थानीय तहको अधिकारका सूचिहरु १४१
६. ईस्मा तथा काठमाडौंमा उपस्थित सहभागीहरुको नामावली तथा फोटोहरु १४३
७. सन्दर्भ सामाग्रीहरु १५४

# परिच्छेद १ः

# परिचय

## १.१. भूमिका

नेपालको संबिधान, २०७२ ले नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरेको छ। मुलुकमा नयाँ राजनीतिक प्रणालीका रुपमा संघीय संरचना कायम गरी  संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको व्यवस्था गरेको छ। यसै अनुरुप संघ, ७ प्रदेश र स्थानीय तहको रुपमा ७५३ वटा गाउँपालिका तथा नगरपालिका ब्यबस्था गरेको छ। संविधानको अनुसुची ६ देखी ९ सम्म एकल तथा साझा अधिकार सुचीमा तीन तहको कार्य जिम्मेवारीहरु निर्धारित गरी सहकार्य, सहअस्तित्व र समन्वयका आधारमा राज्य व्यवस्था संचालन हुने परिकल्पना गरिएको छ।

केन्द्रिय शासन प्रणालीका विकृति र विसंगतिलाई हटाउन तथा जनतालाई अधिकार सम्पन्न बनाउन नयाँ संबिधानले संघीय संरचनालाई आत्मसात गरी तीन तहको सरकार मार्फत शासन संचालनको ब्यबस्था गरेको छ। यसले अधिकार सम्पन्न स्थानीय तहको संबैधानिक प्रत्याभूति दिंदै स्थानीय सरकारको जग मजबुत बनाउन प्रयास गरेको छ। संविधानले प्रत्याभूत गरे बमोजिमको शासन संचालनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ जारी भई कार्यान्वयनमा आइसकेको छ।

आर्थिक तथा सामाजिक बिकासका सूचकहरु हेर्दा बिगतका विकासका प्रयासहरुबाट केही उपलब्धी हाँसिल भएतापनी योजनाबध्द विकासको विगतको ६ दशकलाई नियाल्दा अपेक्षित रुपमा जन चाहना अनुरुप विकासको प्रतिफल प्राप्त हुन सकेको देखिएन। जनतामा आएको राजनैतिक तथा सामाजिक चेतना अभिवृध्दी, अधिकारमुखी जागरण र सशक्तीकरण, विश्वब्यापीकरणको प्रभाव एवं सूचना प्रविधीको विकास आदि आन्तरिक तथा बाह्य तत्वहरुले विकासप्रतिको जनआकांक्षालाइ चुल्याई दिएको छ। यी उर्लिएका जन-आकांक्षालाइ पुरा गर्न दीगो आर्थिक विकास अगाडि बढाइ विकासलाइ सहभागीतामूलक र समावेशी बनाउँदै स्थानीय योजनामा स्थानीय जनताकै अधिकार र भूमिका स्थापित गराउन पनि विकासका प्रयासलाई नयाँ शिराबाट लिएर जानुपर्ने आबश्यकता भैसकेको छ ।

## १.२. इस्माको ऐतिहासिक सन्दर्भ

हालको गुल्मी जिल्ला अन्तर्गत पर्ने मध्यकालको चौबिसे राज्य मध्येको इस्मा पनि एक पहाडी राज्य थियो। राजधानीमा करिब २५० घरहरु थिए। राजाको दरबार वरिपरि करिब ५०-६० वटा खर र ढुङ्गाबाट बनेका घरहरु थिए। इस्माका राजाको अधिनमा समथर जमिन थिएन। राज्यभरमा करिब २५०० घरहरु थिए। राजस्व रु २००० थियो। उक्त राज्यमा खानिहरु थिएनन्। इस्मा र मुसिकोट बीच सधै लडाई भैरहन्थ्यो। इस्माली फौजले नेपाली फौजसंग पटक पटक बहादुरिकासाथ मुकाबिला गरे। पहले सार्कीको साथ समेत लिएर इस्माली राजा स्वयं लडेका थिए। पानी खाने कुवामा एउटी पधेर्नी आइमाईले दरबारको पछाडिबाट भर्याङ्ग हालेर गएमा लडाइ जित्न सकिने उपाय बताएपछि रातिको समयमा नेपाली फौजले पछाडिबाट गइ आक्रमण गरेपछि जित्न नसक्ने देखि अन्तिम इस्माली राजा गोबिन्द सिंह भागेर सल्यानमा गइ बसे। इस्माली फौजतर्फ ठूलो संख्यामा हताहती भै त्यो सालमा खेतमा पाकेको धान स्याहार गर्ने मानिस समेत थिएनन् भन्ने बुढा पाकाले बताउछन। यहाँ कुनै जमानामा अर्जेल बाहुनहरुले पनि राज गरे। पछि काला मकवानी बंशका ठकुरीहरुलाई राजा बनाई ती बाहुनहरू

राजगुरु भए भन्ने जनश्रुति छ। बि. सं. १८४५ मा गोर्खाली फौजसंग इस्माली राजाले लडाइमा हारेपछि इस्मा राज्य नेपालको एकीकरण अभियानमा समाहित भयो।

पृथ्वीनारायण शाहको एकिकरण अभियानको निरन्तरताको क्रममा चौविसे राज्य मध्येको एक इस्मालाई बहादुर शाहको नायवी कालमा नेपाल राज्यमा मिलाइएको थियो । इस्माली राजाले राज्य गरेको स्थान अग्लो ठाऊँमा रहेको छ र उक्त ठाउँलाई इस्माकोट दरबारको नामले चिनिन्छ । ऐतिहासिक धरोहरको रुपमा रहेको पूर्व चौविसी राज्य मध्येको इस्मा राज्यको रुपमा चिनिने इस्माले राजनीतिक र प्रशासनीक विभाजनमा छुट्टै महत्व राख्दछ । यहाँको हावापानी अधोष्ण मौसमि जलबायु भएकाले अत्यधिक जाडो र अत्यधिक गर्मी नहुने प्रकारको छ । इस्माकोटमा रहेको ऐतिहासिक दरबारमा बडा दशैमा ठूलो मेला लाग्दछ र परम्परागत रुपमा गरिने सबै धार्मिक कार्यहरुले निरन्तरता पाइरहेका छन् । यहा खड्ग देवता, कालिका, भैरबको मन्दिरहरु, पुराना खड्ग तरबार र बन्दुकका नाल छन्। जहाँ बडादशैमा धुमधामसाथ पुजा हुन्छ। यो उच्च स्थानमा भएकोले यहाँबाट पौंदी कोट, मुसिकोट, धुर्कोट, निस्ती, छल्दी खोलाहरुका फाँटहरु, नेटाको लेख, हिमाली श्रृङ्खला आदि मनोरम दृश्यहरु देख्न सकिन्छ।

## १.३.इस्मा गाउँपालिकाको परिचय

गुल्मी जिल्लाको करिव मध्ये भागमा अबस्थित इस्मा गाउँपालिका विगतका हस्तिचौर, दर्लामचौर, दोहोली, इस्मा रजस्थल र अमरपुर गरी ५ गाउँ विकास समितिहरु मिलाई बनाइएको हो।यसको केन्द्र हाललाई साविकको इस्मा रजस्थलको कार्यालयलाई कायम गरिएको छ।यसको पूर्वमा मुसिकोट नगरपालिका, पश्चिममा धुर्कोट र मालिका गाउँपालिका, उत्तरमा मालिका गाउँपालिका र दक्षिणमा धुर्कोट गाउँपालिका र रेसुङ्गा नगरपालिका रहेका छन।यसको जम्मा क्षेत्रफल ८१.८८ वर्ग किलोमिटर छ।गाउँपालिकाले तयार गरेको अध्याबधिक तथ्यांक अनुसार यसको घर धुरी संख्या ४५३० र जनसंख्या २९, ६५० रहेको छ, जसमध्ये पुरुष १४,३२० रहेका छन भनें महिला १५,३३० रहेका छन।समुन्द्री सतहवाट १००० मिटर उचाईदेखि १५०० मिटरको उचाईसम्म फैलिएकोले यसको हावापानीमा पनि विविधता छ । पहाडी भागमा अवस्थित भएको हुनाले इस्माको हावापानी समशितोष्ण मनसुनी प्रकारको रहेको छ । हिउँदमा अलि जाडो र गर्मी महिनामा सामान्य गर्मी हुनु यहाँको विशेषता हो ।यहाँको औषत वार्षिक वर्षा २२०० मि.मि. र औसत तापक्रम २७ डिग्री सेल्सियस छ।

जलश्रोतको सम्भाव्यतालाई हेर्दा यो गाउँपालिकामा स-साना खोला र पोखरीहरु मात्र रहेका छन।छल्दि पनाहा, निस्ती, दुवारे, गुर्वा, भैंसेबेलारी, रोदी जस्ता सा-साना खोलाहरु सिंचाईका श्रोतको रुपमा छन्।यसबाहेक गाउँमा स-साना ताल र पोखरीहरु रहेका छन।

ऐतिहासिक एबं धार्मिक दृष्टिकोणले पनि यो गाउँपालिका धनी नै देखिन्छ नवदुर्गा, जालपा देवी, सुपा देउराली, कालीका, बेदमाता गायत्री आदि महत्वपूर्ण मन्दिरहरु रहेका छन।

खानेपानी सुबिधाको दृष्टिकोणले हेर्दा यहाँ ८८.५ प्रतिशत जनताहरुलाई खानेपानीको सुबिधा उपलब्ध गराइएको छ।

इन्धनको प्रयोगलाई हेर्दा यहाँका ८४.८१ प्रतिशत जनता खाना पकाउनका लागि दाउरा प्रयोग गर्दछन भनें लगभग १५ प्रतिशतले एल.पी. ग्यास प्रयोग गर्दछन।

बिद्युतको पहुंचलाई हेर्दा यहाँ ८४ प्रतिशत घरधुरीमा बिद्युत पुगेको देखिन्छ भने कतिपय वडाहरुलाई कच्चीबाटोले जोडेको देखिन्छ भनें कुनै वडाहरुमा ट्र्याक मात्र खोलिएका छन। बर्षाको याममा गाउँपालिकाको केन्द्रसम्म मुस्किलले गाडी चल्ने गरेको छ ।

यस गाउँपालिकाका ९५ प्रतिशत जनता कृषिमा निर्भर रहेका छन भनें २ प्रतिशत जनता सरकारी तथा अन्य स्थानमा नोकरी गर्दछन। बांकी ३ प्रतिशत ब्यापार तथा अन्य पेशामा संलग्न रहेका देखिन्छन। लगभग ३७०० जना बैदेशिक रोजगारीमा गएको देखिन्छ।

जग्गाको स्वामित्वको हिसाबले हेर्दा यहाँ मध्यमस्तरका परिबारहरुको बाहुल्यता रहेको देखिन्छ। २० रोपनी भन्दा बढी जग्गा जमिन हुनेको संख्या ४१५ रहेको छ भनें २ रोपनी भन्दा कम हुने घरपरिवार संख्या ६३६ रहेको छ। कुनै जग्गा जमिन नै नभएका घरपरिवार संख्या ४१ रहेको छ।

बिध्यालयको अबस्था हेर्दा यहाँ सरकारी स्तरवाट २४ वटा प्रा. वि.१३ वटा नि.मा.वि,७ वटा मा.वि., ३ वटा उच्च मा.वि. र ४६ वटा सामुदायिक बाल विकास केन्द्र रहेका छन र यहाँ २ वटा निजीस्तरबाट संचालित प्राथमिक बिध्यालयहरु रहेका छन।

स्वास्थ्य चौकीको अबस्था हेर्दा यहाँ ६ वटा स्वास्थ्य चौकी रहेका छन र सबै वडा समेटेको देखिन्छ। यहाँ एउटा कृषि सेवा केन्द्र, एक पशु सेवा केन्द्र, हुलाक केन्द्र १, अतिरिक्त हुलाक २ वटा रहेका छन। धार्मिक, साँस्कृतिक तथा पर्यटकीय दृष्टिकोणले हेर्दा यहाँ २६ वटा बिभिन्न मन्दिर र ईस्माकोट दरवार रहेका छन। यहाँ साना ठुला गरी १० वटा खेल मैदान रहेका छन जसमध्ये एउटा अन्तराष्ट्रिय स्तरको रङ्गशाला निर्माणाधिन अबस्थामा छ। यहाँ १२ वटा बिभिन्न प्रकारका सहकारी संस्थाहरु छन।

**१.४ः आवधिक योजना तर्जुमाको सान्दर्भिकताः** नेपालको संबिधान अनुसार नेपाल संघीय संरचनामा गई सो को कार्यान्वयनको शुरुवात स्वरुप संघ, प्रदेश र स्थानीय तहको निर्वाचन भई तिनै तहका सरकारहरु पूर्णतः कार्यान्वयनमा छन। अव स्थानीय तह केन्द्रिय सरकारको अङ्गको रुपमा नभइ अधिकार सम्पन्न सरकारको रुपमा स्थापित भैसकेको छ। नेपालको संबिधानको अनुसुची ८ अनुसार २२ वटा बिषय क्षेत्रमा आफैं ऐन नीति, नियम, योजना बनाउने र कार्यान्वयन गर्ने र अनुसूची ९ का १५ वटा अधिकारका बिषयमा पनि संघ र प्रदेशको समन्वयमा कानून निर्माण गरी काम गर्नुपर्ने हुन्छ। विगतका कमजोरी एबं बिसँगतिहरुलाई हटाउंदै जनतामा **शिघ्र सेवा र तिव्र विकास**को अबस्था सृजना गरी जनता र सरकार वीचको अविश्वासको दुरीलाई घटाउंदै जानुपर्ने देखिन्छ। बिगतका ५ वटा स्थानीय निकाय मिलेर बनेकोले पनि यसमा बिकासको नयाँ सोंचको आबश्यकता छ।

बिगत १५ बर्षदेखि जनप्रतिनिधि विहिनको अबस्थाले पनि बिकासलाई निर्धारित गतिमा डोरयाउन सकिएन। विगतको पुरातनबादी केन्द्रिकृत सोंच, आवधिक योजनाको अभाव, स्रोत साधनमा परनिर्भरता, जनसहभागितामा कमी, समावेशीताको अभाव, प्रभावकारी नीति, नियम तथा सुशासनको अभावले विकासका गतिलाई अझ सुस्त बनायो।

बिगतका यी बिकृति र बिसँगतिहरुलाई हटाउंदै **घरदैलोको सरकार, विकासको संचार** भन्ने कुरालाई वास्तविकतामा बदल्न समाबेशी, सहभागितामूलक, सुशासनमा आधारित विकास प्रकृयाका माध्यमबाट

स्थानीय श्रोत साधनको अधिक्तम परिचालन गर्दै दीगो विकासको अवधारणालाई अगाडी बढाउनुपर्ने आबश्यकता छ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ दफा २४ को उपदफा १ मा "गाउँपालिका वा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रका बिषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, बिषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्नेछ' भन्ने उल्लेख भएको छ। त्यसैले आवधिक योजना तर्जुमाको सान्दर्भिकता अत्यधिक छ।

## १.५. योजना तर्जुमाको विधि एवं तौर तरिकाः

यस ईस्मा गाउँपालिकाको आवधिक योजना गाउँपालिकाले तयार गरेको वस्तुगत बिबरणका आधारमा तयार गरिएको हो। आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा निम्न अनुसारका प्रक्रिया तथा विधिहरु अवलम्बन गरिएको छ ।

क. गोष्टी संचालनः गाउँ कार्यपालिकाका पदाधिकारीहरु, वडा सदस्यहरु,जिल्ला समन्वय समिति (जिसस)का पदाधिकारीहरु, राजनीतिक दलहरु, पूर्व पदाधिकारीहरु, विषयगत शाखाका कार्यालयहरुका पदाधिकारीहरु, गाउँपालिका स्थित मा.वि. तथा उच्च मा.वि.का प्रधानाध्यापकहरु, प्रमुख प्रशासकीय अधिकृत तथा विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा मिति २०७५।१।१८ देखि २० गतेसम्म ३ दिने योजना तर्जुमा गोष्टी संचालन गरिएको थियो।

ख. सबैको सहभागितामा गोष्टीबाट वृहद छलफल गरी सबैको मतैक्यतामा दुरदृष्टी र ५ बर्षको लागि लक्ष निर्धारण गरिएको थियो।

ग. यसपछि गोष्ठिबाट आर्थिक, सामाजिक, पूर्वाधार बिकास, वन तथा वातावरण तथा विपद ब्यबस्थापन र संस्थागत विकास, सेवा प्रवाह र सुशासन गरी ५ वटा क्षेत्रगत समितिहरु गठन गरी क्षेत्रगत समस्या विश्लेषण, **SWOT** बिश्लेषण गरी क्षेत्रगत उद्देश्य, रणनीति, प्राथमिकता निर्धारण गरिएको थियो।

घ. त्यसपछि सबै विषय क्षेत्रहरुलाई एकै ठाउंमा ल्याई नतिजामा आधारित भई लजिकल फ्रेमवर्क बिधि अपनाई योजनाको खाका तयार गरिएको थियो ।

ङ. गाउँपालिकाको वस्तुगत विवरण, गोष्ठि, बैठकहरुबाट प्राप्त सुझाव एवं योजनामा उल्लेखित सूचना, नेपाल सरकारद्धारा प्रकाशित नक्सा एवं भौगोलिक सूचना प्रणालीका आधारमा स्रोत नक्साहरु तयार गरिएको छ ।

## १.६. सीमाहरु

गाउँपालिकाको विकासका लागि यसको नेतृत्वदायी एवं समन्वयकारी भूमिका रहेको हुन्छ । गाउँ विकासका लागि विभिन्न विषयगत विकास कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने हुन्छ। यसका लागि संघीय सरकार, प्रदेश सरकार, जिसस, जिल्लास्तरीय विषयगत कार्यालयहरु, गैसस तथा अगैसस, दातृ निकाय, निजी क्षेत्र, सामुदायिक सँगठनहरुको लगानी आकर्षण र व्यबस्थापन एबं समन्वय गर्नुपर्ने हुन्छ ।यो

दस्ताबेज तयार गर्दा सबै निकायको उपस्थिति नरहेता पनि गाउँपालिकाले सो समन्वय गर्ने अपेक्षा गरिएको छ।

### १.६.१ विगतका योजनाको समिक्षा

ईस्मा बिगतका बिभिन्न ५ वटा गाउँ बिकास समितिहरु मिलेर बनेको, बिगतका गाउँ बिकास समितिहरुले पनि आवधिक योजना संचालनमा नल्याएका, बिगतमा सञ्चालनमा भएका योजना समेत साविकको जिल्ला विकास समिति र सम्बन्धित गाउँ विकास समितिहरुबाट सञ्चालन गरिएको हुँदा एकिकृत रुपमा प्रगति राखिएको देखिएन । साथै बिगतमा जननिर्वाचित प्रतिनिधि नभएको अबस्थाले गर्दा समेत बिगतका बिकास प्रयासबाट भएका उपलब्धिको अबस्था बिश्लेषण गर्न सकिएको छैन।

प्राकृतिक श्रोत तथा वित्त आयोगको सचिवालय यसै आ.ब. मा मात्र स्थापना भएको तर आयोगको गठन हालसम्म पनि भैनसकेको, यसै वर्षदेखि मात्र सुत्रगत आधारमा अनुदान वितरण गरिएकोले अनुदानको अबस्था बिश्लेषण गर्न नसकिएको।स्थानीय सरकार नयाँ भई राजस्वको क्षेत्र र दायरा पनि पूर्णत पहिचान हुन नसकेको अवस्था भएकोले राजस्वको बार्षिक बृद्धि विश्लेषण गर्न नसकिएको।

**१.७. विध्यमान अवस्थाको विश्लेषणः** यस खण्डमा ईस्मा गाउँपालिकाका विकासका सवालहरु के हुन, समस्याहरु के के छन, अवसर,चुनौति, सवल र दुर्वल पक्ष के के हुन भन्ने समिक्षा गरिएको छ।

१.७.१ः **विकासका सवालहरु** (Issues)ः ईस्मा गाउँपालिकामा विकासका देहायका सवालहरु **(Issues)** देखिन्छन, यिनीहरुलाई सम्बोधन गर्न यस आवधिक योजनाले हर सम्भव प्रयास गर्नेछ।

- आर्थिक विकासका अवसरहरु र सामाजिक सेवामा पहुंच अभिबृद्धि गर्नु,
- बिभिन्न जातजाति, फरक क्षमता भएका, वर्ग, समुदाय, लिङ्ग, धर्म आदि सबैको समतामूलक विकास गर्नु,
- लगानी सुरक्षाको प्रत्याभूत गर्दै सरकारी, गैरसरकारी तथा निजी लगानीलाई प्रोत्साहित गर्नु,
- वातावरणको दिगो संरक्षण गरी जनसंख्या, विकास, वातावरण, गरिवी र विपद बीचको अन्तरसम्बन्ध र अन्तरविरोधलाई संवोधन गर्नु,
- वस्ती विकासलाई व्यवस्थित गरी विकास निर्माण र सेवा प्रवाहलाई सहज, सुलभ, भरपर्दो र विश्वसनीय तुल्याउनु,
- स्थानीय तहको स्थानगत **(Spatial)** स्वरूपलाई ख्याल गरी विकासमा सन्तुलन ल्याउनु,
- श्रोत साधन माथिको उपलब्धता, त्यसमा स्थानीय तहको अधिकार र जिम्मेवारी र जनताका विकासका आकाँक्षा बीच तालमेल मिलाउनु,
- प्रकृयामुखीबाट नतिजामुखी स्थानीय सरकारमा रुपान्तरित गर्नु,
- निर्वाहमुखी अर्थतन्त्रबाट व्यवसायिक प्रतिस्पर्धी अर्थतन्त्र तर्फ उन्मुख हुनु,
- स्थानीय तहभित्र बसोबास गर्ने सबै जात, जाति, धर्म र सम्प्रदाय वीच समाजिक सद्भाव र अपनत्वको विकास गर्दै सामाजिक ऐक्यबद्धता कायम गर्दै बिकासलाई सबै जनता, राजनैतिक दल, संघसंस्था, निजीक्षेत्र र दातृ निकायको साझा अभियानको रुपमा विकास गर्नु।

**१.७.२. विकासका समस्याहरु :** ईस्मा गाउँपालिका जिल्ला सदरमुकाम तम्घास रहेको रेसुङ्गा नगरपालिकासँग जोडिएको गाउँपालिका हो। जिल्ला सदरमुकाम नजिक र विकासका बृहद सम्भावनाहरु बोकेको भए पनि यसको बिकासमा धेरै समस्याहरु बिध्यमान देखिन्छन। समस्याहरुलाई देहाय बमोजिम क्षेत्रगत रुपमा वर्गिकरण गरी त्यसका कारण र समाधानका उपाय समेत दिने प्रयास गरिएको छ।

**समस्या बिश्लेषण तालिका**

| आर्थिक विकास क्षेत्र | | | | | |
|---|---|---|---|---|---|
| **बिषय** | **समस्याहरु** | **तत्कालिन असर** | **समस्याका कारणहरू** | **अन्तरनिहित कारणहरु** | **समाधानका उपायहरु** |
| कृषि बिकास | न्यून कृषि उत्पादन | खाद्य तथा पोषणमा समस्या, न्यून आय | सिंचाईमा कमी, पुरातनबादी कृषि प्रणाली, | पुरातनबादी सोंच, निर्वाह मुखी प्रणाली, पूजी प्रविधिको कमी, भुखण्डिकरण | कृषिको ब्यबसायिकरण, भू-उपयोग योजना |
| पशु बिकास | पशु पंक्षीजन्य बस्तुहरुको न्यून उत्पादन | न्यून पोषण, न्यून आय | कम गुणस्तरीय र स्थानीय जातका पशु बस्तुहरु पालिनु, ब्यबसायिकताको अभाव | अशिक्षा, अज्ञानता, परम्परागत सोंच, सचेतनाको कमी, पूँजी प्रविधि र विकास पूर्वाधार | ब्यबसायिक पशुपालन, दुध संकलन केद्रको ब्यबस्था |
| पर्यटन | पर्यटकको न्यून आगमन | कमजोर पर्यटन आय | पर्यटनको प्रचार प्रसार नहुनु, पर्यटन पूर्वाधार नहुनु | पर्यटन बिकासको सोंच नहुनु, अपर्याप्त पूर्वाधार विकास | पर्यटन पूर्वाधारको बिकास गर्नु, प्रचार प्रसार |
| बैंक तथा वित्तिय व्यबस्था | बैंक तथा वित्तिय संस्थाको अभाव | जनताबाट ससाना वचत संकलन हुन नसक्नु, सामाजिक सुरक्षा भत्ता बितरणमा ढिलाई हुनुका साथै अनियमितताको सम्भावना हुनु, ससाना ऋणका लागि पनि टाढा (तम्घास) जानुपर्ने अबस्था हुनु।, | जनताले ससाना बचत गर्न नसकी पूँजी निर्माण हुन नसक्नु, ससाना आय जम्मा गर्ने ठाउँ नहुंदा फजुलमा खर्च हुनु, सामाजिक सुरक्षा भत्ता समयमा प्राप्त नहुनु, समयमा लगानीको लागि ऋण उपलब्ध नहुनु। | बाणिज्य बैंक तथा वित्तिय संस्थाको उदासिनता, जनतामा बैंकिङ बारेको चेतनाको कमी | सरकारले अनिबार्य रुपमा हरेक स्थानीय तहमा कम्तिमा एक बैक स्थापना गर्ने मौजुदा नीति कडाइकासाथ पालना गराउनुपर्ने। |
| उद्योग | औद्योगिक विकास नहुनु | आर्थिक बिकास, रोजगारीमा कमी | बैक तथा वित्तिय संस्थाको अभाव, औद्योगिक पूर्वाधारको अभाव, लगानी आकर्षणको अभाव | पूँजीको अभाव, उद्यमशीलताको कमी | लगानी आकर्षण गर्ने खालको औद्योगिक बिकास योजना बनाउने। औद्योगिक क्षेत्रको स्थापना |
| सहकारीता | सहकारीहरुको कमजोर उपस्थिति | न्युन बचत, सहकारी भावनाको बिकास हुन नसक्नु | सहकारीहरुमा जनताको बिश्वास कमजोर हुनु, अनुत्पादक क्षेत्रमा लगानी, बिषयगत सहकारी संस्थाको न्यूनता | केही परिवारको प्रभुत्वमूखी सहकारी हुनु, नाफामुखी चरित्रको बिकास | सहकारीहरुको प्रभावकारी अनुगमन र नियमन |

| | | | | | |
|---|---|---|---|---|---|
| **भौतिक पूर्वाधार क्षेत्र** | | | | | |
| सडक यातायात | कमजोर सडक स्थिति | आर्थिक एबं सामाजिक क्रियाकलापमा अबरोध, आवत जावतमा समस्या | जिल्ला सदरमुकामबाट गाउँपालिका केन्द्र जोड्ने बाटो समेत कच्ची र बर्षामा गाडी नचल्ने, गाउँपालिका केन्द्र देखि वडाहरु जोड्ने बाटो भर्खर ट्र्याक मात्र खोलिएको। | न्यून लगानी, मर्मत सम्भार, स्तरोन्नतीको अभाब | दिगो, स्तरयुक्त सडकको निर्माण र स्तरोन्नति गर्नुपर्ने |
| यातायात | गाडी चलेको अबस्थामा पनि थोत्रा गाडी चल्ने, नियमितता नभएको। | जोखिमपूर्ण यात्रा | सडक र गाडी दुबै असुरक्षित | यात्राको बाध्यता,अनुगमनको अभाब | थोत्रा गाडी चलाउन निषेध गर्नुपर्ने, समय तालिका र भाडा दरमा समयानुकुल पुनरावलोकन, नियमित अनुगमन गर्ने। |
| सिंचाई | सिंचाईको कमजोर स्थिति | न्यून कृषि उत्पादन | समुचित योजना नहुनु | सिंचाईका लागि पानीको श्रोतको कमी, बजेटको कमी | सिंचाईका सम्भावना भएका क्षेत्रमा प्राथमिकताका साथ सिंचाई योजना संचालन गर्ने। |
| बिद्युत | लगभग १६ प्रतिशत घरधूरीमा विद्युत आपूर्ति नभएको | आर्थिक सामाजिक बिकासमा अबरोध, जनताको दैनिकीमा कठिनाई | योजनाबद्ध बितरण हुन नसक्नु | बजेटको अभाव | योजनाबद्ध रुपमा बिद्युतीकरण गर्ने र सिमान्त आय भएकालाई जडान अनुदान दिने। बैकल्पिक उर्जा प्रबर्धन केन्द्रसँग समन्वय गर्ने। |
| **सामाजिक क्षेत्र** | | | | | |
| शिक्षा | कमजोर शैक्षिक गुणस्तर | न्यून ग्रेड र न्यून प्रतिस्पर्धात्मक क्षमता भएका बिद्यार्थी उत्पादन | गुणस्तरीय शिक्षा नहुनु, भवन, फर्निचर अभावका कारण पढाइमा असर, बालबालिकाको शिक्षाको स्तरमा कमी, सुरक्षित विद्यालय भवन नहुदा पठन पाठनमा अवरोध, जनचेतनाको अभाव, सामुदायिक विद्यालयमा निजि स्रोतका शिक्षकहरुको उचित व्यवस्था नहुनु, सम्पूर्ण शिक्षकलाई निरन्तर तालिम र तालिम अनुसार काम | बिद्यालय ब्यबस्थापन र शिक्षकहरु मा राजनीति हावी, | बिद्यालय ब्यबस्थापन समिति र शिक्षकलाई राजनीतिबाट टाढा राख्नुपर्ने। शिक्षकको क्षमता विकास, नैतिक र प्राविधिक शिक्षामा जोड, बिद्यालयको भौतिक ब्यबस्थामा सुधार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरेको नगरेको अनुगमन, | | |
| स्वास्थ्य | बढ्दो रोगको जोखिम<br>- | पानीजन्य रोग,असुरक्षित सुत्केरी, टि.वि जस्ता रोगको बढ्दो प्रकोप, घाइते तथा विरामीले तत्काल उपचार नपाउनु, असामयिक मृत्यु, लागुपदार्थ दुर्व्यसनी, जुवातास, जांड रक्सी आदिको निरुत्साहन र उचित ब्यबस्थापन हुन नसकेको आदि | स्वास्थ्य संस्था, औषधी, स्वास्थ्य उपकरण र जनशक्तिको अभाव, प्रजनन स्वास्थ्य र धुम्रपान र मध्यपानको असर सम्बन्धी शिक्षाको कमी | समुचित ब्यबस्थापन र अनुगमनको कमी, कुलत नियन्त्रण नहुनु | सवै वडाहरुमा आधारभूत बर्थिङ सुबिधा सहितको स्वास्थ्य केद्रको ब्यबस्था, गाउँपालिकामा मापदण्ड अनुसारको अस्पतालको ब्यबस्था हुनुपर्ने, लागु औषधी, नसालु पदार्थ बिक्री बितरणमा नियन्त्रण र त्यसको प्रभावकारी ब्यबस्थापन र अनुगमन हुनुपर्ने |
| महिला तथा वालबालिका | महिला बालबालिका, युबा, जेष्ठ नागरिक, अपाङ्गता जस्ताको उचित बिकास र अधिकार स्थापित हुन नसकेको। | असुरक्षित जीवन, न्यून सहभागिता, कमजोर आवाज। | अधिकार संरक्षण, सहभागिताको सुनिश्चितता, सामाजिक सुरक्षा र रोजगारी जस्ता बिषयमा सरकारको कमजोर योजना। | रूढीबादी सोंच, कमजोर मानवीय सम्वेदना, आत्मकेन्द्रित समाज आदि | सामाजिक सुरक्षा र महिला बिकासका बिबिध सशक्तिकरण योजना संचालन गर्नुपर्ने। |
| खानेपानी | लगभग १२ प्रतिशत जनतालाई खानेपानीको सुबिधा नपुगेको र कतिपय ठाउंमा प्रदुषित खानेपानी पिउनुपर्ने बाध्यता | पानीजन्य रोगको खतरा, पानीका लागि घण्टौं धाउनुपर्ने | समुचित योजनाको अभाव र बजेटको कमी | टाढाको श्रोत, पहुंच नभएका दलित र पिछडिएका बस्तिको कमजोर पहुंच। | सबैका लागि पिउने पानी अभियान संचालन गर्ने। |
| खेलकुद | खेलकुदको कमजोर अबस्था। | स्वस्थ, सृजनशील मानव विकासमा असर | खेलकुद मैदान, रङ्गशाला आदिको ब्यबस्था तथा बिभिन्न खेलकुद प्रतिस्पर्धा तथा प्रोत्साहनको अभाव | खेलकुद वाट केही हुन्न भन्ने पुरातनबादी सोंच | खेलकुदको योजनाबद्ध बिकास, प्रोत्साहन, प्रतिस्पर्धाको ब्यबस्था |
| समाबेशी बिकास | सबै जात जाति, बर्ग, धर्म, लिङ्ग र समुदायको बिकासमा समाबेशीता | सामाजिक भेदभावको अनुभूति,विद्रोहको भावनाको बिकास | समाजमा आर्थिक रुपले सम्पन्न र सामाजिक रुपले उच्च जातको प्रभुत्व | परम्परागत सोंच र ब्यबहार | सामाजिक बिभेदको अन्त्य र समाबेशी बिकासको अबधारणा कडाईका साथ लागु गर्ने। |
| **बन, वाताबरण र विपद ब्यबस्थापन** | | | | | |
| बन बिकास | बनको बिनास | मरुभूमीकरणतर्फ उन्मूख, पानीका मुहान सुक्नु | भूक्षय बाढी पहिरोबाट जनधनको क्षति, पानीको श्रोतमा कमी, वातावरणीय ह्रास, नदी कटान, खेती | बढ्दो जनसंख्या र शहरिकरण र बसोबास, | दीगो र सन्तुलित बिकासको अबधारणा लागु गर्ने, खाली जमिन, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | योग्य जमिनको कटान, हरियाली एबं प्राकृतिक सुन्दरतामा ह्रास | अव्यबस्थित कृषि, बढ्दो उर्जा संकट आदि | भिर पाखामा माटो सुहाउँदो बृक्षा रोपण र व्यवस्थापन |
| भूसंरक्षण | भूक्षय, नदी कटान | बाढी पहिरो र जनधनको क्षति | वन विनास, अव्यबस्थित बस्ति | सुकुम्बासी समस्या, भू उपयोग योजनाको अभाव | ब्यबस्थित, भूउपयोग, बन बिकास र व्यवस्थित सडक निर्माण योजना |
| वाताबरण | वातावरण प्रदुषण | रोग ब्याधीको बिकास,स्वच्छ हावा पानीको अभाव, समस्त प्राणीको जीवन प्रणालीमा खतरा | हावा, पानी, ध्वनी, प्रदुषण | जथाभाबी बस्ति विकास, शहरीकरण, विकास निर्माण,माप दण्ड बिपरितका सबारी साधन, जथाभावी औद्योगीकरण आदि। | ब्यबस्थित बस्ति विकास, वाताबरण मैत्री औद्योगिक एबं पूर्वाधारको विकास, दीगो विकासका लक्ष्य परिपुर्तिमा आधारित विकास प्रकृया। |
| विपद ब्यबस्थापन | फितलो विपद ब्यबस्थापन | धनजनको क्षति | प्राकृतिक र मानव निर्मित संरचनाहरु, आगलागी, बाढी पहिरो, चट्याङ्क आदी । | चेतनाको अभाव, हेलचक्र्याई, मापदण्डको अभाव, जथाभावी शहरीकरण र बस्ति बिकास आदि | प्रकोप प्रतिरोधी संरचना निर्माण,भवन एवं पूर्वाधार मापण्डको निर्माण र पालना, प्रकोप ब्यबस्थापन योजना र तयारी आदि। |
| **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** | | | | | |
| श्रोत ब्यबस्थापन | श्रोतको कमी | कमजोर कार्यालय ब्यबस्थापन र विकास प्रकृया | न्यून आन्तरिक आय,विकास साझेदारहरुसँग समन्वय र सहकार्यको कमी | गाउँपालिकाको करको दायरा नै सांघुरो रहेको, कर तिर्ने वानीको बिकास नभएको आदि | आर्थिक एबं सामाजिक विकासलाइ तिब्रता दिंदै जनताको कर तिर्ने बानी र क्षमताको विकास गर्ने र बिकासका साझेदारहरुसँग समन्वय र सहकार्य गर्दै न्यून श्रोतको राम्रो ब्यबस्थापन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गर्ने |
| सुशासन | जवाफदेहिता, पारदर्शीता, प्रभावकारी सेवा प्रबाह मा कमी | सेवा प्रवाहमा ढिलासुस्ति, जनताको असन्तुष्टि, बिकास लागतमा बृद्धि, जनसहभागितामा कमी, भ्रष्टाचारमा बृद्धि | ऐन, नियम मापदण्ड को पालनामा कमी, दण्ड पुरस्कारको अभाव,भ्रष्टलाई कार्वाही नहुनु आदि | राजनैतिक संरक्षण, कमजोर नियम कानून, धन भएपछि जे गरेपनि हुन्छ भन्ने सामाजिक मान्यता, | प्रभावकारी नियम कानून र मापदण्ड निर्माण र पालना, जनसहभागिता, सार्बजनिक सुनवाई, सार्बजनिक परीक्षण, प्रभावकारी दण्ड पुरस्कारको ब्यबस्था आदि |
| सेवा प्रवाह | प्रभावकारी सेवा प्रबाह नहुनु | जन असन्तुष्टि, सेवा लागतमा बृद्धि, भ्रष्टाचार | जबाफदेहिता र पारदर्शितामा कमी | प्रभावकारी ऐन, नियम र दण्ड पुरस्कारको ब्यबस्था नहुनु, जवाफदेहिता र पारदर्शिताका औजारहरुको प्रयोग नहुनु | सेवा प्रबाहको मापदण्ड निर्माण गरी सोको अनुसरण गर्ने, घुम्ति सेवा प्रदान गर्ने। |

**१.८. संघीय तथा प्रादेशिक योजनासँग अन्तर सम्बन्धः** यो योजना संघ सरकारको चौधौं योजना र दीगो बिकासका लक्षहरु र बिभिन्न क्षेत्रगत योजनाहरुसँग तादात्म्यता राखि निर्माण गरिएको छ। प्रादेशिक योजना हाल बनी सकेको छैन ।

## परिच्छेद २

## ईस्मा गाउँपालिकाको विकासको अबधारणा

### २.१ः पृष्ठभूमी

ईस्मा गाउँपालिका समृद्धिका लागि प्रसस्त सम्भावना बोकेको स्थान हो। धान, मकै, कोदो, गहुं, जौ, दलहन, तेलहन, बिबिध जातका फलफूल, बिभिन्न तरकारी, कफी, पशुपालन, कुखुरा हांस पालन, मौरीपालन आदि कृषिका सम्भावनाका साथै पर्यटन, उद्योग, बाणिज्य, बन, जडिबुटी जस्ता प्रसस्त सम्भावना भएको र मानव संसाधनका दृष्टिले पनि बिकासलाई हांक्न सक्ने प्रसस्त जनशक्ति यस गाउँपालिकामा बिद्यमान छन। बिकासका यिनै सम्भावनाहरुलाई समृद्धितिर उन्मुख गर्न यो आवधिक योजना तयार गरिएको हो। यो आवधिक योजनाको दीर्घकालीन सोंच, लक्ष्य, प्राथमिकता, निर्देशक सिद्धान्त देहाय बमोजिम निर्धारण गरिएको छ।

### २.२. ईस्मा गाउँपालिकाको दीर्घकालीन सोंच

**“कृषि, रोजगार, पर्यटन र पूर्वाधार**
**समतामूलक ईस्मा, समृद्धिको आधार”**

सहभागितात्मक तवरबाट निर्धारण गरिएको ईस्मा गाउँपालिकाको विकासको दीर्घकालीन सोंचले समष्टिगत बिकासको पथ प्रदर्शन गर्दछ। यसले समावेशी रुपको आर्थिक, सामाजिक र पूर्वाधार बिकासद्वारा समृद्धितिर उन्मुख गराउंछ।

### २.३. गाउँ विकासका निर्देशक सिद्धान्तहरु

**क) जनकेन्द्रीत विकास**

विकास स्थानीय जनताको समृद्धिसँग जोडिएर रहेको हुन्छ । विकासले के, कुन पक्ष र बिषयलाई सम्वोधन गर्नुपर्छ भन्ने कुरा स्थानीय विशिष्टतामा भर पर्दछ । विशेषतः विकासका लाभबाट वञ्चित समुदाय, दलित, पिछडा वर्ग, महिला, वालवालिका, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति लगायत यातायात सुबिधा तथा भौगोलिक रुपमा पछि परेका भेगका जनतासम्म पुर्याउने कुरालाई ध्यानमा राखी योजना तथा बजेट तर्जुमा र कार्यान्वयन गरिनुपर्छ। पिछडिएका र पछाडि पारिएका समुदाय एवं वर्गको सवलीकरण एवं सशक्तीकरण गर्दै सामाजिक एवम् आर्थिक बिकास गर्नेतर्फ यो योजना निर्देशीत रहनेछ।

**ख) सुशासन**

गाउँपालिकाको परिकल्पना अनुरुप प्रदान गरिने सेवा सुविधालाई पारदर्शी, समावेशी, जन आवश्यकतामा आधारित, सहभागितात्मक एवं जनताप्रति उत्तरदायी बनाउन आवश्यक संयन्त्रहरुको निर्माण तथा परिचालनमा ध्यान दिइनेछ । साथै सीमित स्रोतहरुको अधिकतम उपयोग गर्न स्थानीय सुशासनको सर्वोपरी महत्वलाई ध्यान दिइनेछ । विकास कार्यमा सहभागितालाई प्रवर्धन गर्दै विकास आयोजनाप्रति स्थानीय समुदायको स्वामित्वभाव स्थापना गर्दै दीगोपना सुनिश्चित गर्नुपर्ने

हुन्छ। गाउँको समग्र विकासका लागि स्थानीय सुशासन कायम राख्ने सिद्धान्तलाई सर्वोपरी महत्व दिइनेछ ।

**ग) सामाजिक समावेशीकरण**

गाउँपालिकाका महिला, दलित, आदिवासी जनजाति तथा पिछडा वर्गहरु नै विकासका मुख्य लक्षित समुदायका रुपमा रहेका छन। पछि परेका समुदायका महिला तथा वालवालिकाहरुको अवस्था तुलनात्मक रुपमा कमजोर रहेको छ । यस अवस्थामा गाउँ विकासको लागि विभिन्न खालका विभेद र असमानता भोग्दै आएका नागरिकको सशक्तीकरण गर्दै गाउँमा प्रचलित कुरीतिका रुपमा रहेका महिला घरेलु हिँसा, वालहिँसा, बोक्सीप्रथा आदिका विरुद्ध अभियानात्मक कार्यक्रम गरिनेछ । गाउँपालिका भित्रका वालश्रमिक, अपाँगता भएका व्यक्ति, वृद्धवृद्धाहरुका लागि न्यायोचित प्रवन्ध मिलाइनेछ। पछि परेका लिङ्ग, क्षेत्र, वर्ग तथा समुदायको स्थानीय शासन र विकासका सबै प्रक्रियामा अधिक्तम सहभागिता अभिवृद्धि गराइनेछ। सार्वजनिक रुपमा गरिने धार्मिक कार्यक्रमहरुमा बिना भेदभाव सबैले सहभागी हुने व्यवस्था मिलाइनेछ।

**घ) बालमैत्री स्थानीय शासनको निरन्तरता र प्रवर्धन**

गाउँपालिकामा वालमैत्री स्थानीय शासनका सूचकहरु आबश्यकता अनुसार परिमार्जन, थप उन्नत सूचकहरुको विकास र पालना गर्दै वालमैत्री गाउँ को रुपमा बिकास गरिनेछ।

**ङ) भू-उपयोग योजनाको तयारी र कार्यान्वयन**

यस नव गठित ईस्मा गाउँपालिकालाई व्यवस्थित, स्वच्छ र हरियाली कायम राख्दै ब्यबस्थित रुपमा बिकास गर्न यथासक्य चाँडो भू-उपयोग नीति तयार गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ।यसका लागि गाउँपालिकाको भू-उपयोग गुरु योजना समेत तयार गरिनेछ र अनियन्त्रित बस्ति बिकासलाई व्यवस्थित गर्न आवास क्षेत्र, औद्योगिक क्षेत्र एवं व्यवसायिक क्षेत्र निर्धारण गरिनेछ।प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यून गर्न सुरक्षित आबासको योजना निर्माण र जनचेतना कार्यक्रम संचालन गरिनेछ।

**च) वातावरणमैत्री विकास**

गाउँवासीको जीवनयापनको आधार यहाँको जमिन, जल र जंगल नै भएको हुनाले यी स्रोतहरुको वुद्धिमत्तापूर्ण एवं दिगोरुपमा उपयोग गर्ने र विकास कार्यक्रमहरु सञ्चालन गर्दा वातावरणीय क्षतिलाई न्यून गर्ने नीति लिइनेछ । ग्रामिण वस्तिमा स्वच्छता कायम गर्न घर घरमा कुहिने र नकुहिने फोहोर छुट्याउन प्रोत्साहन गरी कुहिने फोहोरलाई मल बनाउने नकुहिने फोहोरलाई आबश्यक ब्यबस्थापन गर्न लगाईनेछ।यसका लागि गाउँपालिकाले आबश्यक सहयोग समेत गर्नेछ।आबश्यकता बढ्दै गएमा फोहर बिसर्जन गर्न सक्ने गरी बिसर्जन केन्द्रको लागि स्थान समेतको ब्यबस्था यसै योजना भित्र गर्न पहल गरिनेछ। यसैगरी गाउँवासीहरुको आचरण र व्यवहारलाई वातावरणमैत्रीतर्फ उन्मुख गराउने सिद्धान्त अपनाइनेछ ।

**छ) सन्तुलित विकास**

जनसंख्याको बृद्धि, बस्ति बिकास, शहरीकरण तथा वसाई सराइ आदिलाई ध्यानमा राख्दै बस्ति बिकासलाई आवश्यक सेवासँग आवद्ध गराई सन्तुलन राख्ने नीति लिइनेछ ।

### ज) स्थानीय स्रोत, साधन, सम्पदाको उपयोग

गाउँपालिकामा विकास योजना सञ्चालन गर्दा स्थानीय स्रोत, साधन, सम्पदाको बुद्धिमतापूर्ण एवं दिगो रुपमा उपयोग गर्ने र वातावरणीय क्षतिलाई सकेसम्म न्यून गरिनेछ । गाउँपालिकालाई स्वच्छ, सुन्दर र हरित गाउँको रुपमा विकास गरिनेछ ।

### झ) सार्वजनिक, निजी साझेदारी

गाउँपालिकाको बिकासमा सार्वजनिक क्षेत्रका अलावा निजी क्षेत्र, दातृ निकाय र अन्य स्थानीयतहको साझेदारी विकासका लागि उपयुक्त वातावरण बनाउनु विकास योजनाको निर्देशक सिद्धान्त हुनेछ । निजी क्षेत्र प्रबर्धनका लागि आवश्यक शान्तिसुरक्षा, विकासका पूर्बाधार र लाभको बाँडफाँडको न्यायोचित प्रबन्ध गरिनेछ ।

### ञ) गैसस तथा सहकारी क्षेत्रसँग साझेदारिता

गाउँ विकासका लागि गाउँपालिका र विषयगत शाखाहरुको मात्र प्रयासले पर्याप्त हुँदैन। आर्थिक सामाजिक बिकास र जनचेतना अभिबृद्धिका लागि स्थापना भएका गैरसरकारी संस्थाहरुसँग बिकासका लागि सहकार्य र साझेदारी गरिनेछ । त्यसैगरी आय आर्जनका क्रियाकलापहरु, साना पूँजी परिचालन गरी आर्थिक सशक्तीकरण र गाउँ क्षेत्रका आर्थिक गतिविधि चलायमान गराउन सहकारी क्षेत्रसँग सहकार्य गरिनेछ । सहकारी क्षेत्रबाट प्राप्त मुनाफाबाट हुने निश्चित प्रतिशत लगानीलाई सहकारी प्रवर्धनमा योगदान पुग्ने भौतिक पूर्वाधारका क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

### ट) विपद जोखिम न्यूनीकरण

विकास निर्माणका हरेक पक्षहरु विपद जोखिमका दृष्टिले उत्तिकै संवेदनशील हुन्छन्।विपद जोखिमलाई नजरअन्दाज गरेर गरिने विकासका क्रियाकलापहरुबाट दिगो, प्रभावकारी र अपेक्षित उपलब्धि हासिल नहुने हुन्छन् । त्यसैले गाउँ विकासका सवै विषय क्षेत्रसँग अन्तरसम्बन्धित बिषयका रुपमा विपद जोखिम न्यूनीकरणलाई राखिनेछ । गाउँपालिकाको योजना तर्जुमा तथा कार्यान्वयनका चरणका साथै निजी क्षेत्रबाट गरिने कार्यमा समेत विपद जोखिम न्यूनीकरणलाई ध्यान दिइनेछ । बाढी, पहिरो, आगलागी, भुकम्प, चटयाङ्ग जस्ता प्रकोपबाट बच्ने उपाय बारे सचेतनामूलक कार्यक्रममा ध्यान पुर्याइनेछ ।

### ठ) जनसहभागिता

विकासमा जनसहभागिताले जनता र स्थानीय सरकार वीचको सम्बन्ध स्थापित हुने, आयोजनाको लागत कम हुने, जनताको आयोजना प्रतिको अपनत्व हुने, आयोजनाको दीगो ब्यबस्थापन हुने, स्थानीय जनशक्ति र श्रोत साधनको परिचालन हुने, जनताको सम्पूर्ण योजना चक्रमा क्षमता बढ्ने हुन जान्छ।त्यसैले योजनाका हरेक चरणमा लक्षित समूहको समानुपातिक र समावेशी सहभागिता गराइनेछ। योजनाबध्द विकास प्रक्रियालाइ अवलम्बन गरिनेछ ।

## २.४. आवधिक योजनाको लक्षः

**"निरपेक्ष गरिबीको उन्मुलन गर्ने"**

ईस्मा गाउँपालिकाको दीर्घकालीन सोंचलाई ध्यानमा राखि सहभागितात्मक तवरबाट निर्धारण गरिएको आवधिक योजनाको लक्षले योजनाका उद्धेश्य, प्राथमिकता, नीति, रणनीति र कार्यक्रमलाई निर्देशित गर्दछ।

**२.५. आवधिक योजनाका उद्धेश्यहरुः** आवधिक योजनाले राखेको **"निरपेक्ष गरिबीको उन्मुलन गर्ने"** भन्ने लक्षलाई परिपूर्ति गर्न सबै बिषय क्षेत्रको समस्या बिश्लेषणलाई आधार मानी सबै बिषय क्षेत्र समेटी देहायका उद्धेश्यहरु निर्धारण गरिएको छ।

१. कृषि, पर्यटन, उद्योग, बाणिज्य लगायतका क्षेत्रहहरुको विकास गर्दै दिगो उच्च आर्थिक बृद्धि कायम गर्ने,

२. शिक्षा, स्वास्थ्य, लगायत सामाजिक क्षेत्रको विकास गर्ने,

३. सडक, सिंचाई, बिद्युत लगायतका भौतिक पूर्वाधारको विकास गर्ने,

४. बन, वातावरण क्षेत्रको संरक्षण र बिकास गर्दै दीगो बिकासको अबधारणा अभिबृद्धि गर्ने,

५. सुशासन कायम गर्दै प्रभावकारी र गुणस्तरीय सेवा प्रबाह गर्ने।

## २.६. आवधिक योजनाका परिमाणात्मक सूचकहरुः

**क. आर्थिक विकासका क्षेत्र**

- आगामी बर्षदेखि पर्यटकको आगमनको आधारमा होमस्टे संचालन गर्दै लगिएको हुनेछ।
- आगामी बर्षदेखि उद्योग वा कुनै ब्यबसायको स्किमको आधारमा बैंक तथा वित्तिय संस्थाहरुबाट सामुहिक धितो वा गाउँपालिका ग्यारेण्टी बसी सहुलियत ऋण दिने ब्यबस्था गरिएको हुनेछ।
- ३ बर्ष भित्र गाउँपालिकामा दुग्ध संकलन र प्रशोधन केन्द्र स्थापना गरी हरेक बस्तिबाट दुध संकलन र प्रशोधन गरिएको हुनेछ।
- ३ बर्ष भित्र सबै बिषयगत सहकारी संस्थाहरुको उचित नियमन र ब्यबस्थापन गरिएको हुनेछ।
- ३ बर्ष भित्र तरकारी एवंम नगदे वालीको ब्यबसायिक उत्पादन शुरु भएको हुनेछ।
- ३ बर्ष भित्र वित्तीय संस्था मार्फत कृषि तथा पशु विमा थालनी भएको हुनेछ ।
- ३ बर्ष भित्र मासु, अण्डा, फलफूल, तरकारी र दुग्ध पदार्थमा स्थानीय तहलाई आत्मनिर्भर गराउँदै चौथो बर्ष देखि निर्यात गर्न सक्षम भएको हुनेछ।
- ५ वर्ष भित्र प्रत्येक वस्ती स्तरमा कम्तीमा एक लघु उद्यम सञ्चालनमा आएको हुनेछ ।
- ५ वर्ष भित्र प्रत्येक परिवारमा कम्तिमा एकजना पूर्ण रोजगार भएको हुनेछ ।

- ५ वर्ष भित्र बैंकिङ् सेवामा सबै नागरिकको सहज पहुँच पुगेको हुनेछ ।
- ५ बर्ष भित्र सहकारी संस्थाहरुलाई परिचालन गरि कम्तिमा एक वडा एक सहकारी पसलको व्यवस्था गरी वस्तु र सेवाको सहज आपूर्तिको ब्यबस्था गरिएको हुनेछ ।
- ५ बर्ष देखि बिभिन्न फलफूलहरुको ब्यबसायिक उत्पादन शुरु भएको हुनेछ।
- बाणिज्य बैकसँग समन्वय गरी एक वालिग ब्यक्ति एक बैक खाताको नीति लिइनेछ र ५ बर्ष भित्र कम्तिमा एक परिवार एक खाता को ब्यबस्था गरिएको हुनेछ।
- ईस्माकोट दरवार लगायत पर्यटकीय स्थलको पहिचान र प्रचार गरि कम्तिमा ५ बर्ष भित्रमा बार्षिक १ हजार पर्यटक भित्र्याइएको हुनेछ।
- ५ बर्ष भित्र कम्तिमा **एक गाउँ एक दुग्ध पशुफार्म** संचालन गरिएको हुनेछ।
- ५ बर्ष भित्र **एक वडा एक कुखुरा फर्म**को नीति अनुरुप कुखुरा पालन गरी सहकारी मार्फत बिक्रीको ब्यबस्था मिलाइएको हुनेछ।
- ५ बर्ष भित्र गाउँपालिका क्षेत्र भित्रका सबै सामुदायिक वनमा माटो सुहाउँदो जडिबुटी खेतीको बिस्तारमा समुदाय परिचालन गरिएको हुनेछ ।

## ख. सामाजिक विकासका क्षेत्र

### स्वास्थ्य

- १ बर्ष भित्रै देखि महिला सुत्केरी मृत्युदर सुन्यमा झारिएको हुनेछ ।
- १ बर्ष भित्रै देखि मुटुरोग, रक्तचाप, मधुमेह जस्ता र झाडा पखाला तथा पानीजन्य रोगको कारण बाट बच्ने उपाय बारेमा स्थानीय एफ.एम. मार्फत जनतासँग डाक्टर कार्यक्रम मार्फत सचेतना अभिबृद्धि गरिएको हुनेछ।
- २ बर्ष भित्रै देखि सबै गर्भवति महिलाहरुले नियमित खोप र स्वास्थ्य परीक्षण गराएका हुनेछन।
- २ बर्ष भित्रै देखि हात्तिपाईले रोग, भिटामिन ए, हेपाटाइटिस आदि सम्बन्धि खोप वा औषधी सबैले लिएका हुनेछन।
- ५ वर्ष भित्र सबै नागरिकको लागि निःशुल्क आधारमूत स्वास्थ्य सेवाको सुनिश्चितता भएको हुनेछ ।
- ५ बर्ष भित्र सबै वडामा आबश्यक उपकरण, औषधि र स्वास्थ्य कर्मी सहितको सुविधा सम्पन्न स्वास्थ्य चौकी सञ्चालन भएको हुनेछ।यसमा बर्थिङ सेन्टरको सुबिधा समेत भएको हुनेछ।
- ५ बर्ष भित्र गाउँपालिका केन्द्रमा कम्तिमा १५ सैय्याको सुबिधा सम्पन्न अस्पताल सञ्चालन भएको हुनेछ।
- ५ वर्ष भित्र मातृ मृत्युदर तथा बाल मृत्युदर शुन्यमा स्थिर रहेको हुनेछ ।

- ५ बर्ष भित्रै देखि सबै गर्भवति महिला स्वास्थ्य संस्थामा स्वस्थ्य कर्मीको सहयोगमा सुत्केरी भएका हुनेछन।
- ५ बर्ष मुनिका सबै बालबालिकाले आबश्यक सबै खोप र औषधी लिएका हुनेछन।
- ५ बर्ष भित्र स्वास्थ्य बिमा कार्यक्रमलाई घरघरमा पुर्याइएको हुनेछ।

**शिक्षा**

- पहिलो बर्ष नै गाउँ शिक्षा समिति गठन भएको हुनेछ।
- पहिलो बर्ष नै सबै बिद्यालयहरुको ब्यबस्थापन समिति गठन भएको हुनेछ।
- २ बर्ष भित्र सबै ५ बर्ष पुगेका बालबालिका अनिबार्य बिद्यालय पठाइनेछ।
- ५ बर्ष भित्र साक्षरतालाई १०० प्रतिशत पुर्याई त्यसमा स्थिर राखिनेछ।
- ५ बर्ष भित्र छिमेकका अन्य स्थानीय तहसमेत मिली अपाङ्गता भएका ब्यक्तिहरु अध्ययन गर्ने बिशेष बिद्यालय स्थापना गरिएको हुनेछ ।
- ५ बर्ष भित्र एक निश्चित मापदण्डका आधारमा कक्षा कोठा बिद्यार्थी अनुपात र बिद्यार्थी शिक्षक अनुपातको आधारमा शिक्षकको दरबन्दी मिलान र कक्षा कोठा ब्यबस्था गरिएको हुनेछ।
- ५ बर्ष भित्र बिद्यालयमा सिकाईको गुणस्तर बृद्धि गर्दै अन्य बिद्यालयहरुको दांजोमा पुर्याइएको हुनेछ।
- ५ बर्ष भित्र प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिमको योजना तर्जुमा, सञ्चालन,अनुमति, अनुगमन, मूल्यांकन र नियमन भएको हुनेछ।
- ५ बर्ष भित्र बिद्यार्थीको सिकाई, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता बिकास आदि योजना बनाई कार्यान्वयन गरिएको हुनेछ।

**खानेपानी र सरसफाई**

- ५ वर्ष भित्र सबै बस्तीमा खानेपानी व्यवस्थित भएको र पानी सहितको शौंचालयको ब्यबस्था भएको हुनेछ ।

**अन्य**

- ५ बर्ष भित्र गाउँपालिकाले गठन गर्ने उपभोक्ता समिति, सार्वजनिक नियुक्ति, संचालक समिति आदि सबैमा सबै लिङ्ग, जात जाति आदिको समाबेशी सहभागिता सुनिश्चित गरिएको हुनेछ।
- ५ बर्ष भित्र महिला हिंसा, बाल बिबाह, दाइजो प्रथा, बोक्सी प्रथा आदि पूर्णतः उन्मुलन भएको हुनेछ।
- ५ बर्ष भित्र लागू औषध दुर्ब्यसन मुक्तक्षेत्र घोषणा गरिएको हुनेछ।
- ५ बर्ष भित्र छुवाछुतमुक्त ईस्मा घोषणा गरिएको हुनेछ।

## ग. पूर्वाधार विकासका क्षेत्र

- १ बर्ष भित्र सडक अधिकार क्षेत्र (Right of Way) निर्धारण भई सो मापदण्डको निरन्तर कार्यान्वयन हुनेछ।
- ३ वर्ष भित्र बसपार्क सञ्चालनमा आएको हुनेछ ।
- ५ वर्ष भित्र भू-उपयोग योजना (Land Use Plan) बनाई जमीनको वर्गिकरण मार्फत मापदण्ड निरन्तर कार्यान्वयन हुनेछ ।
- ५ वर्ष भित्र गाउँपालिका भवन तथा सबै वडा कार्यालयको भवन निर्माण भएको हुनेछ ।
- ५ वर्ष भित्र सबै वडा केन्द्र जोड्ने र बाह्रै महिना चल्ने सडक सञ्जाल सञ्चालनमा आएको हुनेछ ।
- ५ वर्ष भित्र प्रत्येक घरधुरीमा विद्युत सेवा पुगेको हुनेछ ।
- ५ बर्ष भित्र सिंचाई योग्य १०० प्रतिशत भूभागमा सिंचाई सुबिधा पुगेको हुनेछ।

## घ. वातावरण तथा विपद विकासका क्षेत्र

- आगामी बर्ष देखि कुनै पनि आयोजना संचालन गर्दा आबश्यकता अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन नगरी संचालन गरिएको हुने छैन।
- २ बर्ष भित्र फोहर वर्गिकरण गरी फोहर व्यवस्थापन भएको हुनेछ ।
- २ बर्ष भित्र पानीको मुहान, नदी खोलाको संरक्षण गर्दै नदीखोलाहरुमा फोहर, ढल निस्कासन गरिएको हुने छैन ।
- २ बर्ष भित्र भू जोखिम नक्सा तयार गरी क्रमशः भूसंरक्षण गरिदै लगिएको हुनेछ।
- ३ बर्ष भित्र सबै खाली जमीन, भिरपाखामा माटो सुहाउँदो बोट विरुवा, जडिबुटी, चिउरी कागती लगायतका विरुवाहरु समुदायलाई परिचालन गरि बृक्षारोपण गरिएको हुनेछ ।
- ५ बर्ष भित्र सञ्चालनमा रहेको उद्योगहरूको प्रदुषण स्तर वर्गीकरण गरी अभिलेख राखिएको हुनेछ ।
- ५ बर्ष भित्र संरक्षित वन क्षेत्रको बिस्तार र प्रभावकारी व्यवस्थापन गरिएको हुनेछ ।
- ५ बर्ष भित्र उपकरण र कार्ययोजना सहितको विपद व्यवस्थापन केन्द्र स्थापना भएको हुनेछ ।
- ५ बर्ष भित्र **"एक बस्ति एक खुला क्षेत्र एक वडा एक उद्यान"** स्थापना भएको हुनेछ ।
- ५ बर्ष भित्र मापदण्ड बिपरितका प्लाष्टिकजन्य बस्तुको प्रयोगमा पूर्णतया बन्देज लगाइएको हुनेछ ।

**ङ. संस्थागत विकास, सेवा प्रवाह र सुशासनः** यसै बर्ष देखि बर्षमा कम्तिमा २ पटक घुम्ति सेवा संचालन गरिएको हुनेछ।

- यसै बर्ष देखि **जनतासँग सिधा सम्पर्क** कार्यक्रम अन्तर्गत जनताका गुनासो सुनुवाई गर्ने र त्यसको निराकरण तुरुन्त गर्ने ब्यबस्था मिलाइएको हुनेछ।
- यसै बर्षदेखि प्रत्येक आ.व.को पहिलो चौमासिक भित्र अचल सम्पत्ति तथा स्थानीय तहलाई हस्तान्तरण भई आएका सबै सम्पत्तिको विवरण सार्वजनिक भएको हुनेछ ।
- यसै बर्ष देखि प्रत्येक आ.व.को पहिलो चौमासिक भित्र स्थानीय तहका गैरसरकारी सामाजिक संघ संस्थाको विवरण अद्यावधिक गरी सार्वजनिक भएको हुनेछ ।
- यसै बर्षदेखि सभा तथा कार्यपालिकाका निर्णयहरु २४ घण्टा भित्र सार्वजनिक भएको हुनेछ ।
- यसै बर्षदेखि चौमासिक रुपमा विकास निर्माण र सार्वजनिक सेवाको सार्वजनिक सुनुवाई गरिएको हुनेछ ।
- यसै बर्षदेखि सेवा प्रकृयामा गुणस्तरीयता कायम गर्न सेवाग्राहीको Exit pole को ब्यबस्था गरिएको हुनेछ।
- १ बर्ष भित्र अनलाईन पद्धतिबाट सबै किसिमका व्यक्तिगत घटना दर्ता सम्बन्धी सेवा उपलब्ध भएको हुनेछ ।
- १ बर्ष भित्र हरेक वडा कार्यालय र गाउँपालिका कार्यालयमा नागरिक वडापत्र राखिएको हुनेछ।
- २ बर्ष भित्र नेपाल सरकारले उपलब्ध गराएको नमूना कानुन बमोजिम स्थानीय तहका अधिकारक्षेत्र भित्रका आवश्यक ऐन कानून स्वीकृत गरी लागू भएको हुनेछ ।
- ३ बर्ष भित्र संबिधान र स्थानीय सरकार संचालन ऐन बमोजिम आबश्यक ऐन, नियम, निर्देशिका र मापदण्ड तयार गरि लागु गरिएको हुनेछ।

### २.७. प्राथमिकताका क्षेत्रहरुः

बिषयगत प्राथमिकताको कुरा गर्दा सडकलाई पहिलो, खानेपानीलाई दोश्रो र आर्थिक सामाजिक विकासका सूचकहरुमा सुधार जस्ता बिषयहरुलाई तेश्रो त्यसपछि बिद्युत तथा अन्य पूर्वाधारलाई प्राथमिकतामा राखिएको छ।क्षेत्रगत प्राथमिकता हेर्दा एक अर्काप्रति अन्यान्नोश्रित देखिन्छन, सबैलाईसँगसंगै लिएर जानुपर्ने देखिन्छ।गाउँपालिकाले आफैं गर्ने लगानीका रकमका हिसाबले देहायका क्षेत्रहरुलाई प्राथमिकताको क्रममा राखिएको छ।

**क. पूर्वाधारको बिकासः** पूर्वाधारको बिकास बिना सामाजिक आर्थिक उन्नति हुन सक्दैन त्यसैले पूर्वाधारको बिकासलाई पहिलो प्राथमिकताको रुपमा लिइएको छ ।पूर्वाधारमा पनि सडकलाई पहिलो प्राथमिकतामा राखिएकोछ।सडक पछि क्रमशः बिद्युत, सिंचाई, बस्ति बिकास जस्ता क्षेत्रहरु पर्दछन।

**ख. सामाजिक बिकासः** मानव संसाधनको बिकास बिना समुचित बिकास सम्भब छैन।मानव नै बिकासको साधन र साध्य दुबै हो।यो जहिले पनि पहिलो प्राथमिकतामा पर्ने कुरा हो तर यसको

बिकासका लागि पनि सडक, बिद्युत जस्ता पूर्वाधार बिकास अनिबार्य छ। योजनामा सरकारी लगानीका दृष्टिले यस क्षेत्रलाई दोश्रो प्राथमिकताको रुपमा राखिएको छ। यस क्षेत्रमा पनि पहिलो खानेपानी, त्यसपछि स्वास्थ्य, शिक्षा तथा अन्य क्षेत्रलाई क्रमशः प्राथमिकतामा राखिएकोछ।

ग. **आर्थिक बिकासः** सरकारी लगानीका दृष्टिले आर्थिक बिकासलाई तेश्रो प्राथमिकता दिइएको छ। आर्थिक बिकासमा पनि कृषिलाई पहिलो प्राथमिकतामा राखिएको छ। ९५ प्रतिशत कृषिमा निर्भरता भएको गाउँपालिकामा यसको बिकास बिना आर्थिक बिकास सम्भव छैन। यस क्षेत्रमा नीजी क्षेत्रहरुको लगानी अपेक्षा गरिएको छ। गाउँपालिकाले निजी क्षेत्रका लगानीलाई आकर्षित गर्न बिभिन्न नीतिगत र संस्थागत सुधार गर्नुका साथै बिभिन्न अनुदानको नीति समेत कार्यान्वयन गर्नेछ। कृषि पछि क्रमशः पशु बिकास, पर्यटन र उद्योग, बाणिज्य क्षेत्रलाई प्राथमिकतामा राखिएको छ।

घ. **वन तथा बाताबरणः** बन तथा वाताबरणको समुचित बिकास बिना प्रकृति र मानव बीच सन्तुलन राख्न सकिन्न। स्वच्छ हावापानी मानव जीवनको लागि आबश्यक तत्व हो। बन हाम्रो जीवन पद्धतिसँग जोडिएको बिषय हो। त्यसकारण यसलाई प्राथमिकतामा राखिएको हो।

ङ. **संस्थागत बिकास, सेवा प्रवाह र सुशासनः** यो क्षेत्र लगानीको हिसावले प्राथमिकता क्रममा तल देखिएपनि यसले नै सबै बिकास कार्यक्रम संचालन गर्ने हो, यसको प्रभाबकारितामा नै अरु बिकास सम्भव हुन्छ त्यसकारण यसलाई समानन्तर रुपमानै प्राथमिकतामा राखिएको छ।

## २.८. गाउँ विकासका समष्टिगत रणनीतिहरुः

ईस्मा गाउँपालिकाको बिकासका लागि देहाय अनुसारका समष्टिगत रणनीतिहरु र यसलाई कार्यान्वयन गर्ने कार्यनीतिहरु उल्लेख गरिएका छन। यी रणनीति एवं कार्यनीतिहरु कुनै एक निश्चित विषय क्षेत्रले मात्र सम्बोधन गरेर नपुग्ने र विकासका सवै बिषय क्षेत्रहरु र साझेदार निकायहरुले सम्वोधन गर्नुपर्ने अन्तर सम्बन्धित बिषयहरु हुन।

१. ईस्मा गाउँपालिकालाई व्यवस्थित एवं सुविधायुक्त गाउंको रुपमा विकसित गर्दै लगिनेछ ।

२. जनताको आयस्तरमा बृद्धि गर्दै बचत तथा लगानी गर्ने क्षमताको विकास गराउँदै लगिनेछ।

३. स्थानीय स्तरमा भएका उत्पादनहरुको बजारसंगको पहुँच स्थापित गराउन आबश्यक ब्यबस्था गरिनेछ।

४. गाउँपालिकाको विकासका लागि विकास साझेदार निकायहरुसंग समन्वय, सहकार्य, साझेदारी र आपसी सहयोगको नीति अबलम्बन गरिनेछ।

५. नेपाल सरकार, प्रदेश सरकारहरुसंग बिकासमा सहकार्य गरिनेछ।

६. विकासमा सबैको समान पहुँच, स्वामित्व र अधिकार स्थापित गर्न जनसहभागितात्मक र समाबेशी विकासको अबधारणा लागु गरिनेछ।

७. वालमैत्री स्थानीय शासनको निरन्तरता, विकास र प्रवर्द्धन गरिनेछ।

८. स्थानीय पूर्वाधार, खुलाक्षेत्र हरियाली एबं पार्क, आवास तथा सामाजिक सुविधा सम्बन्धी पूर्वाधार निर्माणलाई निर्धारित मापदण्ड अनुसार बनाइ वातावरण मैत्री र प्रकोप प्रतिरोधी विकासमा जोड दिइनेछ ।

९. गाउंविकासमा कार्यरत स्थानीय संघ संस्था तथा नागरिक समाजहरुको क्षमता विकास, सहभागिता र परिचालनमा जोड दिइनेछ ।

१०. गाउँपालिकाको सम्भाव्य स्रोतहरुको पहिचान एवं परिचालन गरी समुचित उपयोगको ब्यबस्था गरिनेछ।

११. भू उपयोग योजना बनाई सोही अनुसार जमिनको उपयोग गर्ने ब्यबस्था गरिनेछ।

१२. आवधिक गाउंविकास योजना कार्यान्वयनका लागि सरकारी, गैरसरकारी तथा विकास साझेदार निकायहरुसँग समन्वय, सम्बन्ध विस्तार तथा सहकार्य गरिनेछ ।

### २.८.१. कार्यनीतिहरु

- **सिघ्र सेवा तिब्र विकास** को अबधारणा अनुसार आर्थिक, सामाजिक, पुर्वाधार लगायत सबैक्षेत्रको सन्तुलित विकास, समावेशितामुलक सहभागिता, सबै विकास साझेदारहरुसंगको समन्वय र सहकार्य, सुशासन र प्रभावकारी सेवा प्रवाहद्वारा ब्यबस्थित एबं सुबिधायुक्त ईस्माको निर्माण गरिनेछ।(१,६)
- कृषि उत्पादनमा बृद्धि, स्वरोजगारी एवं आयमुलक कार्यक्रमहरुको संचालन, आदि कार्यक्रमहरुबाट जनताको आयमा बृद्धि गरी वचत गर्ने क्षमताको विकास गरिनेछ।एक ब्यक्ति एक बैंक खाताको नीतिलाई घरदैलोसम्म पुर्याइनेछ।(२)
- संकलित वचत र बैंक तथा वित्तिय संस्था मार्फत ऋण पुंजीको परिचालन गरी उत्पादक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ, यसका लागि धितोको रुपमा आबश्यक परे सम्बन्धित उद्योग वा ब्यबसायको स्किमलाई धितोको रुपमा प्रयोग गर्न सक्ने ब्यबस्थाका लागि पहल गरिनेछ।(२)
- स्थानीय सहकारीको परिचालन, तम्घांस, बुटवल लगायतका सप्लायर्ससंग समन्वय गरी उत्पादनलाई बजारसम्म पुर्याउन गाउँपालिकाले आबश्यक सहजिकरण गर्नेछ।(३)
- विकासका साझेदारहरु जस्तो गैसस, निजी क्षेत्र, दातृ निकाय, आदिसंग निरन्तर सम्बाद, समन्वय र सहकार्यमा रही विकास कार्यमा परिचालन गरिनेछ।कार्यक्रमलाई एकिकृत र समन्वयात्मक रुपमा लैजान गैसस र दातृ निकायका कार्यक्रमहरुलाई गाउँपालिकाको योजना तर्जुमासंग एकिकृत गर्नुपर्ने ब्यबस्था अनिबार्य गरिनेछ।(४)
- विकास कार्य संचालनमा नेपाल सरकार र प्रदेश सरकारसंग निरन्तर सहकार्य गरिनेछ।संबिधानको अनुसूची ९ को साझा अधिकारको प्रयोगको बिषयमा स्थानीय तहको भूमिकालाई महत्व दिई समन्वय गरिनेछ।(५)
- विकासका कार्यक्रम संचालन र सेवा प्रबाहमा सबै जातजाति, लिङ्ग, धर्म आदिको समानुपातिक सहभागिताको नीति अपनाइनेछ।उपभोक्ता समिति आदि गठन गर्दा बिशेष गरी बिकासमा पछाडि परेका महिला, जनजाति, दलितको सहभागितालाई सुनिश्चित गरिनेछ।(६)

- वाल बालिकासंग सम्बन्धित योजना तर्जुमा र कार्यान्वयन गर्दा अनिबार्य रुपमा स्थानीय वालक्लव, यस सम्बन्धि अन्य संघसंस्थाको सहभागितामा गरिनेछ।(७)
- योजना कार्यान्वयन गर्दा वातावरण र प्रकोप जोखिम पक्षको अनिबार्य अध्ययन गर्ने, पार्क, खुलाक्षेत्र, हरियाली, वन विकास र संरक्षण आदिको व्यबस्था गर्ने, वायु प्रदुषण, ध्वनी प्रदुषण र प्रकोप जोखिम सामाजिक आर्थिक पूर्वाधारहरु निर्माण गर्दा वातावरणका साथै अनिवार्य रुपमा प्रकोप प्रतिरोधी मापदण्ड पालन गरी निर्माण गर्ने ब्यबस्था गरिनेछ। यसका लागि आबश्यक मापदण्ड र सूचक निर्माण गरिनेछ।(८)
- स्थानीय बिकासमा स्थानीय संघसंस्था गैसस आदिको भूमिका महत्वपूर्ण हुने हुंदा उनीहरुसंग समन्वय गरी उनिहरुको संस्थागत क्षमता बिकासका साथै त्यहाँ कार्यरत जनशक्तिको क्षमता विकासका लागि समय समयमा आबश्यक क्षमता विकास तालिम दिई विकास कार्यमा परिचालन गरिनेछ।(९)
- गाउँपालिकाको सम्भाव्य स्रोतहरुको पहिचान एवं परिचालनका लागि स्रोत उपयोग, एकीकृत सम्पत्ति कर, अन्य राजश्वका आधार र दरमा गाउँपालिकाले प्रवाह गरेका सेवा अनुसार समयानुकूल सुधार गर्दै गाउँपालिकालाई आत्मनिर्भरतातिर उन्मुख गराईनेछ ।(१०)
- भूउपयोग नीति निर्माणमा विज्ञ समूहको कार्यदल गठन गरी सो को प्रतिबेदन अनुसार जमिनको बर्गिकरण गरी सो अनुसार जमिनको उपयोग गरिनेछ।(११)
- यो आबधिक योजना कार्यान्वयनका लागि यस स्थानीय तहमा कार्यरत गैसस, निजीक्षेत्र, दातृ निकाय, पेशागत संघसंस्थाहरु आदिसंग बैठक बसी आआफ्नो बिशिष्टताका क्षेत्रमा कार्यक्रम संचालन गर्ने र अन्य निकायले संचालन गर्ने कार्यक्रमलाई सहयोग गर्ने प्रतिबद्धता लिइनेछ र सोही अनुसार कार्यक्रम संचालन गरिनेछ।(१२)

## २.९. गाउँ बिकासको समष्टिगत तर्कबद्ध खाका

| नतिजा बिबरण | सूचक | इकाई | हालको अबस्था (०७५/७६) | ०८०/८१ को अबस्था | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|
| **प्रभाव (लक्ष्य)ः** निरपेक्ष गरिबीको उन्मुलन भएको हुने | निरपेक्ष गरिबी मुनीकोजनसंख्या | प्रतिशत | २० | ० | गाउँपालिकाको सर्भे | गाउँ कार्यपालिका | गाउँपालिका लगायत प्रदेश र सघीय सरकार,निजीक्षेत्र, गैसस को समन्वय |
| प्रतिफल १ः कृषि, पर्यटन, उद्योग, बाणिज्य लगायतका क्षेत्रहहरुको विकास गर्दै उच्च आर्थिक बृद्धि कायम भएको हुने, | कृषिआय बार्षिक पशुविकास आय पर्यटनआय उद्योग बाणिज्य आय | बार्षिक रु हजारमा " " " " | १४० | ४,९५,३० | गाउँपालिकाको सर्भे | गाउँ कार्यपालिका | संघ र प्रदेश सरकारको सहयोगी नीति र वित्तिय संस्थाहरुको सहयोग |
| प्रतिफल २ः शिक्षा, स्वास्थ्य, लगायत समाजिक क्षेत्रको विकास भएको हुने, | साक्षरता औसत आयु मानव विकास सुचकांक पानीजन्य रोग | प्रतिशत उमेर सुचकांक प्रतिशत | ९८ ७० .५५ .५४ | १०० ७२ .६२ .५८ | गाउँपालिकाको सर्भे | गाउँ कार्यपालिका | सामाजिक संघ संस्था, यस सम्बन्धी गैसस हरुसँग समन्वय |
| प्रतिफल ३ः सडक, सिंचाई, बिद्युत लगायतका भौतिक | मोटरबाटोसँग दुरी समय सिंचाई पुगेको | घंटा वा मिनेट प्रतिशत | २ घण्टा ५२ ८४ | ३० मिनेट १०० १०० | गाउँपालिकाको सर्भे | गाउकार्यपालिका | संघ र प्रदेश सरकारको सहयोग, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पूर्वाधारको विकास भएको हुने, | जमिन<br>बिद्युत पुगेको जनसंख्या | प्रतिशत | | | | | |
| प्रतिफल ४ः बन वातावरण क्षेत्रको संरक्षण र बिकास गर्दै दीगो बिकासको अबधारणा अभिबृद्धि भएको हुने, | बन क्षेत्र<br>शौचालय भएका घर<br>कुहिने र नकुहिने फोहोर छुट्याई ब्यबस्थापन गर्ने घर | प्रतिशत<br>प्रतिशत<br>प्रतिशत | ४८<br>९५<br>५ | ५०<br>१००<br>५० | गाउँपालिकाको सर्भे | गाउकार्यपालिका | वातावरण सम्बन्धी संघ संस्था र गैससर्सँगको समन्वय र सहकार्य |
| प्रतिफल ५ः सुशासन कायम गर्दै प्रभावकारी र गुणस्तरीय सेवा प्रबाह भएको हुने। | सेवामा लाग्ने औसत समय<br>गुनासो समाधान<br>सार्वजनिक सुनुवाई | घण्टा<br>प्रतिशत<br>पटक | २<br>२०<br>१ | १<br>९०<br>३ | गाउँपालिकाको सर्भे | गाउँ कार्यपालिका | |

## २.१०. निरपेक्ष गरिबी निवारणको लक्ष प्राप्तिको लागि बिशेष कार्यक्रमः

ईस्मा गाउँपालिकामा जम्मा जनसंख्याको २० प्रतिशत अर्थात १००० परिवार निरपेक्ष गरिबीको रेखामुनी रहेको तथ्यांकले देखाउंछ। यी मध्ये ३० प्रतिशत परिवारबाट प्रति परिवार एक जना अर्थात ३०० जनालाई बैदेशिक रोजगारीको लागी निशुल्क सीप बिकास तालिम चरणबद्ध रुपमा दिने ब्यबस्था गरीनेछ र उनीहरुका लागी बैदेशिक रोजगारीबाट फर्केपछि तिर्ने गरी बिना धितो ऋण दिने ब्यबस्था गरिनेछ। यसका लागि गाउँपालिकाले सम्बन्धित बिभागसंग समन्वय गरी रोजगारीको सुरक्षित गन्तब्य खोज्न मद्दत गर्नेछ। यसका अतिरिक्त देहाय अनुसार रोजगारी र आय आर्जनका कार्यक्रमहरु संचालन गरी बांकि ७०० परिवारलाई निरपेक्ष गरिबीको रेखामुनीबाट माथि उचालिनेछ।

**आर्थिक क्षेत्रः** तरकारी, कागती तथा फलफुल, कफी खेतिको लागी लिजमा जग्गाको ब्यबस्था र अनुदान, सामुहिक खेती, समूहमा ऋण, पशुपालन, दुग्ध ब्यबसायमा अनुदान, कृषिजन्य र साना घरेलु उद्योगको लागी स्किमका आधारमा समूहमा उद्योग ब्यबसाय धरौटीमा बैंक तथा वित्तिय संस्थाबाट ऋणको प्रबन्ध, तालिम, प्राबिधिक सेवा आदि उपलब्ध गराइनेछ। यसबाट लगभग ५०० परिबार निरपेक्ष गरिबीको रेखाबाट बाहिर निस्कने छन।

**पूर्बाधार क्षेत्रः** सडक, सिंचाई, नदी नियन्त्रण, बिद्युत तथा उर्जा, ग्रामिण बिकास, सार्बजनिक भवन निर्माणमा प्राथमिकताका आधारमा रोजगारी प्रदान गरिनेछ। यसबाट करिब १०० परिवारको कम्तिमा एक जनाको रोजगार सुरक्षित गरिनेछ।

**सामाजिक विकासः** उच्च शिक्षासम्म जेहेन्दार छात्रबृत्ति, प्राबिधिक शिक्षा, तालिम, स्वास्थ्य बीमामा अनुदान, घुम्ती स्वास्थ्य शिबिर, सरसफाइको चेतना अभिबृद्धि, सौचालय निर्माणमा अनुदान, महिला, दलित आदिका लक्षित कार्यक्रम, बैदेशिक रोजगारी र अन्य रोजगारी तथा स्व रोजगारीको लागि तालिम, बैदेशिक रोजगारीको लागि ऋणको ब्यबस्था, रोजगारी गन्तब्यको खोजीमा सहजीकरण गरिनेछ।

**वन, वातावरण तथा विपद ब्यबस्थापनः** रोजगारी, आय आर्जनमा सहभागिता, कृषि, वन बिकासमा सहभागिता, वातावरण संरक्षणमा परिचालन, विपद जोखिमको चेतना अभिबृद्धि, विपद उद्धारमा परिचालन

गरिनेछ। वन, वातावरण र विपद ब्यबस्थापन क्षेत्रमा १०० परिबारका कम्तिमा १-१ जनालाई रोजगारी दिने ब्यबस्था गरिनेछ।

**संस्थागत बिकास, सेवा प्रबाह र सुशासनः** रोजगारी, समूह परिचालन, विकासमा सहभागिता, क्षमता बृद्धि, लक्षित कार्यक्रम संचालन आदि गरिनेछ।

यी लक्षित कार्यक्रमहरु संचालन गर्न गाउँपालिकाले पहिलो बर्ष कार्ययोजना बनाई सो अनुसार योजनाको पांचौं बर्ष भित्र पूरा हुने गरी कार्यक्रम कार्यान्वयन गरिनेछ। हरेक बर्ष लक्ष बमोजिम प्रगति भयो भएन भनेर बिशेष अनुगमन र समीक्षा गरिनेछ। कार्यक्रम संचालनमा निजी क्षेत्र, गैसस, दातृ निकाय, नागरिक समाज आदि सबैसंग समन्वय र सहकार्य गरिनेछ। यसका लागि संघीय सरकार र प्रदेश सरकारसंग पनि सहकार्य गरिनेछ।

***नोटः*** *अनुसूचीहरुमा गाउँपालिकाबाट स्वीकृत आ.व. ०७५/७६ (प्रथम वर्षको) योजना, संघ र प्रदेश योजना कार्यक्रमलाइ यस आवधिक योजनासँग तालमेल गरि कार्यान्वयन गरिनेछ र योजना अवधिभित्र कार्यान्वयन गरिनुपर्ने योजना बैंकमा राखिएका र अति आवश्यक योजनाहरुलाइ दोस्रो वर्षदेखि पाँचौ वर्षभित्रमा कार्यान्वयन हुने गरि कार्य योजना बनाइ लागु गरिनेछ ।*

# परिच्छेद ३

## ईस्मा गाउँपालिकाको क्षेत्रगत योजना

### ३.१ आर्थिक विकास

### ३.१.१ कृषिः

यस गाउँपालिकाको मुख्य पेशा कृषि हो।यहाँका करिव ९५ प्रतिशत जनसंख्या कृषिमा निर्भर छ।अधिकाँस जनताको पेशा कृषि भएर पनि यहाँको कृषि निर्वाहमुखी हुनु र यसमा संलग्न श्रमिकहरुको उत्पादकत्व निकै कम रहनुले यहाँबाट बसाईं सराई एबं श्रम शक्ति पलायन तिब्र रुपमा बढि रहेको छ।परिणाम स्वरुप जमिन बाझो राख्ने प्रबृत्ति बढ्दै गएको, बाँझो नराखेको अबस्थामा पनि कृषि पेशा प्रति उत्साह कम हुँदै गई बाली विविधिकरण, वाली सघनता, बाह्रै महिना जमिन खाली नगरी २/३ बाली लगाउने जस्ता प्रवृत्ति कम हुँदै गएको देखिन्छ। कृषि उत्पादन र उत्पादकत्वमा उल्लेख्य बृद्धि नभएसम्म कृषकको आयस्तर, शिक्षा, स्वास्थ्य एवं पोषणको स्थिति, रोजगारी सृजना जस्ता महत्वपूर्ण समृद्धिका सूचकहरुमा सुधार हुन नसकि निरपेक्ष गरिबीको उन्मुलन गर्ने यस आवधिक योजनाको लक्ष पुरा हुन सक्दैन।

#### ३.१.१.१. कृषि क्षेत्रमा रहेका अबसर एवं चुनौतीहरुः

**क. अबसरहरु**

यस गाउँपालिकामा कृषिका लागि देहायका अबसरहरु देखिन्छनः

- कृषि विकास रणनीति-२०७२ कार्यान्वयनमा हुनु,
- जिल्ला सदरमुकामसँग जोडिएको र यातायातको सुबिधा भएकोले कृषि उपजको बजारको पर्याप्त संभावना हुनु,
- खाद्यान्नका अतिरिक्त बिभिन्न, फलफूल, तरकारी आदिको उत्पादन र बिक्रिको प्रसस्त सम्भावना हुनु,
- गाउँपालिकाको बेंशी क्षेत्रमा सिंचाईको सुबिधा हुनु,
- विदेशबाट फर्किएका युवाहरुमा ब्यबसायिक कृषिप्रति आकर्षण बढ्नु,
- जैविक कृषिप्रति कृषकहरुको चाख बढ्नु।

**ख. चुनौतीहरु**

- जलवायु परिबर्तनबाट हुने प्रभाव,
- वसाईं सराई र बर्षेनी युवा शक्तिको बिदेश पलायन,
- अब्यबस्थित बस्ति बिकास,
- जग्गाको खण्डिकरण, घडेरिकरण,
- गुणस्तरीय कृषिजन्य बस्तुहरुको प्रतिस्पर्धात्मक विकास,

- गुणस्तरीय बीउ, मलखाद, कीटनासक औषधी, कृषि औजारको आपूर्ति र उपलब्धता,
- कृषि पेशालाई नाफामूलक र सम्मानजनक बनाउनु।

**ग. सवल पक्ष**

- स्थानीयतह अधिकार सम्पन्न स्थानीय सरकारको रुपमा स्थापित हुनु,
- नेपालको संबिधान बमोजिम स्थानीयस्तरमा कृषि सम्बन्धि ऐन, नियम,नीति, निर्देशिका, मापदण्ड आदि बनाउने अधिकार हुनु,
- स्थानीय सरकार संचालन ऐनले कृषि सम्बन्धि स्थानीयतहको कार्यलाई बिस्तृतिकरण गरिदिनु,
- निर्वाचित जनप्रतिनिधिहरु सबै कृषि पृष्ठभूमीका हुनु,
- कृषिमा आधारित सहकारी संस्थाहरु कार्यरत रहनु,
- स्थानिय स्तरमा कृषि उपजको माग बृद्धि हुनु ।

**घ. कमजोर पक्ष**

- गाउँपालिकामा कृषि प्राबिधिकहरु नहुनु,
- कृषि सम्बन्धि आबश्यक तथ्यांक नहुनु,
- कृषि सम्बन्धी आबश्यक ऐन,नियम, निर्देशिका, मापदण्ड बनी नसक्नु,
- स्थानीय स्तरमा कृषि सम्बन्धि काम गर्ने गैसस, किसान समूह, सहकारी आदिसँग गाउँपालिकाको समन्वय कायम हुन नसक्नु,
- बजारको पहुँच र मूल्यमा एकरुपता नहुनु ।

**३.१.१.२. लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीतिहरु :**

कृषि क्षेत्रमा रहेका समस्या बिश्लेषण, अबसर, चुनौती, सवलपक्ष र दुर्वल पक्ष (SWOT) बिश्लेषण गरि सोही आधारमा सहभागितात्मक पद्धतिद्वारा देहाय बमोजिम लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीतिहरु निर्धारण गरिएको छ।

**लक्ष**

खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूत गर्दै कृषकको जीवनस्तरमा सुधार गर्ने।

**उद्धेश्यहरु**

उपरोक्त लक्ष पूर्ति गर्न देहायका उद्धेश्यहरु लिइएका छनः

- कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने।
- निर्वाहमुखी कृषि प्रणालीलाई ब्यबसायिकता तर्फ उन्मुख गर्ने।
- कृषि विबिधिकरण एवं बहुबाली बिकासको अबधारणा लागु गर्ने।

**रणनीतिहरु**

१. कृषि सम्बन्धी आबश्यक ऐन, नियम नीति, निर्देशिका, मापदण्ड बनाई लागु गरिनेछ।

२. उन्नत कृषि प्रणालीमा आधारित व्यवसायिक नगदे बालीलाई प्रोत्साहन गरिनेछ ।

३. स्थानीय स्तरमा तरकारी खेति गरी तरकारी आयातलाई प्रतिस्थापन गर्दै निर्यात प्रबर्धन गरिनेछ।

४. स्थानीय सहकारीलाई परिचालन गरी तरकारी तथा फलफुल कृषकसंग खरिदगरि सदरमुकाम तम्घांस, बुटबल र भारत सम्म निकासी गर्ने प्रबन्ध मिलाइनेछ।

५. प्रांगारिक मल निर्माणलाई प्राथमिकता दिई फोहरमैलाबाट पनि मल बनाउने क्षमता विकासका लागि आबश्यक पहल गरिनेछ।

६. **अर्गानिक तरकारी ईस्माको चिनारी** भन्ने नारालाई वास्तविकतामा परिणत गर्न कार्यक्रम संचालन गरिनेछ।

७. माटो र हावापानी सुहाउंदो कागति, अम्बा जस्ता फलफुल खेतीमा जोड दिइनेछ।

८. वित्तिय सस्थाहरुसंग मिली कृषि वीमा कार्यक्रम संचालनमा आएको हुनेछ।

**कार्यनीतिहरू**

- गाउँ बाहिर रही वा गाउंमैं रहेर पनि खेति गर्न नसक्ने जग्गाधनीहरुको जग्गा भुमीहिन वा कम जग्गा हुने कृषकहरुलाई लिजमा दिने ब्यबस्था गाउँपालिकाले मिलाउने छ। यसबारे आबश्यक नीति तर्जुमा गरिनेछ।(१)
- निरपेक्ष गरिवीको रेखामुनी रहेका र भूमीहिनहरुलाई जग्गा लिजमा लिन मध्यस्थताको भूमिका खेली जग्गा उपलब्ध गराउने र बैंक तथा वित्तिय संस्थाबाट स्किम धितोको आधारमा ब्यबसायिक ऋण दिने ब्यबस्था गरिनेछ। (१)
- कृषि जमिनलाई बांझो राख्ने कार्यलाई निरुत्साहन गर्न आबश्यक नि तर्जुमा गरी लागु गरिनेछ।(१)
- युवा तथा कृषक समूहहरुलाई व्यवसायिक तरकारी तथा फलफूल खेतीतर्फ आकर्षित गरिनेछ।(२,६,७)
- कृषि प्राबिधिकको सहयोगमा माटो परिक्षण गरि माटो सुहाउँदो खेति बिकास गरिनेछ।(३,६,७)
- फलफुल बिरुवाको नर्सरी स्थापना गर्न कृषक हरुलाई प्रोत्साहन गरिनेछ।यस आबधिक योजना भित्र गाँउपालिकामा कमसेकम एउटा बहु फलफुल बिरुवा नर्सरी स्थापना गरी नासपती, आरू, आरुबखडा,अम्बा, कटहर, भुइंकटहर, आँप, ओखर जस्ता फलफुलका विरुवा उत्पादन गरी कृषकहरुमा बितरण गरिनेछ।कृषकहरुलाई ब्यबसायिक फलफुल खेति तर्फ प्रोत्साहित गरिनेछ।ब्यबसायिक रुपमा तरकारी, खाद्यान्न, कफी वा अन्य खेति गर्नेलाई समेत आली, कान्ला र कुना काप्चामा फलफुलका बिरुबा लगाउन प्रोत्साहित गरिनेछ।यसकालागि बिभिन्न बागवानी केन्द्रहरुसंग गाउंपलिकाद्वारा समन्वय गरी कृषक भ्रमण, कृषक तालिम जस्ता कार्यक्रम गाउँपालिकाले संचलन गर्नेछ। (३,६,७)

- ब्यबसायिक रुपमा अर्गानिक तरकारी उत्पादनका लागि कृषकहरुलाई प्रोत्साहन गरिनेछ। किसानहरुलाई तरकारीको उन्नत बिउ, कृषि औजार, जैबिक मल तथा औषधीको ब्यबस्था गर्न र उत्पादित तरकारीको बजारसम्मको पहुँचका लागि स्थानीय सहकारीलाई परिचालित गरिनेछ। यसका लागि आबश्यक सहयोग गाउँपालिकाले गर्नेछ। (६)
- घरपरिवार वा ब्यवसायिक स्थलबाट उत्सर्जन हुने फोहोरलाई कुहिने र नकुहिने फोहोर छुट्याई नकुहिने फोहोरको आबश्यक ब्यबस्थापन गर्ने र कुहिने फोहोरलाई कम्पोष्ट मल बनाउने ब्यबस्थाका लागि हरेक घरमा २ वटा कन्टेनर राख्ने ब्यबस्था गरिनेछ। कन्टेनर राख्न नसक्नेलाई कन्टेनर मूल्यको केही अंस अनुदान दिने ब्यबस्था गरिनेछ। (५)
- अर्गानिक तरकारी तथा फलफुल उत्पादन गर्ने किसानहरुलाई बजार पहुंच, प्राबिधिक सहयोग, विमाको ब्यबस्था र उत्पादन घाटामा केही अंस अनुदान समेत दिने ब्यबस्था गरिनेछ। (६)
- उत्पादित फलफुल र तरकारीलाई स्थानीय सहकारी मार्फत संकलन गरी वजारसम्म पुर्याउने ब्यबस्था गरिनेछ। सहकारीलाई ढुवानी साधन किन्न गाँपालिकाले आबश्यक सहजिकरण र सहयोग गर्नेछ। (४)
- बैदेशिक रोजगारीबाट फर्केर आएका युवाहरु र अन्य युवा बेरोजगारहरुलाई तरकारी खेतिमा आकर्षित गराउन बैंक तथा वित्तिय संस्था मार्फत सहुलियत ऋण दिने ब्यबस्थाका लागी सहजिकरण गरिनेछ। (३,६)
- कृषि वीमा कार्यको लागि कृषकहरु र वीमा गर्ने निकायसंग समन्वय गराइनेछ र कृषि वीमालाई क्रमशः अनिवार्य गराउँदै लगिनेछ। (८)

**प्रमुख कार्यक्रमहरु**

- कृषि उत्पादन, ब्यबस्थापन, साना सिंचाई, कृषि सामाग्रीको ब्यबस्था, कृषक क्षमता विकास, जैविक विविधताको संरक्षण र सम्बर्धन, कृषिको बीउदेखि अन्तिम उत्पादन र बजारीकरण सम्मका सम्पुर्ण श्रृङ्खलाहरु र कृषि सम्बन्धि अन्य आबश्यक ऐन, नियम, नीति, निर्देशिका, मापदण्ड बनाई लागू गर्ने।
- उत्पादन सामाग्रीहरु, मल, बीउ, मेसिनरी, सिंचाई, जैबिक बिषादी, विमा आदिको उचित ब्यबस्था, लागत सहभागितामा अनुदानको ब्यबस्था। स्थानिय जातका बिउबिजन संरक्षणका लागि बीउ बैंक (Seed Bank) को स्थापनाको लागि कृषक प्रोत्साहन योजना ।
- कृषक समूह तथा सहकारीहरुलाई बीउ भण्डारण ब्यबस्थामा सहयोग एबं अनुदानको ब्यबस्था।
- तरकारी बिरुवा नर्सरी, फलफूल बिरुवा नर्सरीको स्थापनाका लागि सहयोग र अनुदानको ब्यबस्था।
- उत्पादित तरकारी फलफूल आदि बजारसम्म पुर्याउन सहकारीको सहयोगमा ढुवानीको ब्यबस्था।
- कफी उत्पादन, प्रशोधन र ब्रण्डिङका लागि आबश्यक सहयोग।

- अदुवा, बेसार, पुष्प लगायतका क्षेत्रको बिकास र बिस्तार तथा प्रशोधन तथा बजारीकरणमा सहयोग।
- कृषि बाली बिमा साझेदारी कार्यक्रम ।
- अर्गानिक तरकारी र फलफूल उत्पादनमा आबश्यक प्राबिधिक सहयोग, अनुदान र उत्पादित बस्तुहरुको प्रचार प्रसारको ब्यबस्था र बजारीकरण।
- बैदेशिक रोजगारबाट फर्केका युवा, अन्य बेरोजगार युवा र भूमीहिनहरुका लागी लिजमा कृषि जमिनको ब्यबस्था, स्कीम धितो राखि कृषि ऋणको ब्यबस्थाका लागी बैंक तथा वित्तिय संस्थाहरुसँग समन्वय, जमानीको ब्यबस्था।
- कृषक तालिम, अवलोकन भ्रमण, प्राबिधिक सहयोग आदि।
- कृषकहरुलाई गाउँपालिकाको ग्यारेण्टीमा जग्गा लिजमा लिईदिने ब्यबस्थामा सहयोग।
- साना किसान विकास बैंकको क्षमता विकास गरी किसानलाई अधिकतम लाभ हुने गरी सेवा प्रबाह आदी ।
- पकेट क्षेत्र तोक्ने, एक घर/ एक बिद्यालय एक करेसाबारी, जमिन अनुसारको खेति सिंचाई, सिंचाई अनुसारको उत्पादन र उत्पादन अनुसारको बजारको ब्यबस्था गर्ने,
    - **तल्लो भागमा**;- फलफुल अम्बा, आँप, लिची, केरा, कटहर, भुइँ कटहर, काक्रो, आलु, रातमाटा, खयेरा छल्दी खोला वारिपारि, बगरे खेति छल्दी फाँटमा धनार्जी देखि छल्दी पनाहा सम्म र निस्तिमा अँधेरी खोला देखि खहरे सम्म।
    - **माथिल्लो भाग;-** नासपाती, कागती, मेवा, कफी, अमिलो, आरु बखडा, आरु, ओखर, अलैची, केरा, भुइँ कटहर तरुल, स्कुस आलु, काक्रो सिमि, गोपी, करेला ।

### ३.१.२. पशु पंक्षी विकास

पशुपंक्षी पालन क्षेत्रले नेपालको कुल ग्राहस्थ्य उत्पादनको करिव ११ प्रतिशत ओगटेको परिप्रेक्षमा यस गाउँपालिकामा पनि यस क्षेत्रको योगदान महत्वपूर्ण हुन्छ।राष्ट्रिय समस्याको रुपमा रहेको मातृ तथा बालबालिकाको कुपोषणको समस्या न्यूनीकरणमा दुध, अण्डा र मासु जस्ता पशुपंक्षीजन्य उत्पादनले महत्वपूर्ण भूमिका खेल्दछ।ईस्मा गाउँपालिका दुध र दुग्धजन्य पदार्थको लागि पहिले देखिनै प्रख्यात ठाउँ हो तर उन्नत पशुबस्तु र ब्यबसायिक पशुपालनको अभावमा यो प्रख्यातिले सिथिलता प्राप्त गर्दै गयो।दुध दहीको उत्पादन अधिकांस घरायसी प्रयोजनमा सीमित हुंदै आयो।स्थानीय होटलहरुमा पनि दुध दहीको प्रयाप्तता न्युन देखिन्छ।

पशुपालनको स्थिति हेर्दा यस गाउँपालिकामा भैंसी ६८९४, गाई ४९२८, बाख्रा ११६६८, सुँगुर १२८, भेडा ३४ र कुखुरा २३९२८ वटा पालेको देखिन्छ।

### ३.१.२.१. पशुपंक्षी बिकासको क्षेत्रमा रहेका अबसर एवं चुनौतीहरुः

**अबसरहरुः**

**क. अबसरहरु**

यस गाउँपालिकामा पशुपंक्षी बिकासका लागिका लागि देहायका अबसरहरु देखिन्छनः

- जिल्ला सदरमुकामसँग जोडिएको र यातायातको सुबिधा भएकोले पशुपंक्षीजन्य उत्पादनको बजारको पर्याप्त संभावना हुनु,
- पशुपंक्षी पालनमा कृषकहरुको रुची र अनुभव हुनु,
- चरन क्षेत्र, भुई घाँस र डालेघाँसको पर्याप्तता,
- विदेशबाट फर्किएका युवाहरुमा ब्यबसायिक पशुपालनप्रति आकर्षण बढ्नु,
- स्थानिय स्तरमा माग बृद्धि

**ख. चुनौतीहरु**

- वसाईं सराई र बर्षेनी युवा शक्तिको बिदेश पलायन,
- उन्नत प्रबिधीहरुको प्रचार-प्रसार र उपलब्धता,
- पशुपंक्षीजन्य उत्पादन र उपभोगप्रति जनचेतना,
- गुणस्तरीय पशुजन्य उत्पादनहरुको प्रतिस्पर्धात्मक विकास र वजार ब्यबस्था,
- उन्नत नश्लका पशुबस्तुहरुको उपलब्धता,
- पशुपंक्षी पालन पेशालाई नाफामुलक र सम्मान जनक बनाउनु,
- दिगो बजार सम्बन्ध स्थापना ।

**ग. सवल पक्ष**

- आफ्नो क्षेत्रभित्र पशुपंक्षी पालन सम्बन्धि ऐन, नियम,नीति, निर्देशिका, मापदण्ड आदि बनाउने अधिकार स्थानीय सरकारलाई हुनु,
- स्थानीय सरकार संचालन ऐनले पशुपंक्षी सम्बन्धि स्थानीयतहको कार्यलाई बिस्तृतिकरण गरिदिनु,
- निर्वाचित जनप्रतिनिधिहरु सबै कृषि र पशुपालन पृष्ठभूमीका हुनु,

**घ. कमजोर पक्ष**

- गाउँपालिकामा पशुपंक्षी सम्बन्धि प्राबिधिकहरु नहुनु,
- पशुपंक्षी पालन सम्बन्धि आबश्यक तथ्यांक नहुनु,
- पशुपंक्षी पालन सम्बन्धी आबश्यक ऐन,नियम, निर्देशिका, मापदण्ड बनी नसक्नु,

- स्थानीय स्तरमा कृषि तथा पशुपंक्षी पालन सम्बन्धि काम गर्ने गैसस, किसान समुह, सहकारी आदिसँग गाउँपालिकाको पर्याप्त समन्वय कायम हुन नसक्नु।

### ३.१.२.२. लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीतिहरु :

पशुपंक्षी विकासको क्षेत्रमा रहेका समस्या बिश्लेषण, अबसर, चुनौती, सवलपक्ष र दुर्वल पक्ष (SWOT) बिश्लेषण गरि सोही आधारमा  सहभागितात्मक पद्धति द्वारा देहाय बमोजिम लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीतिहरु निर्धारण गरिएको छ।

**लक्ष**

स्वच्छ एवं गुणस्तरीय पशुपंक्षी उत्पादनका माध्यमबाट खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूत गर्दै कृषकको जीवनस्तरमा सुधार गर्ने।

**उद्धेश्यहरु**

उपरोक्त लक्ष पूर्ति गर्न देहायका उद्धेश्यहरु लिइएका छनः

- पशुपंक्षीजन्य उत्पादनमा बृद्धि गरी कृषकहरुको आयमा बृद्धि गर्ने।
- निर्वाहमुखी पशुपंक्षीजन्य उत्पादन प्रणालीलाई ब्यबसायिकता तर्फ उन्मुख गर्ने।
- पशुपंक्षीजन्य उत्पादनलाई स्वरोजगारको माध्यमको रुपमा बिकास गर्ने।

**रणनीतिहरु**

१. पशुपंक्षी पालन सम्बन्धि बिद्यमान नीतिगत, कानूनी र प्रकृयागत ब्यबस्थामा सुधार गरिनेछ।
२. उन्नतजातका पशुपालनलाई प्रोत्साहन गर्दै खुल्ला चरिचरणलाई नियन्त्रण गर्दै लगिनेछ ।
३. उपभोगकालागि स्वस्थ दुध तथा मासु उत्पादन गरिनेछ ।
४. पशु वीमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
५. एक वडा एक गाई वा भैंसी, एक कुखुरा र एक बाख्रा फार्म कार्यक्रम संचालन गरिनेछ,
६. गाउँपालिका केन्द्रमा एक दुग्ध संकलन र प्रशोधन केन्द्रको ब्यबस्था गरी बस्ति बस्तिबाट दुध संकलन गरिनेछ।

**कार्यनीतिहरु**

- बिद्यमान पशु बिकास सम्बन्धि नीतिगत, कानूनी र प्रकृयागत ब्यबस्थामा सुधार गर्न कार्यदल गठन गरी सो का प्रतिबेदनका आधारमा एक बर्ष भित्र आबश्यक सुधार गरिनेछ।(१)
- कृत्रिम गर्भाधानलाई थप विस्तार गर्ने तथा व्यवसायिक तथा उन्नत पशुपालक कृषकहरुलाई प्रदान गरिने प्राविधिक सेवामा वृद्धि गरिनेछ ।(२)
- अण्डा, मासु र दुधको ब्यबसायिक उत्पादनलाई अभियानको रुपमा संचालन गरिनेछ।ब्यक्तिगत रुपमा पाल्ने उन्नत जातका गाई, भैंसी, बाख्रा, बंगुर, पालन र कुखुरा, हांस पलनमा

कृषकहरुलाई आबश्यक प्रोत्साहन र सहयोग दिनुका साथै उन्नत गाई फार्म, बाख्रा, बंगुर, कुखुरा, हांस फार्म,कोलागि कृषि बिकास बैंक वा अन्य वित्तिय संस्थासंग समन्वय गरी आबश्यक ऋणको ब्यबस्था मिलाइनेछ।हरेक वडामा  कम्तिमा एक गाई, भैंसी, बाख्रा फार्म र कुखुरा फार्म संचालन गर्ने ब्यबस्था गरिनेछ।(३,,५)

- वीमा कम्पनीहरुसंग समन्वय गरी पशु वीमा कार्यक्रमलाई घरदैलोसम्म पुर्याइनेछ।(४)
- गाउँपालिकामा एउटा दुग्ध संकलन एवं प्रशोधन केन्द्र स्थापना गरी हरेक टोलबाट दुध संकलन गरि सो केन्द्रमा प्रशोधन गरिनेछ।यसका लागि सहकारी सस्थालाई आबश्यक सहयोग दिई परिचालन गरिनेछ।(६)
- उत्पादनको उचित बजार ब्यबस्थाकालागि गाउँपालिकाले आबश्यक ब्यबस्था गर्नेछ, पशुपंक्षीजन्य उत्पादनको गुणस्तर कायम राखी छिमेकी बजारका साथै बुटवल तथा अन्य बजारसम्म पहुंचको गाउँपालिकाले आबश्यक प्रबन्ध गर्नेछ।(६)

**कार्यक्रमहरु**

- गाई, भैंसी, बाख्रा, बङ्गुरको कृत्रिम गर्भाधानबाट उन्नत नश्लका पशुहरुको संख्या बृद्धि र नश्ल सुधार लाई गाउँपालिकाले अभियानका रुपमा संचालन गरी ५ बर्षभित्र स्थानीय जातलाई उन्नत जातले बिस्थापन गर्ने।
- पशु आहार कार्यक्रम अन्तरगत चरन बिकास, भुईं घांस, डालेघाँस, दाना, औषधी आदिको ब्यबस्था गर्ने।
- पशु स्बास्थ्य सेवाको सुनिश्चितताको लागि आबश्यक कार्यक्रम संचालन गर्ने।
- प्राबिधिक सेवाको बिस्तार, क्षमता अभिबृद्धि, कृषक तालिम र अबलोकन भ्रमण कार्यक्रम संचालन गर्ने ।
- निजी ब्यबसाय र सहकारी प्रबर्धन मार्फत बिभिन्न कार्यक्रम संचालन गरी उत्पादन बृद्धि गर्ने ब्यबस्था गर्ने ।

### ३.१.३. पर्यटन विकास

नेपाल प्राकृतिक, धार्मिक, साँस्कृतिक, साहसिक, आदि विबिध पर्यटकीय गन्तब्यको रुपमा प्रख्यात छ।ईस्मा गाउँपालिका पनि विबिध पर्यटकीय स्थल भएर पनि पर्यटन प्रबर्धन गर्न सकिएको छैन।यस गाउँपालिका भित्र रहेका धार्मिक, साँस्कृतिक तथा अन्य सम्भाब्य क्षेत्रहरुको पहिचान र बिकास गरी यहाँका जनताको आय र रोजगारी बृद्धि गर्दै जानुपर्ने आबश्यकता छ।

**अबसरहरु**

- जिल्ला सदरमुकामसँग जोडिएको र सडक यातायातको सुबिधा भएको,
- बिभिन्न धार्मिक र ऐतिहासिक ठाउंहरु रहेको।
- अन्तर्राष्ट्रीय स्तरको रङ्गशाला र खेल मैदान निर्माणाधिन रहेको।

**चुनौतीहरु**

- पर्यटन प्रति जागरण नहुनु।
- आबश्यक पर्यटन पूर्वाधार नहुनु।

**सवलपक्ष**

- अधिकार सम्पन्न स्थानीय सरकार गठन हुनु,
- गाउँपालिकाले पर्यटन बिकासलाई महत्व दिनु।

**कमजोर पक्ष**

- गाउँपालिकामा पर्यटकीय सूचनाको अभाव।
- निजीक्षेत्रसँग समन्वय हुन नसक्नु।

### ३.१.३.१ लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीतिहरु :

पर्यटन विकासको क्षेत्रमा रहेका समस्या बिश्लेषण, अबसर, चुनौती, सवल पक्ष र दुर्वल पक्ष (SWOT) बिश्लेषण गरि सोही आधारमा  सहभागितात्मक पद्धति द्वारा देहाय बमोजिम लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीतिहरु निर्धारण गरिएको छ।

**लक्ष**

पर्यटन क्षेत्रको बिकास गरी आय र रोजगारीमा बृद्धि गर्नु

**उद्देश्य**

गाउँपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा बिकास गर्ने।

**रणनीतिहरु**

१. पर्यटन सम्भाब्यताको अध्ययन गरी सो अनुसार कार्ययोजना तयार गरि लागु गरिनेछ।
२. **धार्मिक क्षेत्रको तिर्थाटन ईस्मा पलिकाको पर्यटन** भन्ने कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ।
३. ईस्माकोट दरवार,उजुङकोट र गायत्री शक्ति पिठ जस्ता धार्मिक स्थलहरुको आबश्यक संरक्षण र प्रचार प्रसार गर्दै पर्यटकको आगमनमा बृद्धि गरिनेछ।
४. खेलकुद पर्यटनको प्रबर्धन गरिनेछ।

**कार्यनीतिहरु**

- पर्यटन सम्भाव्यता अध्ययन र कार्ययोजना तयारीका लागि समिति गठन गरी २ बर्ष भित्र कार्यान्वयनमा ल्याइनेछ।(१)

- ईस्मा गाउंपाललिकाका छिमेकी गाविस, नगर एवं जिल्लाहरुमा भएका धार्मिक तथा पर्यटकीय स्थलहरु समेतलाई मध्यनजर राखी आन्तरिक एवं धार्मिक पर्यटन विकासमा जोड दिइनेछ ।(२)
- गाउँपालिकाभित्र रहेका धार्मिक स्थलहरुको संरक्षण, गाउंको हरियाली प्रवर्धन तथा वातावरणीय स्वच्छता कायम गरिनेछ ।(२)
- यहाँ रहेका सबै मठ मन्दिरहरुको संरक्षण गर्दै ब्यापक प्रचार प्रसार द्वारा धार्मिक पर्यटनको विकासलाई प्रबर्धन गरिनेछ। यसका लागि सदरमुकाम तम्घास, पाल्पा र बुटवलमा रहेका पर्यटन ब्यबसायीहरुसंग समन्वय गरी तम्घास आएको पर्यटकलाई याहांसम्म ल्याउने प्रयास गरिनेछ।(२,३)
- पुरातत्व बिभागसंग समन्वय गरी ईस्माकोट दरवारको मर्मत सम्भार र संरक्षण गरिनेछ। हाल यसभित्र रहेको सैनिक ब्यारेकलाई अन्यत्र सार्ने ब्यबस्था गरिनेछ। यसको ब्यबस्थापन समिति गठन गरी यसको ब्यबस्थापन प्रति जिम्वेवार बनाइनेछ। यसको प्रचार प्रसारको लागि पत्रपत्रिका, एफ.एम.,वेभ साइट र बाहिर रहेका ईस्माबासी मार्फत ब्यापक प्रचार प्रसार गरिनेछ।(३)
- निर्माणाधिन रङ्गशाला र खेलकुद मैदान चाँडो निर्माण सम्पन्न गरी बिभिन्न स्तरका खेलकुद आयोजना गरी खेलकुद पर्यटनको विकास गरिनेछ।(४)
- पर्यटन आगमनको आधारमा होम स्टे संचालन गर्न निजी क्षेत्रसंग समन्वय गरिनेछ।(२,३,४)

**कार्यक्रमहरु**

- पुरातत्व बिभागको समन्वय र सहकार्यमा ईस्माकोट दरबार मर्मत सम्भार र संरक्षण
- दरबारको पुरातात्विक र पर्यटकीय महत्वलाई बढाउन अध्ययन अनुसन्धान
- सैनिक ब्यारेक अन्यत्र उपयुक्त ठाउंमा स्थानान्तरण
- दरवारको मर्मत सम्भार र संरक्षणका लागि ब्यबस्थापन समितिको कृयाशीलता बढाउने
- वेभ साइट निर्माण गरि ईस्माकोट, उजुङ्गकोट र गायत्री शक्तिपिठ लगायतका ऐतिहासिक, पर्यटकिय र धार्मिक स्थलहरुको प्रचार प्रसार कार्यक्रम
- होमस्टे संचालनका लागी निजी क्षेत्रसंग सहकार्य
- रङ्गशाला निर्माण कार्यक्रम
- पर्यटक आगमनको अभिलेखिकरण, पर्यटन पूर्बाधार निर्माण, पर्यटक सुरक्षा लगायतका कार्यक्रम सञ्चालन ।

### ३.१.४. उद्योग

औद्योगिक बिकास आर्थिक बिकासको मेरुदण्ड हो। यसले बस्तु तथा सेवाहरुको उत्पादन र आपूर्ति, रोजगारी सृजना, आदिमा महत्वपुर्ण भूमिका खेल्दछ। आर्थिक विकासको महत्वपूर्ण क्षेत्र भएर पनि यस गाउँपालिकामा यसको विकास नगन्य रुपमा छ। निजीक्षेत्रको लगानी आकर्षित गरी औद्योगिक विकास गर्दै जानु गाउँपालिकाको प्राथमिकता हुनुपर्छ।

**अबसरहरु**

- सडक यातायातसँग जोडिएको।
- कृषि र पशुजन्य उत्पादनको प्रशोधन उद्योगको सम्भावना भएको।

चुनौतीहरु

- लगानीको जोखिम।
- सीमित बजार।

**सवलपक्ष**

- नव गठित गाउँपालिकाका पदाधिकारीहरुको लगानी मैत्री दृष्टिकोण

**दुर्वलपक्ष**

- तुलनात्मक लाभका क्षेत्रको पहिचान गर्न नसक्नु।
- निजीक्षेत्रसँग समन्वय गर्न नसक्नु।

**३.२.४.१. लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीतिहरु :**

माथि उल्लेखित समस्या र अवसर, चुनौती, सवल र दुर्बल पक्ष (SWOT)को बिश्लेषणको आधारमा देहायका लक्ष, उद्धेश्य, रणनीति रकार्यनीति निर्धारण गरिएको छ।

लक्ष

- औद्योगिक विकास द्वारा आय र रोजगारीमा बृद्धि गर्ने।

उद्धेश्य

- औद्योगिक विकासका लागि लगानी बृद्धि गरि रोजगारी सृजना गर्नु।
- गाउँपालिकाको कुल गार्हस्थ्य उत्पादनमा उद्योगको योगदान बढाउनु।

रणनीतिहरु

१. उद्योगमा लगानीमैत्री वातावरण सृजना गर्न आबश्यक नीतिगत एबं सस्थागत सुधार गरिनेछ।
२. ईस्मा गाउँपालिकामा जन्म भई देश बिदेशमा गई बस्ने नागरिकहरुलाई **बाहिर कमाउने ईस्मा गाउँपालिकामा लगाउने** भन्ने नारा अनुसार ईस्मामा लगानी गर्न प्रोत्साहन गरिनेछ।
३. स्थानीय कच्चा पदार्थ, सीप र जनशक्तिको व्यापक उपयोग गरिनेछ ।
४. उद्योगधन्दाबाट हुने सम्भावित प्रदुषण नियन्त्रण गर्न पहल गरिनेछ ।
५. आन्तरिक र बाह्य बजारको माग बमोजिमका उत्पादनहरुलाई प्राथमिकता दिइनेछ।

**कार्यनीतिहरु**

- उद्योगमा लगानीमैत्री वातावरण सृजना गर्न आबश्यक नीतिगत एबं सस्थागत सुधारका लागि बिज्ञ समिति गठन गरी सो को प्रतिबेदनका आधारमा २ बर्ष भित्र आबश्यक नीतिगत, प्रक्रियागत र संस्थागत सुधार गरिनेछ।(१)
- ईस्मा गाउँपालिकामा लगानी गर्न इच्छुक लगानीकर्ताहरुलाई आबश्यक प्रोत्साहन गरिनेछ।(२)

- ईस्मा गाउँपालिकामा लगानीको लागी नीतिगत सुधार, स्थानीय कर छुटको ब्यबस्था गरिनेछ। (१,२)
- स्थानीय कच्चापदार्थ र श्रम सीपमा आदारित कृषि उद्योग लगायत अन्य सेरामिक,मार्बल गेरुमाटो उद्योगहरुको सम्भावना अध्ययन गरिनेछ। ((३)
- उद्योग धन्दाका लागि प्रदुषण नियन्त्रण सूचकहरु विकास गरी लागु गरिनेछ। (४)
- आन्तरिक तथा बाह्य बजारको अध्ययन गरी माग भएका सामान उतपादन गर्न प्रोत्साहन गरिनेछ। (५)

**कार्यक्रमहरु**

लगानीका क्षेत्र पहिचान, देश बिदेशमा रहेका ईस्माली जनताहरुसँग सम्पर्क र लगानीका लागि प्रोत्साहन र सहजिकरण। लगानी सुरक्षाको ब्यबस्था। निजीक्षेत्रसँग समन्वय र साझेदारी, सेरामिक,मार्बल गेरुमाटो जस्ता बिभिन्न उद्योगहरुको सम्भाव्यता अध्ययन आदि।

### ३.१.५. सहकारी

आर्थिक सामाजिक विकासमा सहकारीको भूमिका महत्वपूर्ण रहन्छ। सरकारी र निजीक्षेत्रको पहुँच नपुगेका ठाउँमा यसको पहुँच पुगेको देखिन्छ। छरिएर रहेका श्रम, शिप र पूँजीलाई एकत्रित गरी आर्थिक बिकासमा योगदान पुर्याउन यसको महत्वपूर्ण भूमिका रहेको छ। हाल यस गाउँपालिकामा १२ वटा सहकारी कार्यरत छन।

**अबसरहरु**

- ससाना वचत संकलन र पूँजी परिचालनको संभावना।
- गाउँपालिकाभित्र एक आपसमा सहयोग, सहकार्य र सामुदायिक भावनाको विकास।

**चुनौतीहरु**

- उत्पादनशील क्षेत्रमा लगानी बढाउनु,
- वित्तिय अनुशासन कायम गर्नु

**सवलपक्षहरु**

- नेपालको संविधान बमोजिम सहकारी संस्था सम्बन्धी अधिकार स्थानीय सरकारमा हुनु,
- स्थानीय सरकारको प्राथमिकताको बिषय हुनु।

**दुर्वल पक्षहरु**

- सवै सहकारी संस्थाहरुसँग समन्वय कायम गर्न नसकिनु।
- सहकारीहरुको नियमित अनुगमन एवं नियमन हुन नसक्नु।

### ३.२.४.१. लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीतिहरु :

माथि उल्लेखित समस्या र अवसर, चुनौती, सवल र दुर्बल पक्ष (SWOT)को बिश्लेषणको आधारमा देहायका लक्ष, उद्धेश्य, रणनीति र कार्यनीति निर्धारण गरिएको छ।

**लक्ष**

- स्थानीय श्रोत, श्रम, शिप र पूँजीको समुहिक परिचालन गरि आयस्तरमा बृद्धि गर्ने।

**उद्धेश्य**

- सहकारीमा आधारित उत्पादन र सेवा व्यवसायको बिकास र विस्तार गर्ने।
- सहकारी सिद्धान्त र मूल्य मान्यताहरुको बिकास गर्दै सामाजिक सद्भावको विकास गर्ने।

**रणनीतिहरु**

१. सहकारी सम्बन्धि आबश्यक ऐन, नियम, नीति, निर्देशिका तर्जुमा र कार्यान्वयन गर्ने।
२. धितो राख्न नसक्ने अति बिपन्न व्यक्तिलाई ब्यबसायिक स्किम धितो राखि गाउँपालिकाको ग्यारण्टीमा ऋण सुबिधा उपलब्ध गराइनेछ।
३. उत्पादन मूलक सहकारीलाई प्रोत्साहन गरिनेछ।

**कार्यनीतिहरु**

- सहकारीलाई यसको उद्धेश्य अनुरुप सहकार्य र गरिबी निवारण तर्फ परिचालन गरिने छ।(१)
- सहकारीहरुले उद्धेश्य अबुरुप काम गरे नगरेको सम्बन्धमा प्रभाबकारी अनुगमन तथा नियमन गर्ने।(१)
- सहकारीहरुलाई किसानहरुको समन्वयमा वित्तिय सस्थासंग ऋणमा सहजीकरण, अनुदानको ब्यबस्था गरी दुध तथा तरकारी संकलन र बिक्रि, सुपथ मुल्यका पसल राख्न सहजीकरण गर्ने।(२)
- सहकारीहरुलाई दुध संकलन, तरकारी संकलन, सहुलियत पसल जस्ता कार्य गर्न प्रोत्साहन र अनुदान समेत उपलब्ध गराइनेछ।(३)

**कार्यक्रमहरु**

- आवश्यक ऐन, नीति, निर्देशिका आदिको तर्जुमा
- कृषकहरुसँग समन्वय र आबश्यक सहयोग, बैक तथा बित्तिय संस्थाहरुसँग आबश्यक समन्वय र सहयोग आदि कार्यक्रम
- सहकारी विकास तथा प्रवर्द्धन ।

**आर्थिक बिकास क्षेत्रको तर्कबद्ध खाका**

| नतिजा बिबरण | सूचक | इकाई | हालको अबस्था (०७५/७६) | ०८०/८१को अबस्था | पुष्ट्याईंको श्रोत | जिम्वेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|
| असर (Outcome): कृषि, पर्यटन, उद्योग, बाणिज्य लगायतका क्षेत्रहहरुको विकास गर्दै उच्च आर्थिक बृद्धि कायम भएको हुने, | आर्थिक क्षेत्रको आय<br>कृषि आय बार्षिक प्रति परिवार औसत<br>पशु आय प्रति परिवार औसत<br>पर्यटन आय प्रति बर्ष<br>उद्योग बाणिज्य आय प्रति बर्ष ” | ने. रुपयां<br>रुपयां<br>रुपयां<br>रुपयां<br>रुपयां | १,४०,०००<br>१,२०,०००<br>२०,०००<br>०<br>० | ४,९५,३०,०००<br>१,५०,०००<br>५०,०००<br>४०,००,०००<br>४,५३,८०००० | गाउँपालिकाको बार्षिक प्रगति प्रतिबेदन | गाउँपालिका र सहयोगी निकायहरु | सार्बजनिक निजी गैसस आदिको समन्वय र सहकार्य हुने। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रतिफल१-कृषि उत्पादनमा बृद्धि गरी खाद्य तथा पोषण सुरक्षाको बृद्धि गर्दै कृषकहरुको जिवनस्तरमा सुधार गर्ने। | कुल खेति भएको जमिन<br>खेत<br>पाखो<br>धान उत्पादकत्व प. हेक्टर<br>मकै " "<br>गहूं " "<br>तेलहन " "<br>दलहन " "<br>कोदो " "<br>आलु " "<br>तरकारी " "<br>फलफूलले ढाकेको क्षेत्र<br>फलफुल नर्सरी (कागति, सुन्तला, अम्बा, नासपति आदि)<br>कफी नर्सरी<br>कागति बिरुबा बितरण र रोपण<br>कागति बिरुबा बितरण र रोपण<br>अम्बा<br>सुन्तला<br>कफी | हेक्टर<br>हेक्टर<br>हेक्टर<br>मे.टन<br>" "<br>" "<br>" "<br>" "<br>" "<br>" "<br>हेक्टर<br>गोटा<br>गोटा<br>गोटा<br>गोटा<br>गोटा<br>गोटा<br>गोटा | ५२५६.१४<br>१२३९.७६<br>४०१६.३५<br>२.८<br>२.३<br>२.२<br>१.१<br>१.७<br>१.१<br>२.५<br>२.०<br>१२५<br>१<br>०<br>६००<br>१००<br>१०००<br>२००<br>६० | ५२५६.१४<br>१२३९.७६<br>४०१६.३५<br>३.०<br>२.५<br>२.३<br>१.३<br>२.०<br>२.०<br>४.०<br>५.०<br>६००<br>६<br>०<br>५०,०००<br>५०००<br>२५०००<br>१०००<br>६०० | गाउँपालिकाको बार्षिक प्रगति प्रतिबेदन | गाउँपालिका र सहयोगी निकायहरु | मल बिउ कृषि औजारको समयमा उपलब्धता, कृषि बिकास बैंक तथा अन्य वित्तिय संस्थाहरुबाट अनुदान तथा सहुलियत ऋणको उपलब्धता, पशु वीमाको सुबिधा, गाउँपालिकाबाट अनुदान तथा अनुदानको व्यनस्था। |
| प्रतिफल २- स्वच्छ एवं गुणस्तरीय पशुपंक्षी उत्पादनका माध्यमबाट खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूत गर्दै कृषकको जिवनस्तरमा सुधार गर्ने। | गाई<br>भैंसी<br>बाखा<br>सुंगुर, बंगुर<br>कुखुरा<br>पशु फार्म<br>बाखा फार्म<br>ह्याचरी<br>दुग्ध संकलन केन्द्र<br>दुधको व्यबसायिक बिक्री दैनिक<br>चरन क्षेत्र | गोटा<br>गोटा<br>गोटा<br>गोटा<br>गोटा<br>गोटा<br>गोटा<br>गोटा<br>गोटा<br>लिटर<br>ब.कि.मी | ३०८५ लोकल<br>५८८८ लोकल<br>१४०९४ लोकल<br>१२८<br>२३९३८<br>१<br>१<br>१<br>०<br>१००<br>५.५ | ५००० उन्नत<br>१०,००० उन्नत<br>२५,००० "<br>२००<br>३००,०००<br>६<br>६<br>६<br>२<br>७५,०००<br>५.५ | गाउँपालिकाको बार्षिक प्रगति प्रतिबेदन | गाउँपालिका र सहयोगी निकायहरु | कृषि बिकास बैंक तथा अन्य वित्तिय संस्थाहरुबाट अनुदान तथा सहुलियत ऋणको उपलब्धता, पशु वीमाको सुबिधा, गाउँपालिकाबाट अनुदान तथा अनुदानको व्यनस्था। |
| प्रतिफल ३- पर्यटन क्षेत्रको बिकास गरी आय र रोजगारीमा बृद्धि गर्ने | **पर्यटकिय स्थलहरु**<br>प्राचिन दरवार मर्मत तथा संरक्षण<br>पुरातात्विक मठ मन्दिर संरक्षण<br>अन्तराष्ट्रियस्तरको खेलकुद मैदान<br>कच्ची स्थानीयस्तरका होटल<br>पर्यटक आगमन<br>होमस्टे<br>पर्यटन रोजगारी<br>खेलकुद पर्यटन | गोटा<br>गोटा<br>गोटा<br>संख्या<br>जना दैनिक<br>दैनिक क्षमता<br>जना<br>जना | १<br>१<br>१ निर्माणाधिन<br>३५<br>१०५<br>०<br>७०<br>० | ३<br>५<br>१ निर्माण सम्पन्न गर्ने<br>५०सुबिधा बिस्तार सहित<br>५५०<br>३०<br>२००<br>२००० | | | |
| प्रतिफल ४- औद्योगिक विकास द्वारा आय र रोजगारीमा बृद्धि गर्ने। | साना तथा मझौला उद्योग<br>घरेलु उद्योग<br>रोजगारी संख्या | गोटा<br>गोटा<br>जना | ०<br>१<br>१० | ६<br>२५<br>३०० | | | |
| प्रतिफल ५- स्थानीय श्रोत, श्रम, सीप र पुँजीको समुहिक परिचालन गरी आयस्तरमा बृद्धि गर्ने। | सहकारी संस्था संख्या<br>रोजगारी संख्या<br>बैंक<br>ऋण परिचालन | गोटा<br>जना<br>गोटा<br>रुपैया | १६<br>१६<br>१<br>५०,००,००० | २०<br>७५<br>२<br>५०,००,००,००० | | | |

## ३.२. पूर्वाधार बिकास

### ३.२.१ सडक यातायात

सामाजिक आर्थिक विकासलाई गति दिंदै बिभिन्न भौगोलिक क्षेत्रहरुको सन्तुलित विकास द्वारा आर्थिक सामाजिक रुपमा देशलाई एकिकरण गर्न, जनताको आवागमनलाई सहजता प्रदान गर्न तथा जनतालाई पुर्याउने सेवालाई सहज तुल्याउन सडक यातायातको महत्वपूर्ण स्थान छ। सडक नै आर्थिक र सामाजिक विकासको मुख्य पूर्वाधार भएको कुरा महसुस गर्दै यस योजनाले पनि सडकलाई पहिलो प्राथमिकताको रुपमा राखेको छ।

हाल जिल्ला सदरमुकामबाट गाउँपालिका केन्द्रसम्म जोड्ने केन्द्रियस्तरका सडक निर्माणाधिन छन् भने गाउँपालिका केन्द्रदेखि सवै वडा जोड्ने सडकहरुको ट्र्याक निर्माण गरिएको छ। बर्षा नभएको बेला बुटवल र जिल्ला सदरमुकाम तम्घासबाट ईस्मा गाउँपालिका केन्द्रसम्म बस यातायातको ब्यबस्था छ। साथै जिप यातायात पनि सञ्चालनमा रहेका छन् ।

**अबसरहरु**

- केद्रीयस्तरबाट निर्माणाधीन सडक गाउँपालिका केन्द्र र बिभिन्न वडा समेत जोड्दै अगाडि बढ्नु।
- हरेक वडामा सडकको ट्र्याक खुलिसकेको हुनु।
- जिल्ला सदरमुकामसँग जोडिएको हुनु।

**चुनौतीहरु**

- भौगोलिक अबस्थाले निर्माण लागत खर्चिलो ।
- छरिएर रहेका बस्तिहरुमा सडक बिस्तार गर्न कठिन ।
- प्राकृतिक प्रकोप, जलबायु परिवर्तन र वाताबरण संरक्षण समेतका बिभिन्न मापदण्डको पालना कठिन र झञ्झटिलो ।

**सवल पक्षहरु**

- सडक यातायातलाई योजनाको पहिलो प्राथमिकतामा राखिनु।
- सडक निर्माणमा राजनैतिक मतैक्यता हुनु।
- संबैधानिक रुपमै स्थानीय सडक स्थानीय सरकारको अधिकार भित्र हुनु।

**दुर्वलपक्षहरु**

- आबश्यक प्राबिधिकको ब्यबस्था नहुनु।
- बिभिन्न सडक निर्माण र सो सम्बन्धि निकायहरुसँग समन्वय हुन नसक्नु।

**३.२.१.१. लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीतिहरु :**

माथि उल्लेखित समस्या र अवसर, चुनौती, सवल र दुर्बल पक्ष (SWOT)को बिश्लेषणको आधारमा सडक यातायात तर्फ देहायका लक्ष, उद्धेश्य, रणनीति र कार्यनीति निर्धारण गरिएको छ।

**लक्ष**

- गाउँपालिकाका सबै वडा एबं प्रमुख वस्तीहरुमा सडक सञ्जाल बिस्तार गरी आर्थक सामाजिक बिकासमा टेवा पुर्याउने।

**उद्धेश्य**

- प्रभावकारी दीगो र सुरक्षित र वाताबरण मैत्री सडक यातायातको विकास गर्दै आर्थिक तथा सामाजिक विकाससँग आबद्ध गर्ने।
- सडक यातायातको विकास गरी गाउँपालिकाको आन्तरिक र बाह्य क्षेत्रहरु सडक यातायात बिस्तार गरि सहज आवत जावत र ब्यापार ब्यबसायमा योगदान बढाउने।

**रणनीतिहरु**

१. जिल्ला सदरमुकामबाट गाउँपालिका केन्द्र जोड्ने बाटो दायांबायां नाली निर्माण गरी पिच गराउन आबश्यक पहल गरिनेछ।

२. गाउं बिकास केन्द्रबाट सबै वडाकेन्द्र र प्रमूख बस्ती  जोड्ने सडकहरुलाई स्तरोन्नति गर्दै ५ बर्ष भित्र सवै वडा कन्द्र र प्रमूख बस्तिहरुमा बाँह्रै महिना यातायात चल्ने बनाइने छ।

३. गाउंका हरेक नागरिकले बढिमा आधा घण्टाको दुरी पैदल हिंडेपछि सडक यातायातको सुबिधा पाउने ब्यबस्था गरिनेछ।

४. सडक निर्माण, संरक्षण र ब्यबस्थापनका लागि उपभोक्ता समितिहरुलाई जिम्वेवार बनाइनेछ।

५. सडकका दायांबायां बृक्षा पण गरी हरित सडक र वातावरण संरक्षणको अवधारणा लागु गरिनेछ।

**कार्यनीतिहरु**

- सडक निर्माणको ५ बर्षे कार्य योजना बनाई सो अनुसार त्यसलाई बार्षिक कार्यक्रमसंग आबद्ध गरिनेछ।(१,२,३,४)
- विज्ञ सहितको कार्यदल गठन गरि सडक र यातायातको मापदण्ड र Right of Way निर्धारण गरी सो को कार्यान्वयन गरिनेछ।(२,३)
- जिल्ला सदरमुकामबाट गाउँपालिका जोड्ने सडकको पिच गराउन नेपाल सरकारसंग वरावर समन्वय गरीनेछ।(३)
- सडक निर्माणमा निजी, गैसस, दातृ निकाय तथा अन्य साझेदार निकायहरुसंग समन्वय गरिनेछ।(२,३)
- सडक निर्माणमा जनसहभागितालाई ब्यापक रुपमा परिचालन गरिनेछ र सडक निर्माण पछि ब्यबस्थापनको जिम्मा उपभोक्ता समितिलाई दिइनेछ।(४)
- सडकको दायां बायां हरियाली कायम गर्न बृक्षारोपण र संरक्षण गर्न नागरिक समाज र उपपभोक्ता समितिहरुलाई सक्रिय गराइनेछ।(५)

**कार्यक्रमहरु**

१. ईस्मा गाउँपालिकामा चक्रपथ निर्माण (गाउँपालिकाको गौरवको योजना)

२. हर्पुकोट इस्मा सडक वडा नं १,

३. छल्दिटार इस्मा सडक वडा नं २,

४. ठाडढुङ्गा इस्मा सडक वडा नं ३,

५. दोहली इस्मा सडक वडा नं ४,

६. अमरपुर इस्मा सडक वडा नं ६।(अन्य सडक योजनाहरु अनुसूचीमा समावेश गरिएकोछ ।)

### ३.२.२. सिंचाई

कृषिको उत्पादकत्व बढाउन, बाह्रै महिना जमिन खाली नराखी खेती गर्न सिंचाईको राम्रो ब्यबस्था हुनु अपरिहार्य भएकाले सिंचाई पूर्वाधारको विकासका साथै सम्पन्न सिंचाई प्रणालीहरुको ब्यबस्थापन सुदृढ एबं प्रभाबकारी बनाउनमा केन्द्रित रही यो योजना निर्माण गरिएको छ।

**अबसरहरु**

- सिंचाईका लागि बिभिन्न खोलानाला र भूमिगत सिंचाईको सम्भावना।
- कृषियोग्य जमिनको प्रचुरता हुनु।

**चुनौतीहरु**

- खोलानालाहरुमा हिउंदमा पानी कम भई सिंचाई पुग्न नसक्नु।
- भौगोलिक हिसावले सिंचाई प्रणाली निर्माण बढी खर्चिलो हुनु।
- निर्माण भै सकेका योजनाहरुको प्रभावकारी ब्यबस्थापन गर्न नसक्नु।

**सवलपक्ष**

- नेपालको संबिधानको अनुसुची ८ अनुसार सिंचाई स्थानीय सरकारको कार्यक्षेत्रमा हुनु।
- निर्वाचित जनप्रतिनिधिहरु सबै कृषि पेशासँग सम्बन्धित भएकोले सिंचाईले प्राथमिकता पाउनु।

**दुर्वलपक्ष**

- सिंचाई सम्बन्धि स्थानीय कानून, नीति, निर्देशिका वा मापदण्ड बनी नसक्नु।
- सिंचाई र कृषि योजनालाई एकिकृत रुपमा लिएर जान नसक्नु।
- सिंचाई सम्बन्धि प्राबिधिकको कमी हुनु।

#### ३.२.२.१. लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीतिहरु :

माथि उल्लेखित समस्या र अवसर, चुनौती, सवल र दुर्बल पक्ष (SWOT)को बिश्लेषणको आधारमा सिंचाई विकास तर्फ देहायका लक्ष, उद्धेश्य, रणनीति र कार्यनीति निर्धारण गरिएको छ।

**लक्ष**

- कृषियोग्य जमिनमा भरपर्दो र दीगो सिंचाई सेवा मार्फत उत्पादन र उत्पादकत्व बृद्धि गरी कृषकहरुको आयस्तरमा बृद्धि गर्ने।

**उद्धेश्यहरु**

- कृषि योग्य जमिनमा सिंचाईको बिस्तार गरी बाह्रै महिना सिंचाई सुबिधा पुर्याउने तर्फ ध्यान दिने।
- सिंचाई प्रणालीहरुको ब्यबस्थापन सुदृढीकरण गरी दीगोपनामा बृद्धि गर्ने।

**रणनीतिहरु**

१. सिंचाई सम्बन्धि आबश्यक कानून, नीति, निर्देशीका र मापदण्ड तयार गरी लागु गर्ने।

२. सिंचाईको सम्भाब्यता हेरी सतह, भूमिगत, नयाँ प्रबिधिमा आधारित सिंचाई योजनाहरुको सम्मिश्रन गरिनेछ।

३. निर्माण सम्पन्न भई संचालनमा आएका सिंचाई प्रणालीहरुको मर्मत सम्भार र दीगो ब्यबस्थापनका लागी उपभोक्ता समितिहरुको सहभागिता सुनिश्चित गराउने।

४. सिंचाई सम्बन्धि योजना प्रकृयामा लक्षित समुदाय भित्रका सबै लिङ्ग, जातजाति, दलित र उपेक्षित आदि सबैको  समानुपातिक सहभागिता सुनिश्चित गर्ने।

५. कृषि र सिंचाई कार्यक्रमलाई एकिकृत रुपमा लिएरजाने।

६. नदी नियन्त्रण कार्यलाई संघ, प्रदेश सरकार र अन्य राष्ट्रिय, अन्तराष्ट्रिय गैससंग समन्वय गरी एकिकृत गरी कार्यान्वयन गर्ने

**कार्यनीतिहरु**

- आबश्यक कानून, नीति, निर्देशीका र मापदण्ड तयार गर्न तुरुन्त मस्यौदा समिति गठन गरी मस्यौदा निर्माण गरी २ बर्ष भित्र कार्यान्वयन गर्ने।(१)
- सिंचाईको सम्भावना भएका खेतीयोग्य जमिनमा क्रमशः सिंचाई सुबिधा उपलब्ध गराउंदै लगिनेछ।(२)
- सिंचाईको सम्भावना भएका खेति योग्य जमिनमा सिंचाई सुबिधा बिस्तार गर्न सम्भाब्यताका आधारमा सतह सिंचाई, लिफ्ट सिंचाई, भूमिगत सिंचाई आदिको विकास गर्ने र बैकल्पिक सिंचाइ प्रणालीहरु जस्तो थोपा सिंचाई, प्लाष्टिक पोखरी निर्माण आदि जस्ता बिभिन्न नयाँ प्रबिधिमा आधारित सिंचाई प्रणालीको बिकास गरी सिंचाई सुबिधाको बिस्तार गर्ने।(२)
- विकास र वातावरणलाई सन्तुलनमा राख्न योजना संचालन पूर्व वातावरण परिक्षण गरी वातावरण मैत्री  सिंचाई प्रणाली निर्माण गरिनेछ।सिंचाई कुलोको दायांबायां सुन्दरता र हरियाली कायम राख्न उपयुक्त हुने खालका विरुवाहरु लगाइनेछ।सिंचाई प्रणालीलाई प्रकोप प्रतिरोधी बनाउन आबश्यक ब्यबस्था गरिनेछ।(२,३)
- निर्माण सम्पन्न भई संचालनमा आएका सिंचाई प्रणालीहरुको निर्माण,मर्मत सम्भार र दीगो ब्यबस्थापनका लागी उपभोक्ताहरु मध्येबाट समाबेशी सहभागिताको आधारमा उपभोक्ता समिति गठन गरी ब्यबस्थापनको जिम्मा दिइनेछ र उनीहरुको क्षमता बिकासको लागि समयसमयमा तालिम समेत दिइनेछ।(३,४)
- सिंचाइ र कृषि कार्यक्रमलाई एकिकृत रुपमा लगी सिंचाईको उपलब्धताका आधारमा बालीको छनौट गरी  उपयुक्त बाली लगाइनेछ।(५)
- सबै निकायबाट गरिने नदी नियन्त्रण कार्यक्रममा साझेदारी गरी एकिकृत रुपमा लगिनेछ।(६)

**कार्यक्रमहरु**

क) ढाडफाँट सिंचाई योजना वडा नं १

ख) छल्दीटार-मझुवा, बारबिसे, भराहा, सिल्तुङ्ग भूमिगत सिंचाई योजना वडा नं २

ग) कल्लेनीखोला सिंचाई योजना वडा नं ३

घ) छिनुवाखोला बेल्टारी सिंचाई योजना वडा नं १,३

ङ) खयरा सिंचाई योजना वडा नं ३

च) निस्तीखोला खगलार बखर्क गरूलारुख सिंचाई योजना वडा नं ४ कोट्कोटेरी तिम्लेखर्क

छ) फेदिफाँट चापटारी सिंचाई योजना वडा नं ५

ज) रोदिफाँट सिंचाई योजना वडा नं ५

झ) चौरासीफाँट सिंचाई योजना वडा नं ६

ञ) कुखुरेखोला सिंचाई योजना वडा नं ६

ट) छल्दी निस्ती लगायतका नदीहरुमा तटबन्ध गर्ने।

### ३.२.३ जलबिद्युत तथा वैकल्पिक उर्जा

उर्जा विकासको महत्वपूर्ण पूर्वाधार हो र जलबिद्युत नै यसको महत्वपूर्ण श्रोत हो। ईस्मा गाउँपालिकामा लगभग ८८ प्रतिशत घरधुरीहरुमा बिद्युत सेवा पुगेको तथ्यांकले देखाउँछ। बिद्युत सेवालाई बिस्तार गरी शत प्रतिशतमा पुर्याउन र यसको आपूर्ति भरपर्दो र गुणस्तरीय बनाउन यस योजनाले बिशेष ध्यान दिएको छ।

**अबसरहरु**

- ८८ प्रतिशत घरधूरीमा जलबिद्युत पुगी सकेको।
- जनसहभागितामा आधारित सामुदायिक जलबिद्युत आयोजना लागु रहेको।

**चुनौतीहरु**

- गरिबीका कारण सीमान्तकृत परिवारले बिद्युत लाइन जोड्नु नसक्नु।
- भौगोलिक रुपमा छरिएर रहेका टाढाका बस्तिहरुमा बिद्युत पुर्याउन बढी खर्चिलो हुनु।
- बैकल्पिक उर्जाको पहुंच कमजोर हुनु।

**सवलपक्ष**

- नेपालको संबिधानको अनुसुची ८ अनुसार साना जलबिद्युत आयोजना र वैकल्पिक उर्जा स्थानीय सरकारको अधिकार क्षेत्रमा हुनु।
- निर्वाचित जनप्रतिनिधिहरुले सबैका लागि बिद्युत सेवा भन्ने अभियानलाई प्राथमिकता दिनु।

**दुर्वलपक्ष**

- साना जलबिद्युत र वैकल्पिक उर्जा सम्बन्धि स्थानीय कानून, नीति, निर्देशिका वा मापदण्ड बनी नसक्नु।
- यस सम्बन्धि प्राबिधिकको कमी हुनु।

**३.२.३.१. लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीतिहरु :**

माथि उल्लेखित समस्या र अवसर, चुनौती, सवल र दुर्बल पक्ष (SWOT)को बिश्लेषणको आधारमा बिद्युत तथा बैकल्पिक उर्जा विकास तर्फ देहायका लक्ष, उद्धेश्य, रणनीति र कार्यनीति निर्धारण गरिएको छ।

**लक्ष**

- बिद्युत सेवालाई सबै घरधुरीमा पुर्याई आर्थिक कृयाकलापसँग आबद्ध गर्दै जनताको आयस्तरमा बृद्धि गर्ने।

**उद्धेश्यहरु**

- सबै घरधुरीमा पुर्याई नियमित र भरपर्दो रुपमा बिद्युत आपूर्ति गर्ने।

**रणनीतिहरु**

१. साना जलबिद्युत र बैकल्पिक उर्जा सम्बन्धि आबश्यक कानून, नीति, निर्देशीका र मापदण्ड तयार गरी लागु गर्ने।

२. बिद्युतलाई आर्थिक कार्यक्रमसंग आबद्ध गर्ने ।

३. सञ्चालनमा रहेको सामुदायिक ग्रामिण बिद्युतीकरण आयोजनालाई प्रभावकारी रुपमा अगाडी बढाउने।

४. वैकल्पिक उर्जाकेन्द्रसंग समन्वय गरी जलबिद्युत नपुगेका घरधुरीमा अनुदानमा सौर्य उर्जा जडान गर्ने।

**कार्यनीतिहरु**

- आबश्यक कानून, नीति, निर्देशीका र मापदण्ड तयार गर्न तुरुन्त मस्यौदा समिति गठन गरी सो को प्रतिबेदनका आधारमा २ बर्ष भित्र निर्माण गरी कार्यान्वयन गर्ने।(१)
- उर्जालाई आर्थिक कृयाकलापहरु जस्तै कुखुरापालन, कृषि उत्पादनहरुको प्रशोधन, कोल्ड स्टोरको स्थापना जस्ता बिबिध कार्यसंग आबद्ध गर्ने।(२)
- गरिब तथा बिद्युत जडान गर्न नसक्ने घरपरिवारहरुलाई बिद्युत जडानको केही अंश अनुदान दिने।(३)

- सौर्य उर्जा प्रणालीलाई ब्यापकता दिन बैकल्पिक उर्जा प्रदायक कम्पनीहरु र बैकल्पिक उर्जा प्रबर्धनकेन्द्रसंग समन्वय गर्ने।(४)

**कार्यक्रमहरु**

- वडा नं १,२ र ६मा सामुदायिक बिद्युतीकरण मार्फत बिद्युतीकरण ।
- सबै वडाहरुमा काठका पोल बिस्थापित गरि स्टिलका पोल राख्ने कार्यक्रम ।
- प्रत्येक घरधुरीमा बिद्युतीकरण ।
- वैकल्पिक उर्जालाई प्रबर्धन गरी बिद्युत सेवा नपुगेको स्थानमा उज्यालो कार्यक्रम संचालन ।
- केन्द्रिय बिद्युतीकरण कार्यक्रमबाट वडा नं ३,४ र ५ मा थप लाइन प्रसारणको कार्यक्रम ।

### ३.२.४ भवन तथा बस्ति बिकास

ब्यबस्थित योजना बिना छरिएर बस्ने बस्तिको अबस्थाले सडक, बिद्युत, बिद्यालय, स्बास्थ्य केन्द्र, खानेपानी जस्ता सामाजिक आर्थिक पूर्वाधारहरु पुर्याउन कठिन र धेरै खर्चिलो हुन्छ। त्यसकारण भूउपयोग योजना बनाई सो योजना अनुसार निश्चित ठाउंहरुमा एकिकृत बस्ति बिकासको अबधारणा लागु गर्नु अत्याबश्यक भैसकेको छ। त्यस्तै निश्चित मापदण्ड बिपरितका भवनहरुका निर्माणले बस्तिको शोभालाई घटाउंछ भनें भूकम्प, बाढी पहिरो आदि प्रकोपको कारण घर भत्किई ठुलो धनजनको क्षति ब्यहोर्नुपर्ने अबस्था छ। यस कुरालाई ध्यानमा राखी यस योजनामा ब्यबस्थित बस्ति बिकास र भवन आचारसंहिता अनुसार घर बनाउने कुरालाई बिशेष ध्यान दिइएको छ ।

**अबसरहरु**

- ब्यबस्थित बस्ति बिकासको लागि प्रसस्त खुला जमिन रहेको।
- जनप्रतिनिधिहरुमा ब्यबस्थित बस्ति बिकास योजनाप्रति बिशेष रुची रहेको।

**चुनौतीहरु**

- एकिकृत बस्ति बिकासका स्थानको ब्यबस्था गर्न र सो स्थानमा बस्ति बिकास गर्न धेरै खर्चिलो हुने।
- पुराना बस्तिहरुलाई एकिकृत प्रकृयामा ल्याउन कठिन र महंगो हुने।

**सवल पक्ष**

- निर्वाचित जनप्रतिनिधिहरु एकिकृत बस्ति बिकासप्रति उत्सुक रहेको।
- सुरक्षित भवन निर्माणका मापदण्डहरु नेपाल सरकारबाट निर्माण भैसकेको।

**दुर्वल पक्ष**

- ब्यबस्थित बस्ति बिकास योजना र भूउपयोग नीतिको अभाव।
- यस सम्बन्धि प्राबिधिकको कमी हुनु।

### ३.२.४.१. लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीतिहरु :

माथि उल्लेखित समस्या र अवसर, चुनौती, सवल र दुर्बल पक्ष (SWOT)को बिश्लेषणको आधारमा भवन निर्माण तथा ब्यबस्थित बस्ति विकासतर्फ देहायका लक्ष, उद्धेश्य, रणनीति र कार्यनीति निर्धारण गरिएको छ।

**लक्ष**

- ब्यबस्थित बस्ति र सुरक्षित घरको अबधारणा अनुरुप भबन निर्माण गर्दै सुरक्षित आवास र एकिकृत र भरपर्दो सेबा प्रवाह गर्ने।

**उद्धेश्य**

- भू उपयोग योजना अनुसार निश्चित ठाउंमा एकिकृत बस्ति बिकास र सुरक्षित आवासको निर्माण हुने।

**रणनीतिहरु**

१. योजना अबधिमा एकिकृत बस्ति बिकास योजना बनाई कुनै उपयुक्त ठाउँमा नमुना बस्ति निर्माण गर्न शुरुवात गरिनेछ।

२. एकिकृत नमुना बस्तिमा पानी, बिजुली, स्वास्थ्य, शिक्षा, जस्ता आधारभूत आबश्यकता पुर्याइने छ।

३. अब बन्ने घरहरुलाई एकिकृत बस्तिमा बनाउन आबश्यक सहुलियतको ब्यबस्था गरिनेछ।

४. अब निर्माण हुने घरहरुमा गाउँपालिकाबाट नक्सापास वा स्वीकृति दिंदा अनिबार्य रुपमा भवन निर्माण मापदण्ड परिपालना गरिएको हुनुपर्ने ब्यबस्था गरिनेछ।

**कार्यनीतिहरु**

- भू उपयोग योजना अनुसार बिज्ञ समूह द्वारा एकिकृत तथा ब्यबस्थित बस्ति बिकास योजना निर्माण गर्न लगाइनेछ र सो योजना क्रमशः कार्यान्वयन गरिनेछ।(१)
- बस्ति बिकासका लागि योजनामा निर्दिष्ट गरिएका स्थानहरु मध्येको एक ठाउंमा नमूना बस्ति बिकास गरि बिजुली, खानेपानी, शिक्षा, स्वास्थ्य जस्ता सवालहरु एकिकृत रुपमा बिस्तार गरिनेछ।(२)
- अब बन्ने घरहरुलाई एकिकृत बस्तिमा ल्याउन पानी, बिजुली आदिमा आबश्यक सुबिधा प्रदान गरिनेछ।(३)

  नेपाल सरकारबाट तयार भएको भवन मापदण्ड सहितको आचार संहिता कार्यान्वयन गरी घरको प्रकृति अनुसार नक्सा पास वा स्वीकृति गाउँपालिकावाट अनिबार्य रुपमा लिनुपर्ने ब्यबस्था गरिनेछ। (४)

**कार्यक्रमहरु**

- बस्ति बिकास योजना निर्माण र कार्यान्वयन।
- नमूना बस्तिको बिकास र सुबिधा बिस्तार।
- गाउँपालिकामा भवन सम्बन्धि प्राबिधिकको ब्यबस्था ।
- भवन सम्बन्धि मापदण्डको पम्पलेट निर्माण गरी गाउँपालिका, वडा कार्यालय, बिभिन्न बस्ति तथा सार्बजनिक ठाउंमा सूचना टाँस गर्ने व्यवस्था ।
- एकिकृत बस्ति र सुरक्षित आवास बारे जनचेतना कार्यक्रम।

## पूर्वाधार बिकास क्षेत्रको तर्कबद्ध खाका

| नतिजा बिबरण | सूचक | इकाई | हालको अबस्था ०७५/७६ | ०८०/८१को अबस्था | पुष्ट्याईंको श्रोत | जिम्वेवार निकाय | जोखिम थथा अनुमान |
|---|---|---|---|---|---|---|---|
| **असर (Outcome):** सडक, सिंचाई, बिद्युत लगायतका भौतिक पूर्वाधारको विकास भएको हुने, | मोटरबाटोसंग दुरी समय<br>सिंचाई पुगेको जमिन<br>बिद्युत पुगेको जनसंख्या | घंटा वा मिनेट<br>प्रतिशत<br>प्रतिशत | २ घंटा<br>५२<br>८४ | ३० मिनेट<br>७५<br>१०० | गाउपालिकाको प्रतिबेदन, | गाउपालिका सडक बिभाग, संचाई बिभाग, नेपाल बिद्युत प्राधिकरण | संघ र प्रदेश सरकारको सहयोग हुने, |
| **प्रतिफल १** सडक सुबिधा बिस्तार र गुणस्तर बृद्धि भएको हुने | पक्की सडक<br>ग्राभेल सडक<br>कच्चि सडक<br>सडक नाली निर्माण<br>पुल | कि.मी<br>कि.मी<br>कि.मी.<br>कि.मी<br>गोटा | ०<br>५<br>२००<br>५<br>० | १००<br>१००<br>१०<br>२००<br>३ | गाउँपालिकाको प्रतिबेदन | गाउपालिका सडक बिभाग, | संघ र प्रदेश सरकारको सहयोग हुने |
| **प्रतिफल २:** सिंचाई सुबिधाको बिकास र बिस्तार भएको हुने | बाहैं महिना संचाई सुबिधा पुगेको जमिन<br>संचाई पुगेको खेत<br>नदि नियन्त्रण | प्रतिशत<br>हेक्टर<br>खोला संख्या | ५२<br>१२३९.७६<br>२ | ७५<br>१५००<br>५ | गाउँपालिकाको प्रतिबेदन | गाउँपालिका, संचाई बिभाग | संघ र प्रदेश सरकारको सहयोग र सहकार्य हुने |
| **प्रतिफल ३:** बिद्युत सुबिधाको बिस्तार भएको हुने | बिद्युत सेवा पुगेको घरधुरी | प्रतिशत | ८४ | १०० | गाउँपालिकाको प्रतिबेदन | गाउँपालिका र नेपाल बिद्युत प्राधिकरण | संघ र प्रदेश सरकारको सहयोग र सहकार्य हुने |
| **प्रतिफल ४:** भू उपयोग योजना तयार गरी व्यबस्थित बस्ति बिकास गर्ने | भू उपयोग योजना निर्माण<br>नमूना ब्यबस्थित बस्ति बिकास | संख्या<br>संख्या | ०<br>० | १<br>१ | गाउँपालिकाको प्रतिबेदन | गाउँपालिका र सहरी बिकास | संघ र प्रदेश सरकारको सहयोग र सहकार्य हुने |

### ३.३ सामाजिक बिकास

#### ३.३.१.स्वास्थ्य

नेपालको संबिधानले नागरिकले राज्यबाट आधारभूत स्वास्थ्यसेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबै नागरिकको समान पहुंच प्राप्त हुने बिषयलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ।स्वास्थ्य क्षेत्रमा लगानी अभिबृद्धि गर्दै गुणस्तरीय सहज, सुलभ,स्वास्थ्य सेवामा जनताको समान पहुंच स्थापना गर्न यो योजनाका स्वास्थ्य सम्बन्धि लक्ष, उद्धेश्य, रणनीति, कार्यनीति र कार्यक्रमहरु केन्द्रित रहने छन।

**अवसरहरु**

- हरेक वडामा स्वास्थ्य चौकी रहेको।
- प्रत्येक गाउँपालिका/नगरपालिकामा कम्तिमा १५ सैय्याको अस्पताल निर्माण गर्ने नेपाल सरकारको नीति रहेको।
- नेपाल सरकारले स्वास्थ्य बीमाको नीति अङ्गिकार गरेको।
- बिरामीलाई अस्पताल सम्म जान आउन सडक यातायातको सुबिधा भएको।

**चुनौतीहरु**

- भौगोलिक अबस्थाले गर्दा सबै ठाउँबाट समयमै बिरामी स्वास्थ्य केन्द्र ल्याउन नसकिने अबस्था।
- गाउँपालिकामा सुबिधा सम्पन्न अस्पताल नभएको।
- गाउँपालिका सबै वडामा सहज रुपमा एम्बुलेन्सको सुबिधा नभएको।

**सवलपक्ष**

- नेपालको संबिधानको अनुसूची ८ मा आधारभूत स्वास्थ्य र सरसफाई स्थानीय सरकारको अधिकारमा रहेको।
- गाउँपालिकाका सबै पदाधिकारीहरु स्वास्थ्य सेवा विकासप्रति जागरुक रहेको।
- स्थानीय सरकार सञ्चालन ऐनको **दफा ११ झ** अनुसार आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धि १२ वटा बिभिन्न अधिकार सुनिश्चित गरेको।

**कमजोरपक्षहरु**

- निःशुल्क रुपमा पाउनुपर्ने औषधी स्वास्थ्य चौकीमा पर्याप्त मात्रामा उपलब्ध नहुनु।
- सबै स्वास्थ्य केन्द्रमा दरबन्दी अनुसार स्वास्थ्यकर्मी उपलब्ध नहुने गरेको।

#### ३.३.१.१. लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीतिहरु :

माथि उल्लेखित समस्या र अवसर, चुनौती, सवल र दुर्बल पक्ष (SWOT)को बिक्षेषणको आधारमा स्वास्थ्य विकास तर्फ देहायका लक्ष, उद्धेश्य, रणनीति र कार्यनीति निर्धारण गरिएको छ।

**लक्ष**

- गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुंच स्थापना गरी स्वस्थ नागरिकको विकास गर्ने।

### उद्धेश्य

- सबै नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र निःशुल्क उपलब्ध गराउने।

### रणनीतिहरु

१. स्वास्थ्य र सरसफाई सम्बन्धि आबश्यक कानून, नीति, निर्देशिका र मापदण्डहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. स्वास्थ्य सेवामा सवै गाउंवासीको पहुँच बढाउन उपलब्ध सवै स्रोतहरु (सरकारी, सामुदायिक, गाउँपालिका, गैसस, सहकारी तथा निजी क्षेत्र) को व्यापक परिचालन गरिनेछ ।

३. स्वास्थ्य र सरसफाइलाई एकिकृत कार्यक्रमको रुपमा सञ्चालन गरिनेछ ।

४. एक वाड एक प्रसुति सेवा सहितको सुबिधा सम्पन्न स्वास्थ्य चौकी स्थापना गरी सुरक्षित स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

५. गाउँपालिका केन्द्रमा १५ सैय्याको सुबिधा सम्पन्न अस्पताल स्थापना गर्न नेपाल सरकारसंग समन्वय गरिनेछ।

६. बैकल्पिक चिकित्सा पद्धति, आयुर्बेद शिक्षालाई प्रोत्साहन गरिनेछ।

७. स्वास्थ्य शिक्षा, सचेतना जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।

### कार्यनीतिहरु

- स्वास्थ्य र सरसफाई सम्बन्धि आबश्यक कानून, नीति, निर्देशिका र मापदण्डहरु तर्जुमा गरी कार्यान्वयन एक कार्यदल गठन गरिनेछ र सोको प्रतिबेदनको आधारमा २ बर्ष भित्र तर्जुमा गरी लागु गरिनेछ ।(१)
- सबै वडामा रहेका स्वास्थ्यचौकीको स्तरोन्नति गरी आबश्यक स्वास्थ्य कर्मी र औषधीको ब्यबस्था गरिनेछ।(२,४)
- गाउँपालिकाले एउटा एम्बुलेन्स किन्ने ब्यबस्था मिलाउनेछ।(२)
- स्वास्थ्य वीमाको राष्ट्रिय अभियानलाई ब्यापक रुपमा लागु गर्न पहल गरिनेछ।(२)
- स्वास्थ्य, सरसफाई, आहार बिहार, खानेपानी जस्ता कार्यक्रमहरुलाई स्वास्थ्यसेवासमग एकिकृत गरी संचालन गरिनेछ।(३)
- नेपाल सरकारसंग तत्काल १५ सैय्याको अस्पताल निर्माण शुरु गर्न पहल र सहयोग गरीनेछ।(५)
- आयुर्बेद चिकित्सा, तनाब र नशामुक्ति कार्यक्रमहरु जस्ता बैकल्पिक चिकित्सा पद्धतिहरुलाई पनी आधुनिक चिकित्सा पद्धतिसंग समन्वयात्मक रुपमा अगाडी बढाइनेछ।(६)

- स्वास्थ्य, सरसफाई र पोषणबारे ब्यापक जनचेतना अभियान संचालन गरिनेछ।(७)
- स्थानीय एफ एम मार्फत जनतासंग डाक्टर कार्यक्रम संचालन गरी रोगको निरोधात्मक र उपाचारात्मक पद्धति बारे कार्यक्रम चलाइनेछ।(७)

**कार्यक्रमहरु**

- विशेषज्ञ सहितको कार्यदल गठन गरी स्वास्थ्य र सरसफाई सम्बन्धि कानून, नीति, निर्देशिका र मापदण्डहरु स्वीकृत गरी कार्यान्वयन गर्ने कार्यक्रम ।
- जनतासँग डाक्टर कार्यक्रम संचालन गर्ने, ज्येष्ठ नागरिक, अपाङ्ग, अशक्त र असहाय बिरामीलाई समय समयमा घरदैलो सेवा प्रदान गर्ने कार्यक्रम ।
- मातृ/शिशु मृत्यु दरलाई सुन्यमा स्थिर राखिने कार्यक्रम ।
- सबै वडामा आधारभूत सुबिधा सहितको बर्थिङ्ग सेन्टर स्थापना (हालको वडा नं २ समेत)।
- गाउँघर क्लिनिक ब्यबस्थित गरि आवश्यक आधारभूत उपचार सेवा कार्यक्रम ।
- सबै वडामा ल्याब संचालन र रक्त संचारको सेवा संचालनको लागि पहल ।
- बिभिन्न स्वास्थ्य र सरसफाई सम्बन्धि सूचना मुलक प्रचार सामाग्री तयार गरी चेतनामुलक कार्यक्रमहरु संचालन ।
- बेला बेलामा बिशेषज्ञ डाक्टर ल्याई स्वास्थ्य शिबिर संचालन गर्ने र निरपेक्ष गरिबीको रेखामुनी रहेका जनतालाई लक्षित बिशेष कार्यक्रम सञ्चालन ।
- स्थानीय स्वास्थ्य चौकीको निर्माण हुन बाँकी एउटा भवन तत्काल निर्माण गर्ने र भएका स्वास्थ्य चौकीहरुको स्तरोन्नतिका साथै दरबन्दी अनुसारका स्वास्थ्य कर्मी र आधारभुत औषधीहरुको ब्यबस्था गर्ने।
- निरपेक्ष गरिबीका रेखा मुनी रहेका जनतालाई अबस्था हेरी स्वास्थ्य वीमामा अनुदानको ब्यबस्था, निशुल्क एम्बुलेन्स सेवा आदिको ब्यबस्था गर्ने कार्यक्रम ।
- तनाब र नसामुक्ती परामर्श केन्द्र र बैकल्पिक चिकित्सा पद्दतीको लागि सरोकारवालासँग समन्वय गरि कार्यक्रम सञ्चालन ।

## ३.३.२. शिक्षा

नेपालको संबिधानको धारा ३१ अनुसार शिक्षाको हकलाई मौलिक हकको रुपमा ब्यबस्था गरेको छ।त्यसै गरी राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई आधारभूत आबश्यकताको रुपमा राखी सबै नागरिकहरुलाई शिक्षाको अबसर उपलब्ध गराउनु राज्यको दायित्वको रुपमा उल्लेख गरेको छ।बास्तबमा शिक्षा विनाको जीवन अन्धकारमय हुन्छ। यिनै कुराहरुलाई ध्यानमा राखि यस आवधिक योजनाले शिक्षाको बिकासलाई बिशेष महत्व दिएको छ।

**अबसरहरु**

- लगभग ९८ प्रतिशत जनता साक्षर रहेको।
- नेपालको संबिधानले शिक्षालाई मौलिक हकको रुपमा ब्यबस्था गरेको।

- गाउँपालिकामा ४७ वटा बिभिन्न स्तरका सरकारी बिद्यालयहरु, २ वटा निजी बिद्यालयहरु र ४६ वटा बालबिकास केन्द्रहरु सञ्चालनमा रहेको।
- अधिकाँस अभिभावकमा शिक्षाको जागरण रहेको।

**चुनौतीहरु**

- गाउँपालिकामा उच्च शिक्षाको ब्यबस्था नभएको।
- प्राबिधिक शिक्षाको ब्यबस्था नभएको।
- शिक्षित ब्यक्तिहरु गाउँबाट पलायन हुने गरेको।
- दलित र अति गरिब समुदायका केटाकेटीहरुलाइ बिद्यालय ल्याउन र टिकाउन गाह्रो रहेको।

**सवल पक्षहरु**

- नेपालको संबिधानको अनुसुची ८ बमोजिम माध्यमिक शिक्षासम्मको अधिकार स्थानीय सरकारमा रहेको र स्थानीय सरकार संचालन ऐनको **दफा ११ज** बमोजिम यो अधिकारलाई बिभिन्न २३ वटा बुंदामा बिस्तृतीकरण गरिएको।
- निर्वाचित सबै जनप्रतिनिधिहरु शिक्षाको विकासमा ऐक्यबद्ध रहेको।

**कमजोर पक्षहरु**

- स्थानीय सरकारबाट बिद्यालय सम्बन्धि आफ्ना अधिकार क्षेत्रका कानून, नीति, निर्देशिका र मापदण्ड तयार भै नसकेको।
- अस्थायी, राहत दरबन्दी तथा निजी श्रोतमा कार्यरत शिक्षकको संख्या धैरै रहेको।

**३.३.२.१. लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीतिहरु :**

माथि उल्लेखित समस्या र अवसर, चुनौती, सवल र दुर्बल पक्ष (SWOT)को बिश्लेषणको आधारमा शिक्षातर्फ देहायका लक्ष, उद्धेश्य, रणनीति र कार्यनीति निर्धारण गरिएको छ।

**लक्ष**

- नागरिकको आबश्यकता अनुरुप गुणस्तरीय, ब्यबसायिक, शिपयुक्त र रोजगारी एबं स्वरोजगारी मूलक शिक्षा प्रदान गर्ने।

**उद्धेश्य**

- शिक्षामा सबैको पहुंच, समतामूलक अबसरहरु सुनिश्चितता प्राबिधिक एबं सीपमूलक, समय सान्दर्भिक, र गुणस्तरीय शिक्षा प्रदान गर्ने।

**रणनीतिहरु**

१. आधारभूत र माध्यमिक शिक्षा सम्मको संचालनका लागि आबश्यक नीति, नियम, कानून, निर्देशिका र मापदण्ड आदि तर्जुमा गरी कार्यान्वयन गरिने छ।

२. सबै बिद्यालयहरुमा ब्यवस्थापन समिति गठन गरि शैक्षिक गुणस्तर प्रति जिम्वेवार बनाइने छ।

३. माध्यमिक बिद्यालयहरुमा प्राबिधिक एबं ब्यबसायिक शिक्षा प्रबर्धन गरिने छ।

४. सबै शिक्षकहरुलाई नियमित दरबन्दीमा ल्याउने र शिक्षकहरुलाई आबश्यकतानुसार तालिम दंदै जाने ब्यवस्था गरिनेछ।

५. अनौपचारिक शिक्षालाई अभियानको रुपमा संचालन गरीनेछ।

६. निरपेक्ष गरिबीको रेखामुनी रहेका, दलित, अपाङ्गता भएका, जनजाति र छात्राहरु सहित सबैलाई विद्यालय ल्याउन र टिकाउन बिशेष ब्यबस्था गरिनेछ।

**कार्यनीतिहरु**

- आधारभूत र माध्यमिक शिक्षा सम्बन्धि आबश्यक कानून, नीति, निर्देशिका र मापदण्डहरु तर्जुमा गर्न एक समिति गठन गरि सोको प्रतिबेदनका आधारमा २ बर्ष भित्र तर्जुमा गरी कार्यान्वयन गरिनेछ।(१)
- सबै बिद्यालयका ब्यबस्थापन समितिहरुलाई बिद्यालयको शैक्षिकस्तर प्रति जिम्वेवार बनाइनेछ र शिक्षकहरुको कार्यसम्पादनलाई बिद्यार्थीहरुको सिकाई र पास गराईसंग सम्बन्ध स्थापित गरी दण्ड र पुरस्कारको ब्यबस्था गरिनेछ।(२)
- गाउँपालिका भित्र कृषि, पशु बिकास सम्बन्धि माध्यमिक तहसम्मको प्राबिधिक शिक्षालय खोल्ने ब्यबस्था गरिनेछ।(३)
- सबै शिक्षकहरुलाई नियमित दरबन्दिमा ल्याउने र आबश्यकता अनुसार तालिम दिंदै जाने ब्यबस्था गरिनेछ। (४)
- अनौपचारिक शिक्षालाई अभियानको रुपमा संचालन गरी साक्षरतालाई १०० प्रतिशत पुऱ्याइनेछ।(५)
- सबै ५ बर्ष पुगेका बालबालिकालाई अनिबार्य बिद्यालय पठाउने र टिकाउने ब्यबस्थाका लागि अभिभाबक शिक्षा, घरायसी कारणले बिद्यालय पठाउन नसक्ने गरिब, जनजाति, महिला, अपाङ्गता भएका हरुलाई बिशिष प्रोत्साहन दिई बिद्यालय ल्याउने र टिकाउने ब्यबस्था गरिनेछ।(६)
- बिद्यालयको भौतिक पूर्वाधारहरुको सुधार गरिनेछ।(३,६)

**कार्यक्रमहरु**

- बिशेषज्ञ सहितको समिति गठन गरि आधारभूत र माध्यमिक शिक्षा सम्बन्धि आबश्यक कानून, नीति, निर्देशिका र मापदण्डहरु तर्जुमा गरी कार्यान्वयन कार्यक्रम ।
- ४ बर्ष समूहका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षाको ब्यबस्था, आधारभूत शिक्षालाई निशुल्क र अनिबार्य बनाउने कार्यक्रम ।
- घर दैलोकार्यक्रम गरी बिद्यालय आउन नसकेका बालबालिकालाई अनिबार्य बिद्यालय आउने ब्यबस्था ।
- ब्यबस्थापन समिति मार्फत हरेक बिद्यालयहरुको शैक्षिक पूर्वाधार, पढाउने तरिका र सिकाईको स्तर, हरेक कक्षाको रिजल्टको अबस्था आदि विविध मूल्यांकन गरी आबस्यक सुधार गरिनेछ।सिकाईका सूचकहरु विकास गरी शिक्षकहरुको कार्यसम्पादनको मूल्याङ्कनको थालनी।

- नियमित दरबन्दी भित्र नपरेका शिक्षकहरुको तथ्याँक लिइ नियमित दरबन्दीमा ल्याउन आबश्यक पहल ।
- निरपेक्ष गरिबीको रेखामुनी रहेका, छात्रा, अपाङ्गता भएका, दलित र जनजाति आदिलाई बिद्यालय ल्याउन र टिकाउन बिशेष प्रोत्साहन बापत आर्थिक अबस्था हेरी छात्रबृत्तिको ब्यबस्था ।
- बिद्यालयमा छात्रा र छात्रको लागि अनिबार्य रुपमा बेग्लै पानी र सरसफाइयुक्त शौचालयको ब्यबस्था ।
- अन्य विद्यालयको दाजोमा शत प्रतिशत नतिजामा आधारित विद्यालयको अवस्थामा पुर्याइनेछ । पाँच बर्सभित्र सबै पाँच बर्ष पुगेका बालबालिकाहरुको बिध्यालय भर्ना (आधारभूत तह कक्षा ५ सम्म) बिध्यालयमा टिकाउ दरलाई शत प्रतिशतमा स्थिर राखिने कार्यक्रम ।
- पाँच बर्षभित्र बिधालयमा सिकाइको गुणस्तर वृद्धि गर्दै उत्तीर्ण प्रतिशतमा शत प्रतिशत पुर्याउने कार्यक्रम ।
- विद्यालयको खेल मैदान र खेल शिक्षकको व्यवस्था ।

### ३.३.३. खानेपानी तथा सरसफाई

नेपालको संबिधानको धारा ३५को उपधारा ४ मा स्वच्छ खानेपानी तथा सरसफाईलाई मौलिक हकको रुपमा राखेको छ। बास्तबमा खानेपानी र सरसफाई आधारभूत आबश्यकतामा पर्दछ।अधिकाँस रोगहरु पानीजन्य कारण र सरसफाईका कारणले हुने गर्दछन।पानी नै जीवन हो भन्ने अबधारणालाई आत्मसात गर्दै यो योजनाले खानेपानी र सरसफाईलाई बिशेष प्राथमिकतामा राखेको छ।

**अबसरहरु**

- लगभग ८८ प्रतिशत जनतामा खानेपानीको सुबिधा पुगेको र पुरै गुल्मी जिल्ला खुला दिशामुक्त घोषणा भएको।
- नेपालको संबिधानले खानेपानी र सरसफाईलाई मौलिक हकको रुपमा ब्यबस्था गरेको।
- खानेपानी र सरसफाई राष्ट्रिय अभियानको रुपमा सञ्चालनमा रहेको
- खानेपानीका लागि बिभिन्न खोला नाला, पानी मुहानका श्रोतहरु रहेको।

**चुनौतीहरु**

- अधिकांस बस्तिहरुमा पानी टाढाबाट ल्याउनुपर्ने र धेरै ठाउंमा लिफ्टिङ गर्नुपर्ने हुंदा संरचना निर्माण र संचालन महंगो पर्नजाने। ।
- अब्यबस्थित बस्ति बिकास र घडेरीकरणले पानीका मुहानहरु लोप हुंदै गएको।

**सवल पक्षहरु**

- नेपालको संबिधानको अनुसुची ८ बमोजिम खानेपानी र सरसफाई सम्बन्धि अधिकार स्थानीय सरकारमा रहेको र स्थानीय सरकार संचालन ऐनले यसलाई बिस्तृत रुपमा ब्याख्या गरेको।

- निर्वाचित सबै जनप्रतिनिधिहरु खानेपानी र सरसफाईको बिकासमा ऐक्यबद्ध रहेको।

**कमजोर पक्षहरु**

- स्थानीय सरकारबाट सरसफाई सम्बन्धि आफ्ना अधिकार क्षेत्रका कानून, नीति, निर्देशिका र मापदण्ड तयार भै नसकेको।
- खानेपानी तथा सरसफाइ सम्बन्धि काम गर्ने बिभिन्न गैसस, दातृ निकायहरु समग्र समन्वय गर्न नसकिएको।

**३.३.३.१. लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीतिहरु :**

माथि उल्लेखित समस्या र अवसर, चुनौती, सवल र दुर्बल पक्ष (SWOT)को बिश्लेषणको आधारमा खानेपानी तथा सरसफाईतर्फ देहायका लक्ष, उद्धेश्य, रणनीति र कार्यनीति निर्धारण गरिएको छ।

**लक्ष**

- सबै ईस्माबासीहरुलाई गुणस्तरीय आधारभूत खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराइ जनस्वास्थ्यमा सुधार गर्ने।

**उद्धेश्य**

- सबै नागरिकहरुलाई आधारभूत खानेपानी र सरसफाईको ब्यवस्था गर्ने।

**रणनीतिहरु**

१. एक घर एक धाराको नीति अबलम्बन गर्ने।

२. सबै नागरिकहरुमा आधारभूत सरसफाई र पानी सहितको सौचालयको ब्यबस्था गर्ने।

३. सार्बजनिक आवागमन बढी हुने स्थान, सर्वजनिक भवन आदिमा पानी सहितको सौचालयको ब्यबस्था गर्ने।

४. जलबायू अनुकुलन आयोजनाको निर्माण र पानीको परम्परागत श्रोत संरक्षणमा ध्यान दिने।

शुद्ध र सफा खानेपानी वितरणमा जोड दिने।

**कार्यनीतिहरु**

- पानीका उपलब्ध सबै श्रोतको खोजी गरी पहिलो चरणमा सबै बस्तिमा पानी पुर्याउने र योजना अबधिभरमा हरेक घरमा धाराको ब्यबस्था गरिनेछ।(१)
- हरेक घरमा सौचालयको अबस्थालाई कायम राख्दै सौचालयलाई पूर्ण सरसफाइयुक्त बनाउने, सौचालयमा पर्याप्त पानीको ब्यबस्था गरिनेछ।(२)
- सार्बजनिक स्थानहरुमा गाउँपालिकाले महिला, पुरुषको बग्ला बेग्लै सौचालयको ब्यबस्था गर्ने, सौचालय निर्माण गर्दा बालबालिका, अपाङ्गता भएका ब्यक्तिहरुको सुबिधालाई पनि ध्यान दिने।सौचालयलाई ब्यवस्थित र सरसफाइ युक्त बनाउन कुनै ब्यक्ति वा सस्थालाई ब्यबस्थापनको

जिम्मा दिने। ब्यवस्थापनका लागि सौचालय प्रयोग गरे बापत न्युनतमा शुल्कको ब्यबस्था गरिनेछ। (३)

- पानीका श्रोतको संरक्षण गर्न बिज्ञहरुको सहयोगमा आबश्यक उपायहरु अबलम्बन गरिनेछ। (४)
- पानीको मुहान सफा राख्ने ब्यबस्थाका साथै पानी बितरण अघी फिल्टर गर्न फिल्ट्रेसन मेसिन जडान गरिनेछ। (५)

**कार्यक्रमहरु**

क) दुन्दुर खोला उजुंग लिफटिंग खानेपानी योजना वडा नम्बर १

ख) जुकेपानी लिफटिंग खानेपानी योजना वडा नम्बर २ पालुखा

ग) ढाडखोला रामकोट दर्लाम्चौर लिफटिंग खानेपानी योजना वडा नम्बर ३

घ) आठमाने टाकुरा लिफटिंग खानेपानी योजना वडा नम्बर ३

ङ) निस्ती खोला र भुल्के खानेपानी योजना वडा नम्बर १, ३, ४, ५

च) डोटेका रह देउराली लिफटिंग खानेपानी योजना वडा नम्बर ४

छ) अधेरी खग्रेटा लिफटिंग खानेपानी योजना वडा नम्बर ४

ज) छान्ढुङ्गा कोट्कोटेरी तिम्लेखर्क  खानेपानी योजना वडा नम्बर ४

झ) सिन्गारपानी दरिनढुंगा  खानेपानी योजना वडा नम्बर ५

ञ) चाप्टारी लिफटिंग खानेपानी योजना वडा नम्बर ५

ट) अमरपुर  खानेपानी योजना वडा नम्बर ६

ठ) चौरासी फाँट खानेपानी योजना वडा नम्बर ६

ड) छल्दिखोला बुल्म लिफटिंग खानेपानी योजना वडा नम्बर ६

### ३.३.४. महिला तथा वालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति, दलित तथा पिछडा वर्गको बिकास एबं सामजिक सुरक्षा

समाजका सबै बर्गको समुचित बिकास र अधिकारको प्रत्याभूति नगरिकन देशको बिकास हुन सक्दैन। बिभेदको अन्त्य, समतामुलक बिकास, समाजका सबै बर्गको आत्मसम्मान र अधिकारको रक्षा, सामाजिक सुरक्षाको प्रत्याभूति, सामाजिक न्याय आजको आबश्यकता हो। यिनै कुराहरुलाई हृदयंगम गर्दै नेपालको संबिधानको धारा ३८ देखि ४३ सम्म महिला, बालबालिका, दलित, जेष्ठ नागरिक, सामाजिक न्याय र सामाजिक सुरक्षाको हकको ब्यबस्था गरिएको छ। ईस्मा गाउँपालिकाको यो आवधिक योजनाले पनि यसलाई प्राथमिकतामा राखेको छ।

**अबसरहरु**

- महिला तथा वालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति, दलित तथा पिछडावर्गको हक अधिकार एबं सामाजिक सुरक्षा सम्बन्धमा संबिधानमा नै ब्यबस्था भएको।

- समाजका कमजोर र पछाडि परेका र पारिएका बर्गको सम्मानपुर्ण सहभागिता र अधिकारले शिघ्र सेवा र तिब्र बिकासमा सहयोग पुग्नुका साथै बिकास आयोजनामा सबै बर्गको क्षमताको उपयोग, सहभागिता र अपनत्व हुने भएको।
- लैङ्गिक विकास,महिला सशक्तिकरण, समाबेशी र समतामुलक बिकास, जनसहभागिता र सामाजिक सुरक्षा जस्ता बिषयहरु राष्ट्रिय नीतिका अङ्गको रुपमा उल्लेख भएको।

**चुनौतीहरु**

- महिला तथा वालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति, दलित तथा पिछडा वर्ग को हक अधिकार स्थापित गर्न कठिन हुनु।
- पुरुष प्रधान र वर्ण ब्यबस्थामा बिश्वास गर्ने सामाजिक संरचना हुनु।
- गाउँपालिकामा यस्ता बर्गको अग्रसरता कम हुनु।

**सवल पक्षहरु**

- स्थानीय सरकार संचालन ऐनमा यी बिषयहरुलाई महत्व दिइएको।
- स्थानीय जनप्रतिनिधिहरु यी बिषयको संबेदनशीलताप्रति सजग रहेको।

**कमजोर पक्षहरु**

- सबै बिषयहरुको पृथक पृथक तथ्यांक राख्न नसकिएको।
- सामाजिक सुरक्षा भत्ता बैकिङ्ग सेवासँग आबद्ध नरहेको।

### ३.३.४.१. लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीतिहरु :

माथि उल्लेखित समस्या र अवसर, चुनौती, सवल र दुर्बल पक्ष (SWOT)को बिश्लेषणको आधारमा देहायका लक्ष, उद्धेश्य, रणनीति र कार्यनीति निर्धारण गरिएको छ।

**लक्ष**

- महिला तथा वालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति, दलित तथा पिछडा वर्ग आदि सबैको हक अधिकारको सुरक्षा गर्दै बिकासमा समतामुलक पहुंच स्थापित गर्नु ।

**उद्धेश्य**

- महिला तथा वालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति, दलित तथा पिछडा वर्ग आदि बिकासमा पछाडि परेका र पारिएका बर्गहरुको समतामुलक बिकासका साथै बिकासमा सहभागिता सुनिश्चित गर्नु।
- सामाजिक सुरक्षालाई प्रबर्धन गर्नु।

### रणनीतिहरु

### महिला तथा बालबालिका

१. महिलालाई सकारात्मक विभेद मार्फत आर्थिक, सामाजिक विकासका सवै क्षेत्रमा सशक्तीकरण गर्दै समतामुलक बिकासको अबधारणा लागु गरिनेछ।

२. द्वन्द पडित महिला बालबालिका, एकल महिला, टुहुरा, सडक बालबालिकाको यथोचित संरक्षण र ब्यबस्थापन गरिनेछ।

३. गाउँपालिकाका हरेक सार्बजनिक नियुक्ति, समिति उपसमितिहरुको गठन, बिकास कार्यक्रम तर्जुमा र कार्यान्वयन आदि सबैमा महिला हरुको कम्तिमा एक तिहाई सहभागिता गराइनेछ।

४. बालमैत्री सूचकहरुको अबलम्बन गरी बालमैत्री गाउँपालिका घोषणा गरिनेछ।

५. प्राविधिक शिक्षा तथा सीप विकासका अवसरहरुमा महिलाहरुलाई प्राथमिकता दिइनेछ ।

६. महिला हिंसा, कुरिति जस्ता सामजिक कुरितिहरुको अन्त्य गरिनेछ।

७. महिला एवं बालस्वास्थ्य सम्बन्धी स्वास्थ्य सुविधा सर्वसुलभ बनाइनेछ ।

८. गरिव, जेहेन्दार एवं सिमान्तीकृत वर्गका बालवालिकालाई निःशुल्क शिक्षा दिन पहल गरिनेछ ।

९. निजी क्षेत्र र गैससलाई महिला तथा वाल विकासको क्षेत्रमा कार्य गर्न प्रोत्साहन गरिनेछ ।

### दलित तथा पिछडा बर्ग

१०. दलित, जानजाति एवं पिछडा वर्ग एवं सिमान्तकृत वर्गलाई सवै समाजिक, आर्थिक क्रियाकलापमा संलग्नता र प्रतिनिधित्व बढाउंदै लगिनेछ ।

११. शिक्षामा दलित समुदायलाई आकर्षिक गर्न छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

१२. दलित व्यक्तिहरुलाई व्यवसायिक तालिम दिने तथा परम्परागत सीप विकासलाई प्रबर्धन गरिनेछ ।

१३. छुवाछुत उन्मुलन गर्ने अभियानमा दलित, गैरदलित सवैलाई समेटी कार्यक्रम सञ्चालन गरिनेछ ।

### जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति तथा सामाजिक सुरक्षा

१४. जेष्ठ नागरिकहरुको सम्मानजनक जीवन यापनको ब्यबस्था गरिनेछ ।

१५. पूर्वाधार बिकास एबं सेवा प्रबाह गर्ने निकायहरुलाई अपाङ्ग मैत्री बनाई पहुंच बढाइनेछ।

१६. अपाङ्गता भएका ब्यक्तिहरुका रोजगारीका अबसरहरुमा प्राथमिकता दिइनेछ।

१७. सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

### कार्यनीतिहरु

- महिलाको सशक्तिकरणका लागि महिला प्राबिधिक शिक्षा, तालिम आदिमा ध्यान दिनुका साथै उनीहरुको समतामुलक बिकास र पहुंच स्थापित गरि उनीहरुको सम्मानजनक सहभागिता सुनिश्चित गरिनेछ।(१)

- द्वन्द पिडित तथा एकल महिलाहरुलाई बिभिन्न स्वरोजगार मूलक तालिम दिई आय आर्जनमा संलगन गराइनेछ।(२ )
- द्वन्द पिडित तथा सडक बालबालिकाको उचित ब्यबस्थापनका साथै पठनपाठनको ब्यबस्था गरिनेछ।(२)
- सबैखाले सामाजिक बिभेदको अन्त्य गरी बिभेद मुक्त गाउं घोषणा गरिनेछ।(३)
- गाउँपालिकाले मापदण्ड बनाई अबहुने सार्बजिक नियुक्ति, बिभिन्न समिति तथा उपसमितिहरुको गठन आदिमा अनिबार्य महिला, दलित, जनजाति, आदिको समानुपातिक सहभागिता गराइनेछ।(३)
- बाल मैत्री सूचकहरुको पालन भएका छन छैनन भनी नियमित रुपमा अनुगमन गरी कार्यान्वियन गराइनेछ।(४)
- प्राविधिक शिक्षा तथा सीप विकासका अवसरहरुमा महिलाहरुको सहभागिता बिशेष प्राथमिकता दिइनेछ।(५)
- महिला हिंसा, बोक्सी प्रथा दाइजो प्रथा जस्तो कुरितीहरु उन्मुलन गर्दै कुरिती र दाइजोमुक्त गाउंको घोषणा गरिनेछ।(६)
- स्थानीय स्वास्थ्य संस्थामा प्रसुति सुबिधा, स्त्री रोग, खोप सेवा एबं बाल उपचार आदिमा बिशष ब्यबस्था गरिनेछ।(७)
- गरिव, जेहेन्दार एवं सिमान्तीकृत वर्गका बालवालिकालाई निःशुल्क शिक्षा छात्र बृत्ति सहित बिशेष प्रोत्साहनको ब्यबस्था गरिनेछ।(८)
- निजी क्षेत्र र गैससलाई महिला तथा वाल विकासको क्षेत्रमा कार्य गर्न प्रोत्साहन गरी परिचालन गरिनेछ।(९)
- दलित, जानजाति एवं पिछडा वर्ग एवं सिमान्तकृत वर्गलाई सवै समाजिक, आर्थिक क्रियाकलापमा संलग्नता र प्रतिनिधित्व बढाउन आबश्यक नीति, निर्देशिका र मापदण्ड बनाइ कार्यान्वियन गर्दै लगिनेछ।(१०)
- आदारभूत तथा माध्यमिक शिक्षामा दलित समुदायलाई आकर्षिक गर्न छात्रवृत्ति सहित बिशेष प्रोत्साहनको ब्यबस्था गरिनेछ ।(११)
- दलित र पछाडिएको जातिलाई प्राबिधिक शिक्षा र बिशेष तालिम दिई आय आर्जन हुने खालका स्वरोजगार मूलक कार्यमा लाग्न प्रेरित गरिनेछ।यसकालागि बित्तिय सस्थाबाट स्किम धितो राखि ऋण लिन सहजीकरण गरिनेछ।(१२)
- छुवाछुत उन्मुलन गर्ने अभियानमा दलित, गैरदलित सवैलाई समेटी चेतना मूलक अभियान सञ्चालन गरिनेछ, यसका लागि पत्रपत्रिका तथा रेडियो आदि संचार माध्यमहरु पनि प्रयोग गरिनेछ।(१३)
- जेष्ठ नागरिकहरुको स्वास्थ्य तथा सम्मानजनक जीवन यापन गर्न जेष्ठ नागरिक पार्क, वृद्धाश्रम, जेष्ठ नागरिक सम्मान जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ।(१४)

- मापदण्डमा आधारित अपाङ्गमैत्री पूर्वाधार बिकास गरी सेवा प्रबाह गर्ने निकायहरुमा अपाङ्गता भएकाहरुको पहुंच बढाइनेछ।(१५)
- अपाङ्गता भएका ब्यक्तिहरुका लागि उद्यमशिलता बिकास गरी रोजगारी, स्वरोजगारीको वातावरण सृजना गरिनेछ।(१६)
- सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउंदै बैङ्किङ प्रणालीसंग आबद्ध गर्न पहल एबं सहजीकरण गरिनेछ।(१७)

**कार्यक्रमहरु**

- महिला, दलित, जनजाति,अपाङ्गता भएका, जेष्ठ नागरिक, सडक बालबालिका, द्वन्दपीडित आदिको बेग्ला बेग्लै तथ्यांक संकलन र नियमित अध्यावधिक गर्ने ।
- महिला, दलित, जनजाति,अपाङ्गता भएका ब्यक्तिहरुको लागि सीपमुलक तालिम, आयमुलक र रोजगारीमुलक जस्ता लक्षित कार्यक्रमहरु गर्ने।
- सबै लिङ्ग, दलित, अपाङ्गहरुको बिकास र निर्णय प्रकृयामा सहभागिताका लागि मापदण्ड निर्माण र त्यसको पालना गर्ने।
- बालबालिका सम्बन्धि योजना बनाउंदा र कार्यक्रम संचालन गर्दा उनीहरुको सहभागीता सम्बन्धि निर्देशिका बनाउने।
- सडक बालबालिका, अपाङ्ग आदिको लागि बिभिन्न सामाजिक संस्थाहरुसँग मिली पुनरस्थापना केन्द्र निर्माण र संचालन गर्ने ।
- छुवाछुत, बोक्सी, दाइजो, कुरीति अन्त्यका लागि सो सम्बन्धि काम गर्ने गैसस, सामाजिक सँघ संस्थाहरुसँग मिली सचेतना कार्यक्रम संचालन गर्ने, यसको लागि रेडियो टिभीबाट मन छुने खालका श्रब्य दृष्य कार्यक्रम समेत संचालन गर्ने।
- बृद्ध बृद्धाहरुको लागि उनीहरुको ज्ञान र सीपको उपयोग हुने खालका कार्यक्रमहरु उनीहरुकै सहभागितामा तर्जुमा र संचालन गर्ने, पार्क, बृद्धाश्रम आदि निर्माणका लागि सामाजिक संघसंस्थाहरुसँग सहकार्य गर्ने।

### ३.३.५. श्रम तथा रोजगारी

नेपालको संबिधानले श्रम तथा रोजगारीलाई मौलिक हकको रुपमा ब्यबस्था गरेको छ।यहाँको ९५ प्रतिशत जनता कृषिमा निर्भर छ।रोजगारीको अभावले गर्दा यहाँबाट शैक्षिक जनशक्तिको पलायन भैरहेको छ।तथ्यांक हेर्दा यहाँ लगभग ३६०० जना बैदेशिक रोजगारीमा गएका देखिन्छन भनें ६७१ जना गैससमा र करिब ९०० जना सरकारी नोकरीमा संलग्न देखिन्छन।स्वदेशमा रोजगार भएर पनि अधिकांस यहाँ फर्केर आउंदैनन्।यहाँका शिक्षित जनशक्तिलाई स्वरोजगार तथा रोजगारी दिई यहींको बिकासमा संलग्न गराउनु र यहाँका युवाहरुलाई स्वरोजगारीमा लगाउनु यहाँको मुख्य चुनौती हो। ईस्मा गाउँपालिकाको यो आवधिक योजनाले पनि यसलाई प्राथमिकतामा राखेको छ।

**अबसरहरु**

- नेपालको संबिधानमा श्रम र रोजगारलाई मौलिक हकको रुपमा ब्यबस्था गरी राष्ट्रिय प्राथमिकताको रुपमा राखेको।
- गाउँमा प्रशस्त स्वरोजगारीका सम्भावनाहरु रहेको।

**चुनौतीहरु**

- श्रम बजारमा बर्षेनी थपिने श्रम शक्तिको तुलनामा रोजगारीको अबसर न्यून।
- श्रम पलायनको समस्या।

**सवल पक्षहरु**

- स्थानीय सरकारको प्राथमिकताको बिषय हुनु।

**कमजोर पक्षहरु**

- बेरोजगारीको तथ्यांक नै नहुनु।
- रोजगार योजना नहुनु।

### ३.४.५.१. लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीतिहरु :

माथि उल्लेखित समस्या र अवसर, चुनौती, सवल र दुर्बल पक्ष (SWOT)को बिश्लेषणको आधारमा देहायका लक्ष, उद्धेश्य, रणनीति र कार्यनीति निर्धारण गरिएको छ।

**लक्ष**

- श्रम र रोजगारीको उचित ब्यबस्था गरी नागरिकको जीवनस्तरमा सुधार गर्ने

**उद्धेश्य**

- निरपेक्ष गरिबिको रेखामुनी रहेकालाई रोजगारीको सुनिश्चितता गर्दै जीवनस्तरमा सुधार गर्ने।

**रणनीतिहरु**

१. बेरोजगारीको तथ्यांक संकलन गरी रोजगारीको दायरामा ल्याउने।

**कार्यनीतिहरु**

- बेरोजगारहरुलाई प्राबिधिक शीप प्रदान गरी रोजगारी सृजना गरिनेछ।
- निरपेक्ष गरिबीको रेखामुनी रहेका जनताको तथ्यांक लिई स्वदेशी तथा बिदेशी बजारको माग बमोजिम आबश्यक तालिम र सीप प्रदान गरी स्वदेशी तथा बिदेशी रोजगारीमा जान सहजीकरण गरिनेछ ।

**कार्यक्रमहरु**

- बेरोजगारीको तथ्यांक संकलन ।
- सीपमूलक तालिम संचालन ।
- रोजगारीमूलक बिकास आयोजनाहरु संचालन गरि निरपेक्ष गरिबीको रेखामुनी रहेकालाई पहिलो प्राथमिकता दिई रोजगारी दिइनेछ। बैदेशिक रोजगारीमा जान श्रम गन्तब्य खोज्न सहयोग ।
- निरपेक्ष गरिबीको रेखामुनी रहेका जनताहरुलाई परिवारको एकजनालाई कम्तिमा बर्षको १०० दिनको रोजगारीको सुनिश्चितता गर्ने गरी बिकास कार्यक्रम सञ्चालन ।

## ३.३.६. युवा तथा खेलकुद

गाउँमा उच्च शिक्षा प्राप्त गर्ने अबसर नहुँदा बाहिर जाने र गाउँमा रोजगारीको अबसर नहुंदा फिरेर पुनः गाउँमा नआउने समस्या शिक्षित युवाहरुको छ भनें गाउँमा रोजगारीको अबसर नहुंदा बैदेशिक तथा स्वदेशी रोजगारको लागि गाउँबाट युवा पलायन हुने अबस्था बिद्यमान छ। युवाहरुलाई बिकास प्रकृयामा सहभागी नगराएसम्म गाउँको बिकास गर्न र युवा पलायनलाई रोक्न सकिन्न। स्वस्थ्य तथा अनुशासित, सृजनशिल नागरिक उत्पादन गर्न र खेलकुदको माध्यमबाट देश बिदेशमा गाउँपालिकाको नाउं चलाउनु पनि आजको आबश्यकता हो।

त्यसकारण यो योजनाले रोजगारी अभिबृद्धि र खेलकुद बिकासलाई बिशेष ध्यान दिएको छ। यो गाउँपालिका खेलकुद मैदान र युवाहरुमा खेलकुदमा चाखका हिसाबले धनीनै मानिन्छ।

**अबसरहरु**

- गाउँमा युवा जनसंख्या उल्लेख्य मात्रामा हुनु।
- १० वटा खेल मैदान रहेको र त्यसमध्ये एउटा अन्तराष्ट्रियस्तरको रङ्गशाला निर्माणाधिन रहेको।

**चुनौतीहरु**

- युवाहरुलाई गाउँमैं बसी केही गर्न र आर्थिक उपार्जन सहितको सम्मानित जीवन जिउन सकिन्छ भन्ने बिश्वास दिलाउनु।
- खेलकुद प्रतिको जनधारणामा परिबर्तन गरी ब्यबसायिक खेलकुदको बिकास गर्नु।

**सवलपक्षहरु**

- युबा लक्षित बिभिन्न योजनाहरु तर्जुमा भई सञ्चालनको चरणमा रहेको।
- नयाँ जनप्रतिनिधिहरुमा यवा परिचालन र खेलकुद बिकास प्रति चासो रहेको।

**कमजोरीहरु**

- युवा परिचालन, रोजगारी सृजना र बिकासलाई एकिकृत रुपमा लिएर जान नसक्नु।
- खेलकुद प्रशिक्षकको ब्यबस्था गर्न का साथै युवाहरुलाई खेलको ब्यबसायिकता तर्फ लान नसक्नु।

### ३.३.६.१. लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीतिहरु :

माथि उल्लेखित समस्या र अवसर, चुनौती, सवल र दुर्बल पक्ष (SWOT)को बिश्लेषणको आधारमा देहायका लक्ष, उद्धेश्य, रणनीति र कार्यनीति निर्धारण गरिएको छ।

**लक्ष**

- युवाहरुलाई गाउँको सर्वाङ्गिण विकासमा मूल प्रवाहीकरण गर्नु।
- खेलकुदको बिकासबाट स्बस्थ्य र सृजनशिल नागरिकको बिकास गर्दै गाउँलाई राष्ट्रिय र अन्तराष्ट्रिय रुपमा चिनाउनु।

**उद्धेश्य**

- युवाहरुलाई विकास प्रकृयामा संलग्न गर्नु।
- व्यबसायिक खेलकुदको विकास गर्नु।

**रणनीतिहरु**

१. युवाहरुलाई प्राबिधिक शिक्षा र सीपमूलक तालिम मार्फत दक्ष, उद्यमशील र आत्म निर्भर बनाउने।

२. युवाहरुलाई गाउँपालिकाको नीति निर्माण, निर्णय प्रकृयामा सहभागी गराउनुका साथै बिभिन्न आर्थिक सामाजिक कृयाकलापमा संलग्न गराउने।

३. खेलकुदलाइ आकर्षक र ब्यबसायिक बनाउने।

४. फुटवल, भलिवल, क्रिकेट, जुडो, करांते, बक्सिङका साथै बिभिन्न खेलहरुको बिकास गराउने।

५. गाउँपालिकाले बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताको आयोजना गर्ने

**कार्यनीतिहरु**

- बिद्यालय देखिनै प्राबिधिक र ब्यबसायिक शिक्षाका साथै स्वास्थ्य तथा खेलकुदलाई पाट्यक्रममा समाबेश गर्ने नीति लिइनेछ। आतिरिक्त कृयाकलापको रुपमा खेलकुदको बिकास गरिनेछ।(१)
- गाउंमा रहेका युवाहरुलाई लक्षित गरी फलफुल तथा तरकारी खेती, दुग्ध ब्यबसाय, अन्य ब्यबसायिक कृषि, पशु तथा पंक्षीपालन, घरेलु तथा साना उद्योग जस्ता बिभिन्न ब्यबसाय संचालनमा बैकसंग समन्वयमा स्किम धितो राखि ऋण दिने ब्यबस्था गरिनेछ।(१)
- यूवाहरुलाई गाउँपालिकाको नीति निर्माण, निर्णय प्रकृयामा सहभागी गराउनुको लागि आबश्यक नीति, निर्देशिका र मापदण्ड बनाउन समिति गठन गरी २ बर्ष भित्र प्राप्त प्रतिबेदन अनुसार नीति निर्माण गरी कार्यान्वयन गर्ने। (२)
- सानै देखि बिद्यार्थीहरुलाई पढाईका साथै खेलकुदमा संलग्न गराउने र खेलकुदमा राम्रो हुनेलाई राम्रो प्रशिक्षण दिई ब्यबसायिक खेलकुद तर्फ अग्रसर गराउने।(३)
- स्थानीय संभाब्यतामा आधारित खेलको बिकास गराउने।एक बिद्यालय एक खेल मैदानको ब्यबस्था गरी  स्थानीय रुची र बैशिष्टयता अनुसारको खेलकुदलाई प्रोत्साहन गरिनेछ(४)

- गाउँपालिकाले बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताको आयोजना गर्ने र बाहिर आयोजना हुने खेलकुदमा पनी आफ्ना सहभागीहरु पठाउने। हाल भैरहेको अन्तराष्ट्रिय खेल मैदानलाई छिटो सम्पन्न गर्न संघीय सरकारसंग समन्वय गर्ने। खेलकुदको बिकासका लागि राष्ट्रिय खेलकुद परिषदसंग समन्वय गर्ने। (५)

### कार्यक्रमहरु

- युबा बेरोजगारीको तथ्यांक संकलन कार्यक्रम ।
- युबाहरुलाई कृषि, पशुपालन, उद्योग लगायत क्षेत्रमा स्वरोजगारमूलक तालिम, सीप तथा नेतृत्व बिकास सम्बन्धि तालिम कार्यक्रम ।
- बिभिन्न गाउँपालिकाहरुमा युवाहरुको भ्रमण आदान प्रदान कार्यक्रम ।
- ग्रामिण युवा उद्यम कार्यक्रम संचालन ।
- ग्रामिण युवा फलफूल, ग्रामिण युवा तरकारी आदि कार्यक्रम संचालन ।
- युवा बिप्रेषण लगानी कार्यक्रम संचालन ।
- प्रकोप ब्यबस्थापन, वाताबरण संरक्षण, साक्षरता, खेलकुद, योग आदि स्वयंसेवी कार्यमा परिचालन कार्यक्रम ।
- मौजुदा खेलकुद मैदानहरुको स्तरोन्नति कार्यक्रम ।
- हरेक बिद्यालयहरुमा अतिरिक्त कृयाकलापको रुपमा खेलकुदको अनिबार्य ब्यबस्थाको कार्यक्रम।
- बिद्यालयहरुमा खेलकुद शिक्षक र सामाग्रीको ब्यबस्था कार्यक्रम ।
- गाउँपालिका स्तरीय जिल्ला, प्रदेश स्तरीय खेलकुद आयोजना, गाउँपालिका बाहिर हुने प्रतियोगितामा सहभागिता जनाउने कार्यक्रम ।
- ब्यबसायिक खेलाडी प्रशिक्षण कार्यक्रम संचालन आदि ।

## सामाजिक क्षेत्रको तर्कबद्ध खाका

| नतिजा बिबरण | सूचक | इकाई | हालको अबस्था ०७५/७६ | ०७९/८०को अबस्था | पुष्ट्याईंको श्रोत | जिम्वेवार निकाय | जोखिम थथा अनुमान |
|---|---|---|---|---|---|---|---|
| **असर (Outcome):** शिक्षा, स्वास्थ्य, लगायत समाजिक क्षेत्रको विकास भएको हुने, | सबैखोप लिएका बालबालिका।<br>महिला मृत्यु दर।<br>वाल मृत्यु दर।<br>शिशु मृत्यु दर।<br>स्बास्थ्य संस्थामा जन्म।<br>बिद्यालय जाने बालबालिका।<br>अद्ययनरत प्राबिधिक बिद्यार्थी।<br>बिभिन्न संघसंगठनमा महिलाको समाबेशीता<br>दलित तथा अन्य सहभागिता | प्रतिशत<br>प्रतिहजार जन्म<br>"<br>"<br>प्रतिशत<br>प्रतिशत<br>समख्या<br>प्रतिशत<br>प्रतिशत<br>" | १००<br>०<br>०<br>०<br>३८<br>९०<br>०<br>३३<br>१५ | १००<br>०<br>०<br>०<br>१००<br>१००<br>५०<br>४०<br>३३ | गाउँपालिकाको प्रतिबेदन | गाउँपालिका, प्रदेश र संघीय सरकारका शिक्षा, स्वास्थ्य, महिला बिकास आदि सम्बन्धित काम गर्ने निकायहरु | संघ र प्रदेश सरकारको सहयोग र सहकार्य हुने |
| **प्रतिफल१-**<br>शैक्षिक विकास र गुणस्तरमा सुधार भएको हुनेछ | उ. मा.बि. (१०+२)<br>उ.मा.बि . बिद्यार्थी<br>मा.बि. (८-१० कक्षा) | संख्या<br>संख्या<br>संख्या | ३<br>२४८<br>७<br>५०३ | ४<br>३५०<br>७ | गाउँपालिकाको प्रतिबेदन | संघीय र प्रदेश सरकारका शिक्षा सम्बन्धी काम गर्ने निकायहरु, गैसस, | संघ र प्रदेश सरकार, गैसस, निजी क्षेत्र को सहयोग र सहकार्य |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मा. बि. बिद्यार्थी<br>आधारभूत तह १-८ सम्म<br>बिद्यालय अनुगमन,<br>पुस्तकालय भएका बिद्यालय<br>बिज्ञान प्रयोगशाला भएका बिद्यालय<br>खेलकुद मैदान भएका बिद्यालय<br>कम्प्युटर ल्याब भएका बिद्यालय<br>बालकेन्द्रित सिकाई प्रकृया अपनाउने बिद्यालय<br>अभिभावकसंग अन्तरकृया<br>महिला छात्र बृत्ति पाउने<br>दलित छात्रबृत्ति पाउने | संख्या<br>संख्या<br>बार्षिक पटक<br>संख्या<br>संख्या<br>संख्या<br>संख्या<br>संख्या<br>बार्षिक पटक<br>छात्रा संख्या<br>संख्या | ३६<br>२<br>५<br>२<br>४६<br>६<br>३६<br>२<br>१८०२<br>११५१ | ८००<br>४०<br>६<br>७<br>७<br>५१<br>३०<br>४०<br>४<br>२०००<br>१२०० | | निजि क्षेत्र आदि। | हुने |
| प्रतिफल २- गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध भएको हुनेछ। | अस्पताल<br>अस्पताल बेड<br>स्वास्थ्य चौकी<br>स्वास्थ्य कर्मी<br>स्वास्थ्य वीमा गर्ने<br>घुम्ति शिबिर<br>एम्बुलेन्स<br>स्वास्थ्य चेतना कार्यक्रम<br>दिनु पर्ने निशुल्क औषधीले बर्ष दिनमा धान्ने समय<br>आयुर्बेद अस्पताल<br>योग केन्द्र | संख्या<br>संख्या<br>संख्या<br>संख्या<br>प्रतिशत<br>पटक<br>संख्या<br>बार्षिक पटक<br>महिना<br>गोटा<br>गोटा | ०<br>०<br>५<br>३५<br>०<br>१<br>०<br>१<br>४<br>०<br>१ | ०<br>१५<br>६<br>५०<br>२५<br>४<br>२<br>४<br>१२<br>१<br>६ | गाउँपालिकाको प्रतिवेदन | संघ र प्रदेश सरकार, गैसस, निजी क्षेत्र आदि। | संघ र प्रदेश सरकार, गैसस, निजी क्षेत्र को सहयोग र सहकार्य हुने |
| प्रतिफल ३- महिला, बालबालिका, अपाङ्गता भएका, जेष्ठ नागरिक, दलित, जनजातिहरुको आधिकार स्थापित भएको हुनेछ। | उपभोक्ता समिति र अन्य संघसंस्थामा महिला सहभागिता<br>समाबेशी सहभागिता<br>बाल क्लब गठन<br>बाल सुधार गृह<br>बृद्धाश्रम<br>बृद्ध दिवा सेवाकेन्द्र | प्रतिशत<br>प्रतिशत<br>गोटा<br>गोटा<br>गोटा<br>गोटा | ३३<br>३३<br>५<br>०<br>०<br>० | ४०<br>३६<br>६<br>१<br>१<br>४ | गाउँपालिकाको प्रतिवेदन | संघ र प्रदेश सरकार, गैसस, निजी क्षेत्र आदि | संघ र प्रदेश सरकार, गैसस, निजी क्षेत्र को सहयोग र सहकार्य हुने |
| प्रतिफल ४- बोक्सी प्रथा, दाइजो, छुवाछुत, सामाजिक भेदभाव जस्ता कुरिती हटेको हुनेछ | सचेतना कार्यक्रम<br>एफ.एम. कार्यक्रम | बार्षिक पटक<br>प्रती महिना पटक | १<br>० | ३<br>४ | गाउँपालिकाको प्रतिवेदन | संघ र प्रदेश सरकार, गैसस, निजी क्षेत्र आदि | संघ र प्रदेश सरकार, गैसस, निजी क्षेत्र को सहयोग र सहकार्य हुने |
| प्रतिफल ६- सबैमा खानेपानी सुबिधा र सरसफाईको ब्यबस्थित भएको हुनेछ। | खानेपानी पुगेको बस्ति<br>खानेपानीको धारा भएको घर<br>सौचालय सुबिधा भएको घर<br>बिद्यालयमा महिला पुरुषको छुट्टै ब्यवस्था भएका बिद्यालय<br>घरहरुमा कुहिने र नकुहिने फोहोर छुट्टै कन्टेनरमा राख्ने ब्यवस्था<br>सरसफाई सम्बन्धि जनचेतनाकार्यक्रम वार्षिक<br>एफ. एम. कार्यक्रम | प्रतिशत<br>प्रतिशत<br>प्रतिशत<br>प्रतिशत<br>प्रतिशत<br>बार्षिक पटक<br>प्रति महिना पटक | ८८<br>२०<br>९५<br>७५<br>१५<br>२<br>० | १००<br>१००<br>१००<br>१००<br>५०<br>४<br>४ | गाउँपालिकाको प्रतिवेदन | संघ र प्रदेश सरकार, गैसस, आदि। | संघ र प्रदेश सरकार, गैसस, को सहयोग र सहकार्य हुने |

## ३.४. बन, वातावरण तथा विपद ब्यबस्थापन

यस गाउँपालिकाको दीगो विकासमा वन तथा वातावरणको महत्वपूर्ण स्थान छ।देशमा रोजगारीको सृजना, आयबृद्धि, इन्धन र घांस आपूर्ति, बन पैदाबार आपूर्ति, कृषि तथा पशुपालन, पर्यटन आदिको बिकासमा बन क्षेत्रको महत्व अत्यधिक रुपमा रहेको छ।बन र वातावरणको सम्बन्ध अन्योन्यास्रित छ।बृक्षारोपण तथा बन संरक्षणले हरियाली कायम हुनुकासाथै वातावरणका विविध पक्षहरुको संरक्षण

गर्दछ। वातावरण र मानव जिबनको पनि अन्योन्याश्रित सम्वन्ध छ। स्वच्छ वातावरणले स्वस्थ्य मानव जीवनको निर्माण गर्दछ। त्यसकारण बन, बाताबरण र मानव जीवनको अन्योन्याश्रित सम्बन्ध छ।

बार्षिक रुपमा हुने गरेको बाढी, पहिरो, आगलागी, हावाहुरी जस्ता प्रकोप र कहिलेकाहीं हुने भूकम्प जस्ता भयावह प्रकोपले बार्षिक रुपमा ठुलोधनजनको क्षति भईरहेको छ। बन बिनास र वातावरणिय ह्रास पनि कतिपय प्रकोपका कारण भएका छन। त्यसैले बन, वातावरण र प्रकोप ब्यबस्थापन एक अर्कासँग सम्बन्धित बिषयहरु हुन । त्यसकारण यी सबै कुराहरुलाई एकै ठाउंमा राखि कार्यक्रम संचालन गर्ने गरि यो योजना तर्जुमा भएको छ।

**अबसरहरु**

- लगभग ४८ प्रतिशत भूभाग अर्थात ८१.८५९३ बर्ग किमी जम्मा क्षेत्रफल मध्ये ३९.४२ बर्ग किमी बनक्षेत्र रहेको।
- सामुदायिक बनको माध्यमबाट बन ब्यबस्थापन भएको।
- गाउँक्षेत्र भएकोले वातावरणको ह्रासको समस्या न्युन रहेको।
- सम्भावित प्रकोपप्रति जनता सचेत रहेको।

**चुनौतीहरु**

- इन्धनको आपूर्तिको प्रमुख श्रोत, निजी घर तथा सार्बजनिक भवन निर्माण, तथा अन्य बिकास निर्माणको कारणले क्रमशः बन बिनास हुंदै गएको।
- बढ्दो बस्ति बिकास, बनको क्रमिक ह्रास, विकास निर्माण आदिबाट वातावरणमा असर परेको।
- बाढी, पहिरो भूकम्प आदि प्रकोप भएमा राहत,उद्धार र पुनस्थापनाका लागि गाउँपालिकासँग कुनै योजना र तयारी नभएको।

**सवल पक्षहरु**

- स्थानीय सरकारमा निर्वाचित नयाँ स्थानीय सरकारको यस क्षेत्रमा प्राथमिकता रहेको।
- वातावरण संरक्षण र जैविक विविधता, विपद ब्यबस्थापन जस्ता बिषय स्थानीय सरकारको कार्यक्षेत्रमा रहेको।

**कमजोर पक्षहरु**

- वातावरण संरक्षण, बन ब्यबस्थापन तथा प्रकोप ब्यबस्थापन सम्बन्धि योजना र तयारी नभएको।

### ३.४.१. लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीतिहरु :

माथि उल्लेखित समस्या र अवसर, चुनौती, सवल र दुर्बल पक्ष (SWOT)को बिश्लेषणको आधारमा देहायका लक्ष, उद्धेश्य, रणनीति र कार्यनीति निर्धारण गरिएको छ।

**लक्ष**

- प्रकोपको उचित ब्यबस्थापन, बन बिकास तथा वातावरण संरक्षणद्वारा सुरक्षित, स्वच्छ, स्वस्थ्य र समृद्ध मानव जीबनको बिकास गर्ने।

**उद्धेश्य**

- बनको उचित ब्यबस्थापन गरी आर्थिक कृयाकलापसँग आबद्ध गर्ने।
- विकासका हरेक कृयाकलापलाई वातावरण संरक्षणसँग आबद्ध गर्ने।
- प्रकोप प्रतिरोधी भवन तथा अन्य संरचनाहरु निर्माण गर्ने।

**रणनीतिहरु**

१. **खेत बारीमा रुख बिरुवा रोपौं, बन बिनास र मरुभुमीकरणलाई रोकौ'** भन्ने अभियानका साथ रुख बिरुवा रोप्ने र बन संरक्षण गर्ने कार्यमा जोड दिइनेछ।

२. विकास र वातावरणलाई परिपुरकको रुपमा स्थापित गर्दै लगिनेछ।

३. बृक्षारोपण तथा बन संरक्षणलाई आय आर्जनसंग आबद्ध गराइनेछ।

४. स्वच्छ वाताबरण, स्वस्थ जिवन भन्ने नारालाई अभियानको रुपमा संचालन गरिनेछ।

५. विकास कार्यक्रम संचालन गर्दा विपद जोखिम पक्षलाई बिशेष ध्यान दिइनेछ।

६. घर निर्माण गर्दा निश्चित मापडण्ड अनुसरण गरी विपद जोखिम प्रतरोधक पुर्बाधार र घर बनाउन प्रोत्साहन गरिनेछ।

**कार्यनीतिहरु**

- रुख बिरुवा रोप्ने र संरक्षण कार्यमा समुदायलाई परिचालन गरिनेछ।(१)
- बांझो जमिनमा फलफुल र बोट बिरुवा लगाउन समुदायलाइ प्रोत्साहित गरिनेछ।(१)
- कृषि बन, निजी बन, सामुदायिक बन आदिमा ब्यक्ति र समुदायलाई बिशेष प्रोत्साहन दिइनेछ, यसका लागि नर्सरीको स्थापन, अनुदान आदिको ब्यबस्था गरिनेछ ।(१)
- विकास कार्यक्रम संचालन गर्दा वातावरण अध्ययन अनिबार्य गरिनेछ।विकास र वातावरणलाई परिपुरकको रुपमा विकास गर्न उपभोक्ता समिति, नागरिक समाज, साझेदार निकाय, निजीक्षेत्र सबैलाई उत्प्रेरित गरिनेछ।यसमा नागरिक सचेतनालाई अभियानको रुपमा संचालन गरिनेछ।(२)
- गाउंमा हरित क्षेत्र, खुल्ला क्षेत्र एवं पार्कहरुको विकासबाट वातावरण संरक्षण तथा हरियाली प्रवर्धन गरिनेछ।(२)
- गाउँपालिकाको बन क्षेत्रको संरक्षण गरी हरियाली बिकास, पानी मुहान संरक्षण,र वाताबरण संरक्षण गरिनेछ।(२,३)

- निरपेक्ष गरिबीको रेखामुनी रहेका जनताको तथ्यांक लिई उनीहरुलाई कृषि बन र जिबिकोपार्जनसंग आबद्ध गराई गरिबी निबारण तर्फ उन्मुख गराइनेछ।(३)
- गाउंको फोहोरलाई उचित ब्यबस्थापन गर्न समुदाय ब्यबस्थित फोहोर ब्यबस्थापन कार्यक्रम लागु गरिनेछ। यसमा क्षेत्रसँग समेत सहकार्य गरिनेछ ।(४)
- फोहोरलाई मोहर बनाउन कार्यमा स्थानीय समुदायलाई परिचालन गरिनेछ।मापदण्ड बिपरितका प्लाष्टिकका झोला प्रयोगमा निषेध गरिनेछ।(४)
- हरेक घरबाट उत्सर्जन हुने फोहोर लाई कुहिने र नकुहिने फोहोर छुट्याई कुहिने फोहोरबाट जेबिक मल बनाउने र नकुहिने फोहोर लाई डढाउने वा उचित ब्यबस्थापन गर्न प्रोत्साहन गरिनेछ।(४)
- सुधारिएको धुवाँ रहित चुलो तथा बैकल्पिक उर्जा प्रयोग गरी बनजन्य इन्धनमा कमी र घरभित्रको धुवाँ प्रदुषण घटाउंदै लगिनेछ।(४)
- खुला दिसामुक्त क्षेत्रको निरन्तर पालना गराइनेछ।गाउं बिकास केन्द्र, वडाहरुका मुख्य चोक तथा बजार क्षेत्रमा सार्वजनिक शौचालयको विकास गरिनेछ।(४)
- प्रकोप प्रतिरोधी संरचना निर्माण,भवन आचारसंहिता पालना, प्रकोप राहत तैयारी आदि ब्यबस्था गरिनेछ।(५)
- घर निर्माण गर्दा भवन आचार संहिता र पूर्वाधार निर्माण गर्दा मापदण्डको प्रयोग गरिनेछ।(६)
- प्रकोप जोखिमबाट बच्न सचेतना कार्यक्रम संचालन गरिनेछ।(६)

**कार्यक्रमहरु**

- समुदायमा आधारित बृक्षारोपण कार्यक्रम ।
- बन संरक्षणकोलागि सामुदायिक बन कार्यक्रमलाई आबश्यक सहयोग र अग्नीरेखा निर्माण कार्यक्रम।
- फोहोर ब्यबस्थापनमा कन्टेनरको ब्यबस्था।
- शौचालय बनाउन नसक्ने लाई अनुदान कार्यक्रम। सार्बजनिक शौचालयको निर्माण र ब्यबस्थापन, समुदायमा आधारित फोहोर ब्यबस्थापन कार्यक्रम।
- धुवाँ रहित चुलोको प्रचार प्रसार र गरिबीको रेखामुनी रहेकालाई आंसिक अनुदान कार्यक्रम ।
- रोजगारीमूलक बिकास आयोजनाहरु संचालन गरि निरपेक्ष गरिबीको रेखामुनी रहेकालाई पहिलो प्राथमिकता दिई रोजगार दिइनेछ।बैदेशिक रोजगारीमा जान श्रम गन्तब्य खोज्न सहयोग।
- निरपेक्ष गरिबीको रेखामुनी रहेका जनताहरुको परिवारको एक जनालाई कम्तिमा बर्षको १०० दिनको रोजगारीको सुनिश्चितता गर्ने गरी बिकास कार्यक्रम सञ्चालन।

## बन, वातावरण बिकास क्षेत्रको तर्कबद्ध खाका

| नतिजा बिबरण | सूचक | इकाई | ०७५/७६ को अबस्था | ०७९/८०को अपेक्षित अबस्था | पुष्ट्याईंको श्रोत | जिम्वेवार निकाय | जोखिम थथा अनुमान |
|---|---|---|---|---|---|---|---|
| असर (Outcome): बन वातावरण क्षेत्रको संरक्षण र बिकास गर्दै दीगो बिकासको अबधारणा अभिबृद्धि भएको हुने,हुनेछ | **बन** जम्मा बनक्षेत्र | प्रतिशत | ४८ | ४८ | गाउँपालिकाको प्रतिबेदन | गाउँपालिका, सामुदायिक बन उपभोक्ता समिति, गैसस | गैसस, बन उपभोक्त समिति र निजिक्षेत्र वीच सहकार्य |
| | निजी बन | हेक्टर | ० | १५ | | | |
| | **वातावरण** फ्लाष्टिक को प्रयोग | प्रतिशत | ५० | ० | | | |
| | बिकासमा बवातावरण पक्षको अध्ययन | प्रतिशत | १० | ८० | | | |
| | वातावरण शिक्षा | बार्षिक पटक | ० | ६ | | | |
| | एफ. एम कार्यक्रम | मासिक पटक | ० | ४ | | | |
| | **बिपद जोखिम** विपद जोखिम क्षेत्रको नक्सांकन | प्रतिशत | ० | ० | | | |
| | विपद जोखिम कोषको स्थापना र रकम जम्मा | ने.रु | १४,५०,००० | ५०,००,००० | | | |
| | विपद सचेतना कार्यक्रम | बार्षिक पटक | ० | ६ | | | |
| | एफ. एम. कार्यक्रम | मासिक पटक | ० | ४ | | | |

## ३.५. संस्थागत विकास, सेवा प्रबाह र सुशासन

नेपालको संबिधानमा राज्यका नीति अन्तर्गत “सार्बजननिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउंदै राज्यबट प्रदान हुने सेवा सुबिधामा जनताको समान र सहज पहुंच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने” कुरा उल्लेख छ। बास्तबमा ऐन, नियम, निर्देशिका, कार्यबिधी, योजना आदि जति राम्रो भए पनी त्यसको कार्यान्वयन राम्रो भएन भनें त्यसको उद्धेश्य प्रासि हुन सक्दैन।यसै कुरालाई हृदयंगम गरी ईस्मा गाउँपालिकाले यस योजनामा संस्थागत विकास, सेवा प्रबाह र सुशासनलाई महत्वपूर्ण स्थान दिएको छ।

**अबसरहरु**

- नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन, सार्बजनिक सेवाहरुमा सुशासन प्रबर्धन गर्ने बिभिन्न ऐन कानूनमा शुशसन सम्बन्धी ब्यबस्था भएको।
- सूचना प्रबिधिको बढ्दो प्रयोग।
- नेपाल सरकारले सेवा प्रवाह सम्बन्धि मापदण्ड तयार गरेको।

**चुनौतीहरु**

- कर्मचारी समायोजन भै नसक्दा आबश्यक जनशक्तिको पदपूर्ति नहुनु।
- जनसहभागिता, पारदर्शिता तथा जवाफदेहिता बढाउनु।
- स्थानीय तहका जनप्रतिनिधिहरु र कार्यरत कर्मचारीहरुको नैतिकता अभिबृद्धि गरी जवाफदेहिता बढाउनु। शासकको मानसिकताबाट सेवकको मानसिकतामा रुपान्तरण गर्नु।

**सवलपक्षहरु**

- लामो समयको अन्तराल पछि निर्बाचित स्थानीय सरकार गठन हुनु।
- स्थानीय तहलाई संबिधानद्वारा नै अधिकार सम्पन्न बनाइनु।
- स्थानीय तहमा आफ्नो अधिकारक्षेत्रका बिषयहरुमा कानून, नीति, निर्देशिका, मार्गदर्शन आदि बनाइ कार्यान्वयन गर्ने अधिकार हुनु।

**कमजोर पक्षहरु**

- स्थानीय तहले आफ्नो क्षेत्रभित्र सुशासन र सेवा प्रबाह सम्बन्धि सबै आबश्यक कानून, नीति, निर्देशिका र मापदण्ड बनाई नसक्नु।
- सबै शाखा महांशाखा स्थापना भई नसक्नु र कर्मचारीको दरबन्दीहरु रिक्त हुनु।
- निर्वाचित जनप्रतिनिधिहरु र कर्मचारीहरुमा सुशासन बारे तालिम नहुनु।

### ३.५.१. लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीतिहरु :

माथि उल्लेखित समस्या र अवसर, चुनौती, सवल र दुर्बल पक्ष (SWOT)को बिश्लेषणको आधारमा देहायका लक्ष, उद्धेश्य, रणनीति र कार्यनीति निर्धारण गरिएको छ।

**लक्ष**

- ईस्मा गाउँपालिकाको प्रशासनलाई सेवामुखी, उत्तरदायी, जवाफदेही र परिणाममुखी बनाई जनताको जीवनस्तर उठाउने।

**उद्धेश्य**

- गाउँपालिकाको बिकास तथा सेवा प्रवाहलाई नतिजामुखी, गुणस्तरीय र सर्ब साधारणको पहुंच भित्र राख्ने।
- गाउँपालिकाको काम कार्बाही अनुमान योग्य र सूचनामा नागरिकको पहुंच स्थापना गर्ने।

- कर्मचारीहरुलाई कामप्रति बफादार, उत्तरदायी र परिणाममुखी बनाउने।

**रणनीतिहरु**

१. गाउँपालिकालाई आबश्यक पर्ने ऐन, नियम, निर्देशीका, मापदण्ड तयार गरी लागु गरिनेछ।

२. कर्मचारीहरुलाई काम प्रति जिम्वेवार र उत्तरदायी बनाइने छ।

३. नागरिक बडापत्र राखि त्यसको कडाईका साथ पालना गरिने छ।

४. आबश्यकता अनुसार घुम्ति सेवा प्रदान गरिनेछ।

५. लक्षित समुदाय विशेष कार्यक्रमलाई प्रबर्धन गरिनेछ ।

६. स्थानीय विकास निर्माणका कार्यहरु उपभोक्ता समिति तथा सामुदायिकसंगठनहरु मार्फत सञ्चालन गरिनेछ।

७. गाउँपालिकाको समग्र विकासका कार्यहरुमा सरकारी, निजी, गैसस, अगैसस तथा सामुदायिकसंगठनहरुसँग साझेदारी तथा सहकार्यको सँस्कारमा बढावा दिइनेछ ।

८. गाउँपालिकाको विकास कार्यको पारदर्शिता एवं जवाफदेहिता बृद्धि गर्न नागरिक समाजकासंगठनहरु र उपभोक्ता समितिहरुको क्षमता बृद्धि गरी उनीहरुको संलगनता बृद्धि गरिनेछ ।

९. गाउँपालिकाको आर्थिक स्रोत बृद्धि गर्न राजश्वको सम्भावना अध्ययन र कार्यान्वयन, सार्वजनिक निजी साझेदारी आदि कार्यक्रम सञ्चालन गरिनेछ।

१०. न्याय सम्पादनलाई प्रभावकारी बनाइनेछ।

११. योजना तर्जुमामा जनस्तरबाट आएका योजना मात्र छनौट हुनेछन।

**कार्यनीतिहरु**

- आबश्यक पर्ने ऐन, नियम, निर्देशीका, मापदण्ड तयार गर्न विशेषज्ञ समिति गठन गरिनेछ र २ बर्ष भित्र तयार गरी कार्यान्वयनमा ल्याइनेछ।(१)
- संगठन ब्यबस्थापन (O&M) अध्ययन गरी सो अनुसार शाखा कायम गरी शाखा अनुसार कर्मचारीहरुको कार्य विबरण बनाइनेछ।(२)
- कर्मचारीहरुलाई उनीहरुको कार्य विबरणको आधारमा कार्य सम्पादन सूचकहरु बनाई सोका आधारमा मूल्यांकन गरी बढुवा र दण्ड पुरस्कारको नीति लिइनेछ।(२)
- अधिकार प्रत्यायोजन गरी कामको बोझ बिभाजन गरिनेछ साथै कुनै पदाधिकारी नभएर काम रोकिने अबस्था सृजना गरिने छैन।(२)
- गाउँपालिकाको कार्यालय र  सबै वडाहरुमा नागरिक बडापत्र सबैले देख्ने ठाउंमा राखिने र त्यसको कडाईका साथ पालना गरिने छ।(३)
- नागरिक वडापत्रको अनुगमन, गुनासो सुनुवाई, सार्वजनिक परीक्षणलाईबाट प्राप्त प्रतिकृयाहरुको तत्काल सम्बोधन गर्ने ब्यबस्था गरिनेछ।(३)

- बर्षमा कम्तिमा २ पटक घुम्ति सेवा प्रदान गरिनेछ आबश्यकता अनुसार घुम्ति सेवा बढाउन सकिनेछ। घुम्ति सेवा को मिति र स्थान कम्तिमा ७ दिन अघि सार्बजनिक रुपमा सूचना गरिनेछ।(४)
- निरपेक्ष गरिबी को रेखामुनी रहेका जनताहरु र महिला, दलित, पिछडिएको बर्ग लाई लक्षित कार्यक्रम उनीहरुकै सहभागितामा सञ्चालन गरिनेछ।(५)
- आयोजनाहरुको कार्यान्वयन उपभोक्ताहरुबाट गरिनेछ आयोजनाका उपभोक्ताहरु मध्येबाट उपभोक्ता समिति गठन गरी आयोजना कार्यान्वयन गरिनेछ।आयोजना सम्पन्न भएपछि त्यसको ब्यबस्थापनको जिम्मा उपभोक्ता समितिहरुलाईनै दिइनेछ।उपभोक्ताहरुको क्मता अभिबृद्धिको लागि तालिमको आयोजना गरिनेछ।(६)
- गाउँपालिकाले गाउँपालिकामा कार्यरत सरकारी, निजी, गैसस, अगैसस तथा सामुदायिक संगठनहरुसँग समन्वय, साझेदारी तथा सहकार्य का आधारमा कार्यक्रम संचालन गरिनेछ यसका लागि सम्बन्धित निकायहरुसं लागि त्रैमासिक रुपमा समन्वय मिटिङ गरिनेछ, ।(७)
- पारदर्शीता कायम गर्न हरेक आयोजनाहरुको सार्बजनिक परिक्षण गरिने र प्रत्येक ३ महिनामा सार्बजनिक सुनुवाई कार्यक्रम  गरिनेछ।गाउँपालिकामा सूचना अधिकारी तोकि सूचनाहरु सार्बजनिक गरिनेछ साथै वेब साइटमा समेत राखिनेछ।(८)
- गाउँपालिकाको आर्थिक श्रोत बढाउन राजस्वका सम्भावना खोजी, नेपाल सरकार र प्रदेश प्रदेश सरकारसंग समन्वय, आन्तरिक ऋण, निजी, गैसस र दातृ निकायहरुसंग साझेदारी आदि सबै उपाय अबलम्बन गरिनेछ।(९)
- एकीकृत सम्पत्ति करको अध्ययन गर्न कार्यदल गठन गरिनेछ, उक्त कार्यदलले ब्यबहारिक आधारमा करको दरहरु सिफारिस गर्नेछ र सो सिफारिस उपर जनताहरुको प्रतिक्रिया समेत लिई एकिकृत सम्पत्ति कर निर्धारण गरिनेछ।(९)
- न्याय सम्पादनलाई प्रभावकारी बनाउन हरेक वडामा मेलमिलाप केन्द्र, घुम्ति न्याय सेवा,जस्ता बिबिध कार्यक्रम संचालन गरिनेछ।(१०)
- योजना तर्जुमामा बस्तीतहबाट छनौट भै सबै चरण पूरा गरेर आएका योजना मात्र छनौट हुनेछ।(११)

**कार्यक्रमहरु**

- ऐन, नियम, निर्देशिका, मापदण्ड तयार गर्न विशेषज्ञ समिति गठन,
- सँगठन ब्यबस्थापन (O&M) समिति गठन, कर्मचारीहरुको कार्यीबिबरण तयारी, कर्मचारीहरुको कार्य सम्पादन सूचकहरुको निर्माण,
- नागरिक बडापत्रको निर्माण र प्रकाशन,
- घुम्ती सेवाको प्रकार, मापदण्ड र समय तालिका निर्माण र संचालन,
- सूचना डेस्क र सूचना अधिकारी तोक्ने,
- वेब साइट निर्माण, प्रेस बिज्ञप्ति प्रकाशन, राजपत्र प्रकाशन, गुनासो बक्सको स्थापना,

- अनुगमन समय तालिका र सूचकहरुको निर्माण र प्रतिबेदन ढांचा निर्माण, अनुगमन प्रतिबेदनमा छलफल, सार्बजनिक परीक्षण र सार्बजनिक सुनुवाईको तौर तरिका निर्धारण, सो को समयतालिका निर्धारण र त्यहाँ उठेका कुराहरुको सम्बोधन कार्यक्रम,
- आन्तरिक राजस्वका श्रोत अध्ययन गर्न कार्यदल गठन, योजना कार्यान्वयन गर्न उपभोक्ता समितिहरु गठन,
- वडामा मेलमिलाप केन्द्र गठन, इजलासको ब्यबस्था,घुम्ति न्याय सेवा संचालन,
- लक्षित कार्यक्रमहरुको चयन र संचालन,
- विधुतीय हाजिरी,
- स्वास्थ्य संस्थाहरुमा इन्टरनेट जडान,
- आन्तरिक तथा अन्तिम लेखा परीक्षण।

## संस्थागत बिकास, सेवा प्रवाह र सुशासनको तर्कवद्ध खाका ।

| नतिजा बिबरण | सूचक | इकाई | ०७६/७७ को अबस्था | ०७९/८०को अबस्था | पुष्ट्याईंको श्रोत | जिम्वेवार निकाय | जोखिम थथा अनुमान |
|---|---|---|---|---|---|---|---|
| असर (Outcome): सुशासन कायम गर्दै प्रभावकारी र गुणस्तरीय सेवा प्रबाह भएको हुने। | ग्राहक सन्तुष्टी | प्रतिशत | ६५ | ९० | गाउँपालिकाको प्रतिबेदन | गाउँपालिका र गैसस, नागरिक समाज, उपभोक्ता समितिहरु | गाउँपालिका र गैसस, नागरिक समाज, उपभोक्ता समितिहरु वीच सहकार्य |
| | आवश्यक कानूनहरु निर्माण | प्रतिशत | १० | १०० | | | |
| प्रतिफल१- पेदर्शिता कायम राखिएको हुने | सार्बजनिक सुनुवाई बार्षिक | बार्षिक पटक | १ | ३ | गाउँपालिकाको प्रतिबेदन | गाउँपालिका | गाउँपालिका र गैसस, नागरिक समाज, उपभोक्ता समितिहरु वीच सहकार्य |
| | सार्बजनिक परिक्षण | बार्षिक पटक | ० | १ | | | |
| | आय ब्यय बिबरण सार्बजनिकीकरण | बार्षिक पटक | १ | ३ | | | |
| | योजना स्थलमा योजना बिबरण राखेको | प्रतिशत | १०० | १०० | | | |
| | सूचनाहरु वेब साइटमा राखेको | प्रतिशत | १०० | १०० | | | |
| | सूचना अधिकारी को ब्यबस्था | जना | १ | १ | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रतिफल २- सेवा प्रवाहमा प्रभावकारिता ल्याउने | गाउँपालिका र सबै वडा कार्यालयमा नागरिक वडापत्र स्थापना | संख्या | ७ | ७ | गाउँपालिकाको प्रतिबेदन | गाउँपालिका | गाउँपालिका र गैसस, नागरिक समाज, उपभोक्ता समितिहरु वीच सहकार्य |
| | सबै वडा र गाउँपालिकामा गुनासो बक्सको स्थापना | संख्या | ७ | ७ | | | |
| | गुनासोको सुनुवाई | प्रतिशत | ५० | १०० | | | |
| | एकिकृत घुम्ती सेवा | बार्षिक पटक | १ | ३ | | | |
| | बृद्ध बृद्धा, असक्त र अपाङ्गलाई घरघरमा सेवा | बार्षिक पटक | १ | ३ | | | |
| प्रतिफल ३- गाउँपालिकाको संस्थागत ब्यबस्था सुदृढ गरिनेछ | संगठन ब्यबस्थापन अध्ययन | संख्या | ० | १ | गाउँपालिकाको प्रतिबेदन | गाउं कार्य पालिका | गाउंकार्य पालिका |
| | कार्य बोझ अनुसार कर्मचारी र शाखाको ब्यबस्था | प्रतिशत | ० | १०० | | | |
| | कर्मचारीहरुलाई तालिम | बर्ष | भएको | निरंतर | | | |
| | आवश्क मात्रामा सवारी साधन, कम्प्युटर, फोटोकपी मेसिन, फर्निचर आदिको ब्यबस्था | प्रतिशत | २० | ८० | | | |
| प्रतिफल ४- सुशासन कायम गरिएको हुनेछ | सबैकामको न्युनतम मापदण्ड निर्धारण निर्देशीका निर्माण | अबस्था | नभएको | भएको | गाउँपालिकाको प्रतिबेदन | गाउँ कार्यपालिका | गाउँ कार्यपालिका र गैसस, नागरिक समाज को |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कार्य सम्पादनको आधारमा दण्ड पुरस्कारको ब्यबस्था | अबस्था | नभएको | भएको | | | |
| | कर्मचारीहरुको कार्य बिबरण तयारी | अबस्था | नभएको | भएको | | | |
| | अधिकार प्रत्यायोजन | अबस्था | भएको | निरंतर | | | |
| | सेवाको गुणस्तर मापदण्ड निर्देशीका निर्माण | अबस्था | नभएको | भएको | | | |
| | भ्रष्टाचार बरुद्धमा अख्तियारसंग सहकार्य | अबस्था | भएको | निरंतर | | | |
| | कर्मचारीहरुमा सदाचार तालिम | अबस्था | नभएको | निरंतर | | | |

# परिच्छेद ४

# श्रोत ब्यबस्थापन

## ४.१. ब्यय बिबरण

कुनै पनि योजना तर्जुमा गर्दा श्रोत ब्यबस्थापन एक महत्वपूर्ण चुनौतीको बिषय हो। ईस्मा गाउँपालिकाको बिकासको आबश्यकता र श्रोतको उपलब्धतालाइ हेर्दा ठुलो खाडल देखिन्छ। यस योजनामा बिकास कार्यक्रमलाई साबधानी पूर्वक प्राथमिकिकरण गरी श्रोतको ब्यबस्था गर्ने प्रयास गरिएको छ। स्थानीय तहको पुनरसंरचना भई गत बर्ष मात्र गाउँपालिकाको स्थापना भएकोले कुनै पनि बिकास कार्यक्रमको प्रति इकाइ लागत प्राप्त हुन सकेन। पूर्वाधार क्षेत्रका केही योजनाको सूची बाहेक अन्य योजनाहरुको सूची समेत तय गर्न सकिएको छैन। यस आवधिक योजनाले ईस्मा गाउँपालिकाको दीर्धकालीन  दृष्टिकौंण तय गर्नुका साथै ५ बर्षको लक्ष निर्धारण गरी त्यससम्म पुग्नका लागि उद्धेश्य, रणनीति, कार्यनीति र महत्वपूर्ण कार्यक्रमहरु तय गरेको छ, अर्थात यसले ईस्मा गाउँपालिकाको ५ बर्षको गन्तब्य सुनिश्चित गरेको छ। यसले बार्षिक कार्यक्रमको पथ अर्थात आधार तयार गरि दिएको छ तर बार्षिक रुपमा बस्तिस्तरदेखि बिभिन्न तहमा सहभागितात्मक परपाटीबाट योजना छान्ने  र स्वीकृत गर्ने जनताको अधिकारलाई कुण्ठित गर्दैन, बरु मार्गदर्शन प्रदान गर्दछ।

यस योजनाको लगानी अनुमान यस बर्ष र गतबर्ष नेपालसरकार तथा प्रदेश सरकारले प्रदान गरेको बिभिन्न शिर्षक अन्तर्गतको अनुदान, राजस्व बांडफांडबाट प्राप्त रकम, गाउँपालिकाको आन्तरिक राजस्वको आधारमा गरिएको छ। निजीक्षेत्रबाट गरिने लगानी सम्बन्धमा यस योजनाले लिएको कानुन र नीतिहरुबाट प्रदान गरेको सुबिधा, यातायात, बिद्युत, संचार जस्ता पूर्वाधारहरुको बिकास, बैक तथा वित्तिय क्षेत्रवाट दिइने ऋण सुबिधा, स्थानीय तह वा सरकारबाट दिइने अनुदान र उत्पादित बस्तुहरुको बजार ब्यबस्थाका आधारमा अनुमान गरिएको छ । अगैसस, गैसस तथा अन्य दातृ निकायबाट हुने लगानीका सम्बन्धमा उनीहरुले हालसम्म यस गाउँपालिकामा गरेको लगानी उनीहरुको केन्द्रीय नीति आदिका आधारमा अनुमान गरिएकोछ। ईस्मामा जन्मी देश बिदेशमा रोजगारी एबं स्वरोजगारीमा गएकाहरुको लगानी ईस्मामा भित्र्याउन बिभिन्न थप पहल गरिनेछ। यसरी नीतिगत र संरचनागत सुधारबाट योजना अबधिभित्र एक अरब वा सो भन्दा माथीको लगानी अपेक्षा गरिएको छ।

| क्र.सं. | बिषयक्षेत्र | प्रस्तावित कार्यक्रम खर्च | प्रतिशत |
|---|---|---|---|
| १ | भौतिक पूर्वाधार विकास | ६० करोड | ३० |
| २ | आर्थिक विकास | २१ करोड | १०.५ |
| ३ | सामाजिक बिकास | ४५ करोड | २२.५ |
| ४ | बन, वातावरण तथा विपद ब्यबस्थापन | १९ करोड | ९.५ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन | १५ करोड | ७.५ |
| ६ | चालु खर्च | ४० करोड | २० |
| | जम्मा | २००करोड | १०० |

नपुग ४० लाख ५५ हजार कर प्रशासनमा सुधार गरी एबं चालु खर्च घटाई पूर्ति गरिनेछ। यो अनुमानित खर्च तालिका हो। गांउपालिकाले खर्चको आवश्यकता अनुसार यसमा हेरफेर गर्न सक्नेछ।

### ४.२. आय अनुमानः

आयको अनुमान गर्दा आ.ब. ०७४/०७५ को बास्तविक आय र ०७५/०७६ को आय अनुमान र पछि बढ्न सक्ने राजस्व र  नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुन सक्ने अनुदान समेतको मूल्यांकन गरी गरिएको आय अनुमान निम्नानुसार छ।

रू हजारमा

| सि.नं. | विबरण | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० |
|---|---|---|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व | ११३० | ३७१५ | ५०,०० | ७५,०० | १००,०० | १५०,०० |
| २ | अन्तर सरकारी वित्तिय हस्तान्तरण | १५२९४० | २१,५८,८८ | २५,००,०० | ३०,००,०० | ३५,००,०० | ४०,००,०० |
| ३ | राजस्व बांडफांडवाट प्राप्त आय | ० | ६१३४२ | ७,००,०० | ८,००,०० | १०,००,०० | १२,००,०० |
| ४ | अन्य स्थानीय तह वा अन्य कतैवाट प्राप्त अनुदान | ० | ० | ० | ५०० | १०,०० | २०,०० |
| ६ | अन्य आय | ५९९१ | ० | ० | ५०० | १०,०० | २५,०० |
| | जम्मा | १६००६१ | २८०९४५ | ३२,५०,०० | ३८,८५,०० | ४६,२०,०० | ५३,९५,०० |

यसरी हेर्दा योजना अबधि २०७५/७६ देखि २०७९/८० सम्म जम्मा  रु १,९९,५९,४६,००० रुपयां अर्थात लगभग २ अरब रुपयांको श्रोत जुट्ने देखिन्छ।यसमध्ये लगभग ७५ करोड ससर्त अनुदान हुने अनुमान छ।

# परिच्छेद ५

## आवधिक योजना कार्यान्वयन तथा अनुगमन मूल्यांकन

### ५.१ योजना कार्यान्वयन बिधि

ईस्मा गाउँपालिकाको आवधिक गाउँ विकास योजना गाउँपालिकाले कार्यान्वयन योजना बनाई लागु गर्नेछ। आवधिक योजनालाई बार्षिक बजेट तथा कार्यक्रम मार्फत कार्यान्वयन गरिनेछ। आवधिक योजनाको लक्ष, उद्देश्य, नीति र कार्यक्रम बमोजिम बार्षिक कार्यक्रमहरुको चयन स्वीकृत, अनुमोदन भइ आयोजना तथा कार्यक्रमहरुलाई ईस्मा गाउँपालिका आफैंले कार्यान्वयन गर्ने, गैसस तथा अन्तराष्ट्रिय गैसस मार्फत कार्यान्वयन हुने, विकास साझेदार निकाय तथा निजी क्षेत्रबाट कार्यान्वयन गरिने छुट्टा छुट्टै सूची तयार गरिनेछ। शिक्षा, स्वास्थ्य, सामाजिक बिकास, लैङ्गिक विकास, समाबेशी बिकास, मानवाधिकार, गरिबी निवारण, वातावरण संरक्षण, सामाजिक सुरक्षा, शान्ति सुरक्षा लगायत निजी क्षेत्र आकर्षण नहुने स्थान र सरकारको भूमिका नभइ नहुने क्षेत्रमा गाउँपालिका आफैंले कार्यक्रम कार्यान्वयन गर्नेछ। आर्थिक क्षेत्र जस्तै कृषि तथा पशु बिकास कृषि तथा पशुजन्य उद्योग, पर्यटन पूर्वाधार तथा पर्यटक आवास सुबिधा, उद्योग बाणिज्य, वित्तिय क्षेत्र विकास, आदि क्षेत्रको बिकास, जसमा निजीक्षेत्र आकर्षित हुन्छ त्यसमा निजी क्षेत्रले लगानी गर्ने नीति लिइनेछ। यसमा स्थानीय सरकारले निजी क्षेत्र आकर्षित गर्न नीतिगत सुधार, निजी क्षेत्रलाई प्रोत्साहन, अनुदानको ब्यबस्था, साझेदारी कार्यक्रम, निजी तथा सार्बजनिक क्षेत्रको क्षमता बिकास, अनुगमनको ब्यबस्था, सेवा र उत्पादनको मापदण्ड निर्धारण, नियमन जस्ता कामहरु गर्नेछ।

गेससहरुको बिशेषज्ञता देखिएका क्षेत्रहरु चेतना अभिबृद्धि, सामाजिक परिचालन, समूह परिचालन, समूहमा आधारित लघु उद्योग, माइक्रो क्रेडिट परिचालन तथा अन्य पहिचान भएका बिषयमा गैससको परिचालन गरिनेछ।

गाउँ पालिका आफैंले कार्यक्रम संचालन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र स्थानीय तहहरुले संविधान तथा अन्य प्रचलित कानूनको अधिकार क्षेत्र भित्र रही निर्माण गरेका ऐन नियम अनुसार कार्यान्वयन गर्नु पर्नेछ । गाउँपालिका वा नगरपालिकाले आर्थिक वर्ष शुरु भएको एक महिना भित्र आफ्नो वार्षिक खरिद योजना र गुरुयोजना स्वीकृत गरी सो अनुरुप खरिद कार्यको व्यवस्थापन गर्नेछ ।

यसरी गाउँपालिकाले आफ्नो स्रोत अन्तर्गतका आयोजना तथा कार्यक्रमहरु आफ्ना बिषयगत शाखा र वडा कार्यालयहरुबाट आयोजनाको लागत र प्रकृति अनुसार करार, अमानत बोलपत्र वा स्थानीय उपभोक्ता समितिमार्फत कार्यान्वयन गरिने छ। नेपाल सरकार तथा प्रेदेश सरकारले कार्यान्यन गर्न दिएका आयोजनाहरु गाउँपालिकाको सम्बन्धित बिषयगत शाखा मार्फत संचालन गरिनेछ। त्यसैगरी गैसस, विकास साझेदारहरुसँगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित निकायसँग गरेको सम्झौता वमोजिम वा सो नभए गाउँपालिकाको नियमित कार्यान्वयन प्रक्रिया वमोजिम कार्यान्वयन गरिनेछ ।

### ५.२ आवधिक गाउँ विकास योजना कार्यान्वयन जिम्मेवारी

यो आवधिक योजना कार्यान्वयन गर्ने जिम्मेवारी गाउँ कार्यपालिका, यसका बिभिन्न शाखा उपशाखाहरु, वडा कार्यालयहरु, निजीक्षेत्र, गैसस, नागरिक समाज, बिभिन्न पेशागत संघसंस्थाहरु आदि सबैको हो। सबैले आआफ्नो तहको जिम्मेवारी बहन गर्नुपर्ने हुन्छ। जस अनुसार गाउँपालिकाले आफ्नो स्रोत

अन्तर्गतका आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने जिम्मेवारी गाउँपालिका आफ्नै हुन्छ। वडा कार्यालयहरुबाट कार्यान्वयन गरिने योजनाहरु उनीहरुले नै कार्यान्वयन गर्नेछन् ।त्यसैगरी गैसस, विकास साझेदारहरुद्धारा कार्यान्वयन गर्ने योजनाको कार्यान्वयनको जिम्मेवारी सम्बन्धित निकायसँग गरेको सम्झौता वमोजिमनै हुनेछ। यसरी कार्यान्वयन गर्दा एकभन्दा बढी निकायहरुले संयुक्त रुपमा कार्यान्वयन जिम्मेवारी पनि निर्वाह गर्न सक्नेछन् ।

## ५.३ अनुगमन तथा मूल्यांकन

### ५.३.१ अनुगमन योजना

अनुगमन भन्नाले काम भइरहेको समयमा गुणस्तर कायम गर्न गरिने जाँच वा निरीक्षण भन्ने बुझिन्छ।अनुगमन व्यवस्थापकीय कार्य हो र कार्यान्वयन गर्ने वा गराउने निकाय वा पदाधिकारीबाट कामको सुनिश्चितताको लागि गर्ने गराउने गरिन्छ।विभिन्न तह, निकायहरुबाट सञ्चालित विकास कार्यक्रमहरुबाट अपेक्षित लक्ष्य, उद्देश्य हासिल गर्न, सो को मापन गर्न र अभिलेखीकरण गर्न अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ।

ईस्मा गाउँपालिकाको आवधिक गाउँ विकास योजनाको नतिजा सूचकमा आधारित अनुगमन तथा सहभागितामूलक लेखाजोखा पद्धति अवलम्बन गरी प्रतिफल मापन तथा योजना प्रभावकारिताको मूल्याङ्कन गरिनेछ।आवधिक गाउँ विकास योजनाको कार्यान्वयन जुनसुकै प्रक्रियाबाट गरिएको भएता पनि आयोजना तथा कार्यक्रमहरूमा लगानी र साधनको समुचित प्रवाह भए नभएको एवं निर्धारित कार्यतालिका अनुसार क्रियाकलापहरूको कार्यान्वयन भए नभएको विषयमा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रूपमा निगरानी राख्ने र प्रतिवेदन प्राप्त गर्ने एवं अभिलेखीकरण गर्ने कार्य ईस्मा गाउँपालिकाले गर्नेछ।अनुगमन तथा सुपरीवेक्षण समितिको क्षमता विकास गरी यसको भूमिकालाई सक्रिय र प्रभावकारी बनाइनेछ।आवधिक गाउँ विकास योजना अन्तर्गतका क्रियाकलापहरुको अनुगमनलाई नियमित कार्यक्रमका रुपमा राखी यसका लागि आवश्यक बजेट विनियोजन समेत गरिनेछ।यसका लागि सरोकारवालाहरु र तेस्रो पक्ष समेतको सहभागिताका लागि आवश्यक समन्वय र सहयोग लिइनेछ।नतिजा सूचकमा आधारित अनुगमन खाका तयार गरी अनुसार नियमित अनुगमन, बार्षिक समीक्षा, मध्यावधि तथा अन्तिम मूल्यांकन गरिनेछ ।
ईस्मा गाउँपालिकाले तयार गरेको वार्षिक कार्ययोजना अनुसारका सूचकमा आधारित भई नियमित अनुगमन गर्नेछ ।अनुगमनको उद्धेश्य, प्रकार, अनुगमन गरिने आयोजना,अनुगमनको प्रकार, अनुगमन समिति, अनुगमन कार्ययोजना र मूल्यांकन देहाय अनुसार हुनेछ ।

देहायको उद्धेश्य प्राप्तिका लागि अनुगमन गरिनेछः

- कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्नु ।
- तोकिएको कामको समय, लागत र गुणस्तर कायम गर्नु ।
- कार्यान्वयनको क्रममा भएका गल्ती वा कमजोरी तत्काल सुधार गर्नु ।
- डिजाइन वा कार्यान्वयनमा भएका गल्ती सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्नु ।
- आ.व.को अन्तिममा हुने विकास कार्यलाई सुधार गरी समयमै सम्पन्न गराउनु ।

ईस्मा गाउँपालिकाले देहायको किसिमले अनुगमन गर्नेछः
- निरन्तर अनुगमन।
- दिगोपनाको अनुगमन ।

ईस्मा गाउँपालिकाले देहायका आयोजनाहरुको अनुगमन गर्नेछः
- गाउँपालिकाबाट स्वीकृत कार्यक्रम वा आयोजनाहरुको ।
- गाउँपालिकाबाट लगानी भएको आयोजनाहरुको ।
- नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधन मार्फत सञ्चालित आयोजनाहरुको ।
- गाउँपालिकाको क्षेत्रभित्रका गैरसरकारी संस्था मार्फत सञ्चालित आयोजनाहरुको।
- गाउँपालिकाले आबश्यक ठानेका अन्य आयोजनाहरु।

अनुगमनमा देहायका तरिकाहरु अपनाइनेछः
- नियमित प्रतिवेदन लिएर।
- स्थलगत अवलोकन गरेर।
- सरोकारवालाहरुसँग छलफल गरेर।
- नागरिक समाजका सँस्थाहरु परिचालन गरेर (मिडिया आदि)।
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता विधिहरु मार्फत।

अनुगमनमा देहायका पदाधिकारीहरु संलग्न रहनेछनः
- स्थानीय तहको कार्य विभाजन नियमावलीले तोकेको पदाधिकारी।
- उपाध्यक्ष वा उपप्रमुख (स्थानीय सरकार सञ्चालन ऐन, २०७४)
- अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यहरु
- प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख (नियमित कार्य)
- वडा स्तरीय आयोजनाको हकमा वडाध्यक्ष र सदस्यहरु

ईस्मा गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिमा देहायका पदाधिकारीहरु रहनेछनः
- उपाध्यक्ष वा उपप्रमुख — संयोजक
- अध्यक्ष वा प्रमुखले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरुमध्येबाट दुई जना सदस्य — सदस्य
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- प्रमुख योजना विभाग/महाशाखा/शाखा/एकाइ — सदस्य सचिव
- आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिने ।

देहायको अनुगमन कार्ययोजना बनाई लागु गरिनेछः
- कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिले आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ। ।
- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गरिनेछ।

वडास्तरीय कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय बमोजिमको समिति रहनेछ।

- सम्बन्धित वडाको वडाध्यक्ष संयोजक
- वडा सदस्यहरु सदस्य
- वडा सचिव सदस्य सचिव

कार्यपालिकाका अन्य सदस्य तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

### ५.३.२. मूल्याङ्कन

- कुनै काम वा योजनाले राखेको उद्देश्य पूरा भए नभएको एकीन गर्न गरिने जाँच वा परीक्षा मूल्याङ्कन हो ।
- लाभग्राहीलाई योजनाको प्रभाव (माथिल्लो स्तरको उद्देश्य) कस्तो रह्यो भनी गरिने अनुसन्धानमूलक कार्य नै मूल्याङ्कन हो ।
- कुनै आयोजना शुरु हुनु भन्दा अगाडि र योजना सम्पन्न भइसकेपछिको अवस्था बीचको तुलना गर्ने काम हो ।
- मूल्याङ्कन खासगरी तेस्रो पक्षबाट गरिन्छ ।

प्रभाव मूल्याङ्कनको आवश्यकता

- योजना तर्जुमा ठिक थियो कि थिएन भनी थाहा पाउन ।
- योजनाले लक्ष राखेका लाभग्राहीहरु लाभान्वित भए नभएको एकीन गर्न ।
- आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण लिन।
- योजना तर्जुमा र कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न ।
  योजनाबाट प्राप्त हुने फाइदालाई अधिकतम बनाउन

आयोजनाको प्रभाव मूल्याङ्कन देहाय बमोजिम गर्ने ब्यबस्था गरिनेछ

- ५ करोड भन्दा बढी लागतका आयोजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराइनेछ।
- वार्षिक अनुगमन योजनामा प्रभाव मूल्याङ्कन गर्नुपर्ने योजना समेत समावेश गरिनेछ ।
- प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरुको जानकारीको लागि सार्वजनिक गरिनेछ ।

## अनुसुचीहरु १

इस्मा गाउँपालिका

**इस्मा गाउँ कार्यपालिकाको कार्यालय**

इस्मारजस्थल, गुल्मी

**आय व्ययको विवरण**

आ.वा. २०७५/७६

अनुसूची-१ (क)

| शीर्षक | | आ.व. २०७३/७४ को यथार्थ | आ.व. २०७४/७५ को संसोधित अनुमान | आ.व. २०७५/७६ को अनुमान |
|---|---|---|---|---|
| **आय:** | | ५०१६२८७३.३ | १६००६१००० | १४७४४५००० |
| | **राजस्व:** | १५९१३८.०८ | ७१२१००० | ६५०५७००० |
| | आन्तरिक राजस्व | १५९१३८.०८ | ११३०००० | ३७१५००० |
| | राजस्व बाँडफाँडबाट प्राप्त रकम | | ० | ६१३४२००० |
| | गत वर्षको अल्या | | ५९९१००० | ० |
| | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | ५०००३७३५.२२ | १५२९४०००० | ८२३८८००० |
| | नेपाल सरकारबाट प्राप्त | ५०००३७३५.२२ | १५२९४०००० | ७८३००००० |
| | प्रदेश सरकारबाट प्राप्त | | ० | ४०८८००० |
| | अन्तर स्थानीय तहबाट प्राप्त | | | |
| | **जनसहभागिता:** | | | |
| | नगद सहभागिता | | | |
| | श्रम तथा वस्तुगत सहायता | | | |
| **व्यय:** | | ४१७६१७६२.९३ | १५७३९३३८१.६ | |
| | चालु खर्च | १७९०७९३५.९१ | १०८८१०९१७.६ | |
| | पूँजिगत खर्च | २३८५३८२७.०२ | ४८५८२४६४ | |
| **बजेट बचत ()रन्यून (-)** | | ० | ० | ० |
| | | | | |
| **वित्तीय व्यवस्था** | | ० | ० | ० |
| | **खुद ऋण लगानी** | ० | ० | ० |
| | ऋण लगानी (-) | | | |
| | ऋण लगानीको सावाँ फिर्ता प्राप्ती () | | | |
| | **खुद शेयर लगानी** | ० | ० | ० |
| | शेयर लगानी (-) | | | |
| | शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती () | | | |
| | **खुद ऋण प्राप्ती** | ० | ० | ० |
| | ऋणको साँवा भुक्तानी (-) | | | |
| | ऋण प्राप्ती () | | | |
| **अन्तिम बजेट बचत ()र न्यून (-)** | | ० | ० | ० |

इस्मा गाउँपालिका

**इस्मा गाउँ कार्यपालिकाको कार्यालय**

इस्मारजस्थल, गुल्मी

**राजस्व तथा अनुदान प्राप्तिको अनुमान**

आ.वा. २०७५/७६

अनुसूची-१ (ख)

| शिर्षक | | गत आ.व. २०७३/७४ को यथार्थ | चालु आ.व. २०७४/७५ को संशोधित अनुमान | आ.व. २०७५/७६ को अनुमान |
|---|---|---|---|---|
| **जम्मा** | | | | २८०९४५००० |
| | **राजस्वः** | | | ६५०५७००० |
| | **आन्तरिक राजस्वः** | | | ३७१५००० |
| ११३०० | सम्पति कर | | ० | १००००० |
| | घरबहाल कर | | १०००० | १००००० |
| | पार्किंग शुल्क | | ० | ० |
| | सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा) | | ५००००० | १८१५००० |
| | दस्तुर (स्थानीय तहबाट हुने सिफारिस लगायतमा) | | | ५००००० |
| | पर्यटन शुल्क | | | |
| | विज्ञापन कर | | | |
| | व्यवसाय कर | | ५००००० | ५००००० |
| | भूमिकर (मालपोत) | | ० | ३००००० |
| | दण्ड जरिवाना | | | |
| | मनोरञ्जन कर | | | |
| | बहाल विटौरी घर जग्गा कर | | ० | ० |
| | जडिबुटी, कवाडी र जीव जन्तु कर | | २५००० | ३००००० |
| | शेयर लगानीबाट प्राप्त लाभांश तथा पूँजिगत लाभ आय | | | |
| | ऋण लगानीबाट प्राप्त व्याज आय | | | |
| | अन्य | | १००००० | १००००० |
| | **राजस्व बाँडफाँडः** | | | ६१३४२००० |
| | राजस्व बाँडफाँड प्राप्ति ( | | | ६१३४२००० |
| | राजस्व बाँडफाँड हस्तान्तरण ( | | | ० |
| | **अन्य आयः** | | | ५९९१ |
| | साविक स्थानीय निकायबाट हस्तान्तरण भई प्राप्त रकम | | | ० |
| | | | | |
| | गत वर्षको नगद मौज्दात | | | ६०००००० |
| | **अन्तर सरकारी वित्तीय हस्तान्तरणः** | | | |
| | **नेपाल सरकारबाट प्राप्त अनुदानः** | | २४५७३०००० | २०२२००००० |
| | वित्तीय समानीकरण अनुदान | | १५२९४०००० | ७८३००००० |
| | सशर्त अनुदान | | ९२७९०००० | १२३९००००० |
| | समपूरक अनुदान | | ० | ० |
| | विशेष अनुदान | | ० | ० |
| | | | | |
| | सामाजिक सुरक्षा कार्यक्रम | | | |

| | | | | |
|---|---|---|---|---|
| | **प्रदेश सरकारबाट प्राप्त अनुदानः** | | ० | १३६८८००० |
| | वित्तीय समानीकरण अनुदान | | ० | ४०८८००० |
| | सशर्त अनुदान | | ० | ९६००००० |
| | समपूरक अनुदान | | ० | ० |
| | विशेष अनुदान | | ० | ० |
| | **अन्य स्थानीय तहबाट प्राप्त अनुदानः** | | | |
| | सशर्त अनुदान | | | |
| | समपूरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| | **जनसहभागिताः** | | | |
| | नगद सहभागिता | | | |
| | श्रम तथा वस्तुगत सहायता | | | |

इस्मा गाउँपालिका

**इस्मा गाउँ कार्यपालिकाको कार्यालय**

इस्मारजस्थल, गुल्मी

**व्यय अनुमान**

आ.वा. २०७५/७६

अनुसूची-१ (ग)

| शिर्षक | | आ.व. २०७३/७४ को यथार्थ | आ.व. २०७५/७६ को संसोधित अनुमान | आ.व. २०७५/७६ को अनुमान | श्रोत | | | | ऋण | जनसहभागिता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | | |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| **चालु खर्च** | | | | ३०८३४६८६.९ | | | | | | |
| २११११ | तलब | | | ८४२७६३०.९ | | | | | | |
| २११३२ | महंगी भत्ता | | | ५०४००० | – | | | | | |
| २११३१ | स्थानीय भत्ता | | | ६४२९६ | – | | | | | |
| २११३९ | अन्य भत्ता | | | २७९२००० | – | | | | | |
| २११२१ | पोशाक | | | २३२५०० | – | | | | | |
| २२१११ | पानी तथा विजुली | | | १३२००० | – | | | | | |
| २२११२ | सञ्चार महसुल | | | ५४०००० | – | | | | | |
| २८१४२ | घर भाडा | | | ६००००० | – | | | | | |
| २८१४९ | अन्य भाडा | | | ४८०००० | – | | | | | |
| २२२११ | इन्धन | | | ७६८००० | – | | | | | |
| २२२१२ | सञ्चालन तथा मर्मत सम्भार | | | ४५६००० | – | | | | | |
| २१२१३ | विमा | | | २००००० | – | | | | | |
| २२३११ | कार्यालय सम्बन्धी खर्च | | | १२९६००० | – | | | | | |
| २२३१४ | इन्धन तथा अन्य प्रयोजन | | | १२०००० | – | | | | | |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार | | | १५०००० | – | | | | | |
| २२४११ | परामर्श तथा अन्य सेवा शुल्क | | | ३५६०२६० | – | | | | | |
| २२४१४ | सरसफाइ तथा अन्य सेवा शुल्क | | | १००००० | – | | | | | |
| २२५२२ | कार्यक्रम खर्च | | | १५००००० | – | | | | | |
| २२६११ | अनुगमन तथा मूल्याङ्कन | | | १२००००० | – | | | | | |
| २२६१२ | सरुवा भ्रमण दैनिक भत्ता खर्च | | | १६८०००० | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २२७११ | विविध | | | ११७६००० | | | | | | |
| | न्यायिक समिति प्रशासनिक खर्च | | | ५००००० | | | | | | |
| २१११२ | पदाधिकारी तलब भत्ता | | | ४३५६००० | | | | | | |
| **३११३०** | **अन्य पूँजीगत खर्च** | | | | | | | | | |
| ३११३१ | पशुधन तथा बागवानी विकास खर्च | | | | | | | | | |
| ३११३२ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च एंव अन्य बौद्विक सम्पति प्राप्ति खर्च | | | | | | | | | |
| ३११५० | सार्वजनिक निर्माण | | | | | | | | | |
| ३११५१ | सडक तथा पुल निर्माण | | | | | | | | | |
| ३११५२ | रेलमार्ग तथा हवाई मैदान निर्माण | | | | | | | | | |

इस्मा गाउँपालिका

**इस्मा गाउँ कार्यपालिकाको कार्यालय**

इस्मारजस्थल, गुल्मी

**वित्तीय व्यवस्था अनुमान**

आ.व. २०७५/७६

अनुसूची-१ (घ)

| शीर्षक | | | | आ.व. २०७३/७४ को यथार्थ | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २०७५/७६ को अनुमान |
|---|---|---|---|---|---|---|
| **वित्तीय व्यवस्था:** | | | | | | |
| | **खुद ऋण लगानी** | | | | | |
| | ऋण लगानी (-) | | | | | |
| | ऋण लगानीको सावाँ फिर्ता प्राप्ती () | | | | | |
| | | | | | | |
| | **खुद शेयर लगानी** | | | | | |
| | शेयर लगानी (-) | | | | | |
| | शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती () | | | | | |
| | | | | | | |
| | **खुद ऋण प्राप्ती** | | | | | |
